- एकल महिला ६० वर्ष माथि : ६३
- पूर्ण अपाङ्गता भएका : १९
- अति अशक्त अपाङ्गता : ३५
- लोपोन्मूख आदिवासी जनजाती : २
- बालबालिका : ४५

**१३. विभिन्न समितिहरुको वैठक सम्बन्धी विवरण**

- वडा समितिको बैठक ४०
- वडा स्तरीय अनुगमन समितिको बैठक २१
- शिक्षा समितिको बैठक ४
- कृषि समितिको बैठक ४
- वडा स्तरीय बजार अनुगमन समितिको बैठक ४
- वडा स्तरीय विपद् समितिको बैठक २
- वडा स्तरीय स्वास्थ्य समितिको बैठक ११
- महिला स्वास्थ्य स्वयंसेविका बैठक १२
- विवाद तथा छलफल सम्बन्धी बैठक १५
- योजना तर्जुमा सम्बन्धी बैठक ४

**१४. समस्या र चुनौतिहरु**

- योजनामा कमजोर जनसहभागिता परिचालन,
- ग्रामिण क्षेत्रमा लागत सहभागिता तथा जनसहभागिता न्यून हुँदा योजनामा अपनत्व नदेखिएको,
- साना तथा मझौला कृषि फर्म व्यवसायलाई सहयोग गर्न नसकिएको,
- सेवा प्रवाहमा चुस्त प्रविधिको अभाव,
- युवा लक्षित स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गर्न नसकिएको,
- नागरिक वडापत्रका विषयमा सेवाग्राहीलाई सुसूचित गर्न नसकिएको,
- स्थानीय सम्भाव्यता भएका र भइरहेका कृषि उत्पादनहरुको बजारसँग समन्वय गर्न नसकिएको,
- जनताका आवश्यकता धेरै र न्यून बजेट ।

# व्यास नगरपालिका वडा नं.११ को आ.व.२०८०।८१ को वार्षिक प्रगति प्रतिवेदन

१. **परिचय :** व्यास नगरपालिका वडा नं.११ व्यास नगरपालिका अन्तर्गतको एक प्रशासनिक इकाई हो । जसले आफ्नो क्षेत्रभित्रका नागरिकहरुलाई विभिन्न सरकारी सेवाहरु उपलब्ध गराउने काम गर्दछ । यस वडाको प्रमुखमा वडा अध्यक्ष श्री दलबहादुर दुरा हुनु हुन्छ । व्यास नगरपालिका अन्तर्गतको भौगोलिक हिसाबले दोस्रो ठूलो वडा हो । यस वडा अर्धशहरी वडामा पर्दछ । यस वडामा सेन राजाहरुले शासन गरेको ऐतिहासिक तनहुँसुर दरबार, भगवतीपानी मन्दिर, निर्वु वराह मन्दिर तथा चमेरो गुफाले जस्ता धार्मिक तथा पर्यटकीय सम्भावना बोकेका स्थलहरु रहेका छन् । स्वास्थ्य, शिक्षा, खानेपानी तथा विद्युतको पहुचँ यहाँका वडाबासीहरुमा रहेको छ । यस वडाका वडाबासीहरुको मुख्य आम्दानीको स्रोतको रुपमा कृषि रहेको छ । यहाँ रहेका व्यवसायहरुमा मुख्यतः ढुङ्गा कटिङ, कुखुरा फर्म, भैंसी फर्म रहेका छन् भने प्रायले निर्वाहमुखी नगदेवाली गर्ने गर्दछन् । व्यास नगरपालिका वडा नं.११ स्थित पैंतीस वटा टोल विकास संस्था रहेका छन् ।

२. **वडामा रहेका पदाधिकारी तथा कर्मचारीको विवरण :**

| | | | |
|---|---|---|---|
| १. | वडा अध्यक्ष | दल बहादुर दुरा | ९८४६५४१०९९ |
| २. | वडा सदस्य | रामकृष्ण अधिकारी | ९८४६०९१०९६ |
| ३. | वडा सदस्य | इन्दिरा अधिकारी | ९८०५८५२३७७ |
| ४. | वडा सदस्य | कमला बि.क. | ९८१९१५१६५६ |
| ५. | वडा सदस्य | गोकुल दुरा | ९८४६०८६२०६ |
| ६. | वडा सचिव | लक्ष्मी अधिकारी | ९८४६७७३४५६ |
| ७. | इन्जिनियर | सुनिल राना | ९८४६०११६०५ |
| ८. | सहायक कर्मचारी | मैना अधिकारी | ९८०४१९०६८९ |
| ९. | न.प्र.स. | प्रिया भण्डारी | ९८४६९११९५७ |
| १०. | न.प्र.स. | राजन थापा | ९८६८१८२२९६ |
| ११. | कार्यलय सहयोगी | रामचन्द्र कोइराला | ९८४६०५५१५८ |
| १२. | कार्यलय सहयोगी | मानकाजी श्रेष्ठ | ९८०४१५७८५५ |

३. **वार्षिक आम्दानी :** रु.३४,३०,४०७

४. **दर्ता र चलानी :** दर्ता संख्या ३,३६० र चलानी संख्या ३,४०७

## खण्ड क : पूर्वाधार निर्माणतर्फ

५. **सडक**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभान्वित संख्या |
|---|---|---|---|---|
| १. | कच्ची सडक | मिटर | २६६९।५० | **५००** |
| २. | ग्राभेल सडक | मिटर | ३०३२।०० | ८०० |

| | | | | |
|---|---|---|---|---|
| ३. | पक्की सडक (कालोपत्रे\ढलान) | मिटर | ५८७२० | १००० |
| ४. | सडक मर्मत | मिटर | ४१२२।०० | २५०० |
| ५. | बाटो चौडा | मिटर | २४३२।०० | ६०० |

**६. कल्भर्ट**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभान्वित संख्या |
|---|---|---|---|---|
| १. | **कल्भर्ट** | संख्या | १ | **२००** |

**७. नाला**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभावन्ति संख्या |
|---|---|---|---|---|
| १. | पक्की नाला निर्माण | मिटर | ३८७८६ | **८००** |
| २. | कच्ची नाला निर्माण | मिटर | १६२५।०० | १००० |
| ३. | नाला मर्मत | मिटर | १७९४।०० | १५०० |

**८. खानेपानी**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभावन्ति संख्या |
|---|---|---|---|---|
| १. | नयाँ खानेपानी योजना | संख्या | **२** | **६०** |
| २. | धारा निर्माण | संख्या | **५** | २५ |
| ३. | टंकी निर्माण | संख्या | **४** | २९० |
| ४. | पाइप खरिद | मिटर | **६३८** | ६०० |
| ५. | मर्मत सम्भार | संख्या | १ | २५ |

**९. भवन**

**(क) शिक्षातर्फ**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभावन्ति संख्या |
|---|---|---|---|---|
| १. | सामग्री खरिद | सख्या | ६ | ५०० |
| २. | फर्निचर खरिद | सख्या | १ | २५ |
| ३. | ल्यापटप खरिद | सख्या | २ | ७० |
| ४. | स्मार्ट टि.भी. खरिद | सख्या | १ | ४० |
| ५. | आई.सि.टी. ल्याव | सख्या | २ | २०० |

**(ख) सामुदायिकतर्फको भवन**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभावन्ति संख्या |
|---|---|---|---|---|
| १. | नयाँ भवन निर्माण | संख्या | १ | ४० |
| २. | कोठा/तला थप | संख्या | २ | १०० |
| ३. | मर्मत | संख्या | २ | २०० |

**१०. सिंचाई**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभावन्ति संख्या |
|---|---|---|---|---|
| १. | नयाँ कुलो निर्माण | मिटर | ३०१।२० | ६० |

## ११. विद्युत

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभावन्ति संख्या |
|---|---|---|---|---|
| १. | विद्युत लाइन विस्तार | मिटर | १५०० | १००० |
| २. | सडक बत्ती जडान/मर्मत | संख्या | २२ | १००० |

## १२. अन्य

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभावन्ति संख्या |
|---|---|---|---|---|
| १. | सुरक्षित आवास | संख्या | ५ | २५ |
| २. | सम्पत्ति मूल्याङ्कन | संख्या | ४ | ३ |
| ३. | विपद् | संख्या | १ | ५ |
| ४. | स्ल्याव ढलान | संख्या | १ | ३० |
| ५. | स्टिल रेलिङ्ग | मिटर | ५२.५ | ५० |
| ६. | घेरावार | मिटर | ११३.९ | ६० |
| ७. | छाना मर्मत | संख्या | ३ | १५ |
| ८. | इनार निर्माण | संख्या | १ | ५ |
| ९. | कृषि तथा भेटनरी | संख्या | ५ | २५ |
| १०. | सोलार खरिद | संख्या | १ | ५ |
| ११. | खेल मैदान | संख्या | १ | ५० |
| १२. | चर्पि निर्माण | संख्या | ४ | ५० |
| १३. | सिढि निर्माण | संख्या | १३५ | ३० |
| १४. | मन्दिर | संख्या | ३ | ५० |
| १५. | ग्याविन जाली | संख्या | ८३ | ५५ |
| १६. | रिटेनिङ गारो | मिटर | ११८.६ | २५ |
| १७ | ह्युमपाइप (४५ र ६० एमएम) | संख्या | ६ | ७० |

## १३. सारांस

| सि.नं. | कार्यक्रमको विवरण | संख्या | बजेट |
|---|---|---|---|
| १. | वडा स्तरीय योजना | ३८ | ७६,५०,०००। |
| २. | कार्यपालिका बैठक निर्णय योजना | २१ | २६,३०,१६०।७५ |
| ३. | वडा समिति बैठक निर्णय योजना | ३८ | १३,९६,७६०।०० |
| ४. | नगर स्तरीय योजना | ६ | ६४,५०,०००।०० |
| ५. | संघ स्तरीय योजना | २ | ९,७५,०००।०० |
| ६. | सुरक्षित आवास योजना | ६ | ४,५०,०००।०० |
| ७. | कृषि तथा भेटनरी योजना | ५ | ३,४५,०००।०० |
| ८. | अन्य कार्यालय योजना | १ | २,००,०००।०० |
| ९. | माग गरिएको योजना (केन्द्र, प्रदेश र नगरपालिका) | ८२ | ४९,००,५९,३०१।९१ |
| | जम्मा | २०३ | ५१,०१,५६,२२२।६६ |

## खण्ड ख : अन्य कार्यक्रम तर्फ

**१४. तालिम सम्बन्धी (आय तथा सीपमूलक कार्यक्रम : (खर्च रु. हजारमा)**

| सि.नं. | कार्यक्रम | इकाई | परिमाण | | खर्च |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | |
| १. | महिलाका लागि ५ दिने अचार बनाउने तालिम | जना | ३५ | ० | ११२ |

**१५. क्षमता विकास सम्बन्धी कार्यक्रम (खर्च रु. हजारमा)**

| सि.नं. | कार्यक्रम | इकाई | परिमाण | | खर्च |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | |
| १. | वडास्तरीय आधारभूत तह हाजिरी जवाफ प्रतियोगिता | | ११ | १३ | ३० |
| २. | सामुदायिक वन तथा विभिन्न संघ संस्थाका अध्यक्ष र सचिव लगायतलाई माइन्यूट, प्रतिवेदन र लेखा व्यवस्थापन तालिम | जना | | | ४५ |

**१६.कृषि तथा पशुपंक्षी विकास सम्बन्धी कार्यक्रम (खर्च रु. हजारमा)**

| सि.नं. | कार्यक्रम | इकाई | परिमाण | खर्च |
|---|---|---|---|---|
| १. | भेटेरिनरी औषधी तथा पशु स्वास्थ्य सामग्री खरिद | जना | ५८ | २५०। |
| २. | ५० प्रतिशत अनुदानमा गहुँ तथा तोरीको बिउ वितरण | जना | २५० | ५७। |

**१७. अन्य कार्यक्रम (खर्च रु. हजारमा)**

| सि.नं. | कार्यक्रम | इकाई | परिमाण | खर्च |
|---|---|---|---|---|
| १. | अति विपन्न दलित परिवारको स्वास्थ बिमा | जना | २७ | १०० |

## खण्ड ग: विविध

**१८. व्यक्तिगत घटना दर्ता विवरण**

(क) जन्म दर्ता : महिला ५०, पुरुष ५९ जम्मा १०९ जना
(ख) मृत्यु दर्ता : महिला २६, पुरुष ३२ जम्मा ५८ जना
(ग) विवाह दर्ता : ६९
(घ) सम्बन्ध विच्छेद : १२
(ङ) बसाई सराई : आएको दर्ता १२, आएको सदस्य संख्या ४७ र गएको दर्ता २७, गएको सदस्य संख्या १०३

**१९. सामाजिक सुरक्षा भत्ता सम्बन्धी विवरण**

| सि.न. | विवरण | लाभग्राही संख्या | वितरित रकम रु. |
|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक (दलित) | ८८ | २६,१६,४१०। |
| २ | अन्य ज्येष्ठ नागरिक | ५३६ | २,४८,५१,२०५। |
| ३ | एकल महिला (६० वर्ष मनि) | ६३ | १९,५१,७९८। |
| ४ | एकल महिला (६० वर्ष माथि) | १०१ | ३७,०८,०४०। |
| ५ | पूर्ण अपाङ्गता भएको | १९ | ८,४९,८७०। |
| ६ | अति अशक्त अपाङ्गता | १९ | ४,४०,४९६। |
| ७ | दलित बालबालिका | ८८ | ६,०३,६८२। |
| | **जम्मा** | | **३,५०,२१,५०१।** |

## २०.वडामा भएको विवाद सम्बन्धी विवरण :

| विवाद संख्या | मिलाएको विवाद संख्या | न.पा.मा पठाएको विवाद संख्या |
|---|---|---|
| ३ | १ | २ |

## २१. बैठक सम्बन्धी विवरण :

| सि.नं. | समितिको नाम | इकाई | बैठक संख्या | बैठकको निर्णय संख्या |
|---|---|---|---|---|
| १ | वडा समितिको बैठक | संख्या | ३७ | ५४ |
| २ | वडा स्तरीय अनुगमन समितिको बैठक | संख्या | ४६ | ७५ |
| ३ | अन्य समिति बैठक | संख्या | ५ | ६ |

## २२. वडाले गरेको उल्लेखनीय कार्य

- स्थानीय पूर्वाधार विकास: वडाले स्थानीय सडक, पुल, खानेपानी व्यवस्था, नाली निर्माण तथा सार्वजनिक स्थानहरूको सुधारमा उल्लेखनीय काम गरेको छ, यसले स्थानीय विकासलाई तीव्रता दिएको छ,
- सिपमूलक तथा क्षमता अभिबृद्धि तालिम तथा कार्यक्रम संचालन,
- सामाजिक सुरक्षा कार्यक्रमहरू : वडाले वृद्ध, एकल महिला, अपांगता भएका व्यक्तिहरू, तथा अन्य संवेदनशील समूहहरूलाई लक्षित गरी विभिन्न सामाजिक सुरक्षा कार्यक्रमहरू लागू गरेको छ, जसले तिनीहरूको जीवनस्तरमा सुधार ल्याएको छ,
- प्राकृतिक विपद् व्यवस्थापन : वडाले विपद् जोखिम न्यूनीकरणका लागि विभिन्न सचेतना कार्यक्रमहरू सञ्चालन, आपतकालीन सहायताको व्यवस्था तथा विपद्-प्रभावित क्षेत्रहरूको पुनःस्थापना जस्ता कार्यहरू प्रभावकारी रूपमा सम्पन्न गरेको छ,
- सरकारी सेवाहरूको स्थानीयकरण: वडाले नागरिकता प्रमाणपत्र, जन्म, मृत्यु, विवाह, बसाइँसराइ जस्ता विभिन्न प्रमाणपत्रहरूको दर्ता तथा वितरण स्थानीय स्तरमै उपलब्ध गराउँदै सरकारी सेवाहरूलाई जनताको घरआँगनसम्म पुर्‍याएको छ।

## २३. वडाले अनुभूत गरेका समस्या :

- आर्थिक स्रोतको अभाव: वडाको आर्थिक स्रोत सीमित हुने हुँदा आवश्यक विकास कार्यहरू पूरा गर्न कठिनाइ हुन्छ । पर्याप्त बजेट र स्रोतसाधन अभावका कारण पूर्वाधार विकास, सामाजिक सेवाहरूमा वडाले सबै क्षेत्र समेट्न नसक्ने स्थिति आउन सक्छ,
- जनशक्ति र सीपको कमी: वडामा दक्ष र अनुभवी जनशक्तिको अभावले गर्दा सेवाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न चुनौती आउँछ । प्रशिक्षित जनशक्तिको कमीले विकास योजनाहरूको कार्यान्वयनमा ढिलासुस्ती हुन सक्छ ।
- प्राकृतिक विपद् र जोखिम : वडाले बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक विपद्को सामना गर्नु पर्ने हुन्छ। विपद् व्यवस्थापनमा पर्याप्त तयारीको अभावले विप द्पछिको पुनः स्थापना र प्रभावित जनताको व्यवस्थापनमा कठिनाइ हुन्छ ।
- कानुनी र प्रशासनिक चुनौतीहरू: वडाले कतिपय कानूनी र प्रशासनिक चुनौतीहरू पनि भोग्नुपर्छ । नीति तथा कानुनी प्रावधानहरूको अस्पष्टता, कार्यान्वयनमा समन्वयको अभाव र कानुनी प्रक्रियाहरूको जटिलताले वडाको कामकाजमा अवरोध उत्पन्न गर्छ ।

# व्यास नगरपालिका वडा नं.१२ को आ.व.२०८०।८१ को वार्षिक प्रगति प्रतिवेदन

१. **परिचय :** गण्डकी प्रदेश तनहुँ जिल्ला व्यास नगरपालिका कार्यालय दमौली सदरमुकामदेखि ५ कि.मी. पूर्वमा रहेको यस व्यास नगरपालिका वडा नं.१२ पर्दछ । यसको पूर्व सिमानामा बन्दीपुर गाउँपालिका वडा नं.१, पश्चिममा व्यास नगरपालिका वडा नं.१, उत्तरमा भानु नगरपालिका वडा नं.५ र व्यास नगरपालिका वडा नं.११ र दक्षिणमा छाब्दी खोला व्यास नगरपालिका १३ र १४ सिमाना पर्दछन् । विभिन्न समयमा देशको राजनीतिक तथा भौतिक संरचनासँगै यस वडाको भौतिक सिमाना र नाम पनि हेरफेर हुँदै आएको छ । २०१७ सालमा कर्लुङ पञ्चायत, २०३३ सालमा घाँसीकुवा गाउँ पञ्चायत, २०४६ सालमा प्रजातन्त्र स्थापना भए पश्चात् घाँसीकुवा गा.वि.स. र २०७३ फागुन २७ गतेदेखि लोकतन्त्रको प्राप्तिसँगै देशको पुन: संरचनाबाट घाँसीकुवा गा.वि.स. वडा नं.२, ३, ४, ५, ७ र ८ व्यास नगरपालिका वडा नं.१२ हुन पुग्यो । यस वडा पूर्वदेखि पश्चिम १२ कि.मी र उत्तरदेखि दक्षिण ८ कि.मी.मा फैलिएको छ । यसको धेरै जसो भू–भाग डाँडापाखा र वनजंगलले ढाकिएको छ । यस वडामा ब्राम्हण, क्षेत्री, नेवार, मगर, गुरुङ, तामाङ, चेपाङ र दलित जातीहरुको बसोबास रहेको छ । यहाँ आफ्नै किसिमको भाषा धर्म, सस्कृति भएपनि सामुदायिक रुपमा हिन्दू धर्म मान्नेहरुको बाहुल्यता रहेको छ । यहाँको मुख्य पेशा कृषि, व्यापार, जागिर र वैदेशिक रोजगारमा निर्भर रहेका छ । यहाँ निम्न वर्गीयहरुको संख्या अधिक भएको हुँदा आत्मनिभर बनाउन कृषि, पशु, घरेलु व्यवसाय र पर्यटन प्रवद्धन व्यवस्थापन गराउन पर्ने देखिन्छ ।

घाँसीकुवा पार्क, कर्लुङ कोटकालिका, अशोक गुफा, भंगेरस्थान जस्ता धार्मिक तथा ऐतिहासिक स्थलहरु, प्राकृतिक सौन्दर्यहरु र विभिन्न सांस्कृतिक महत्वले गर्दा यस वडाको चौतर्फि विकासका लागि दमौलीदेखि छाब्दी बाराही आउने पक्की सडक खण्ड धेरै भाग यसै वडाको दक्षिण भागमा पर्दछ । यहाँ भानु प्राणी उत्थान प्राधिकरणको काम यसै वडाको उत्तर सिमानामा निर्माण कार्य संचालनमा रहेको छ । साथै यस वडाबाट उपलव्ध गराउने सेवा प्रदायक सामाजिक संघ संस्थाहरुमा विद्यालय ९, स्वास्थ्य चौकी १, सामुदायिक स्वास्थ्य केन्द्र १, आमा समूह १७, सामुदायिक वन ७, क्लव ११, मेलमिलाप केन्द्र १, टोल विकास संस्था १२ रहेका छन् ।

यस वडाको प्रत्येक आ.व.मा योजना छनौट गर्दा टोल विकास संस्थाहरुको टोल भेलाबाट छनौट भई आए बमोजिम कृषि, शिक्षा, खानेपानी, सडक, नाला, ग्राभेल, भवन लगायतका पूर्वाधार निर्माणका लागि बजेट विनियोजित गर्ने व्यवस्था मिलाइएको छ ।

लोकतान्त्रिक पद्धतिबाट सम्पन्न निर्वाचनबाट यस वडाको जनप्रतिनिधिहरु भइरहँदा वडाबासीहरुको इच्छा आकांक्षा पुरा गराउने हाम्रो कर्तव्य यहाँको सम्पूर्ण मागहरुलाई सम्बोधन गर्ने अथक प्रयास गर्दा गदै पनि सिमित साधन श्रोतले जे जति उपलव्ध हासिल भयो त्यही नै हाम्रो सफलता सन्तुष्ट पूर्ण कार्यमा अगाडि बढाउन सकिएको छ ।

२. **वडामा भएको आम्दानी** : रु.१५,९६,०५०।

३. **दर्ता संख्या:** १९०० **र चलानी संख्या** :२११९

**खण्ड क : पूर्वाधार निर्माणतर्फ**

४. **सडक**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभावन्ति संख्या |
|---|---|---|---|---|
| १. | कच्ची सडक | मिटर | २१३० | |
| २. | ग्राभेल सडक | मिटर | १६४० | |

| | | | | |
|---|---|---|---|---|
| ३. | सडक मर्मत | मिटर | ६७६० | |

**५. कल्भर्ट/बक्स पुल/पक्की पुल निर्माण**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभावन्ति संख्या |
|---|---|---|---|---|
| १. | कल्भर्ट निर्माण | संख्या | ३ | |

**६. नाला निर्माण**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभावन्ति संख्या |
|---|---|---|---|---|
| १. | पक्की नाला निर्माण | मिटर | ११५३ | |
| २. | कच्ची नाला निर्माण | मिटर | २२३० | |
| ३. | नाला मर्मत | मिटर | ९२ | |

**७. खानेपानी**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभावन्ति संख्या |
|---|---|---|---|---|
| १. | नयाँ खानेपानी योजना | संख्या | २ | |
| २. | धारा निर्माण | संख्या | २ | |
| ३. | टंकी निर्माण | संख्या | ३ | |
| ४. | पाइप खरिद | मिटर | २२५० | |
| ५. | मर्मत सम्भार | संख्या | ६ | |

**८. भवन**

**सामुदायिक भवनतर्फ**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभावन्ति संख्या |
|---|---|---|---|---|
| १. | नयाँ भवन निर्माण | संख्या | २ | |
| २. | कोठा/तला थप | संख्या | १ | |
| ३. | मर्मत | संख्या | ४ | |

**९. सिंचाई**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभावन्ति संख्या |
|---|---|---|---|---|
| १. | नयाँ कुलो निर्माण | मिटर | ५० | |

## खण्ड ख : अन्य कार्यक्रम तर्फ

**१०. कृषि तथा पशुपंक्षी विकास सम्बन्धी कार्यक्रम**

| सि.नं. | कार्यक्रमको नाम | इकाई | परिमाण | खर्च |
|---|---|---|---|---|
| १. | पशु औषधी खरिद | | | १ लाख |
| २. | टनेल खरिद | | | ५० हजार |

## खण्ड ग : विविध

**११. व्यक्तिगत घटना दर्ता**

| विवरण | महिला | पुरुष |
|---|---|---|
| जन्म दर्ता संख्या | १७ | ३३ |
| मृत्यु दर्ता संख्या | १६ | २५ |

| बसाई सराई | आएको दर्ता संख्या | आएको सदस्य संख्या | गएको दर्ता संख्या | गएको सदस्य संख्या |
|---|---|---|---|---|
| | ९ | | ८ | |

| | |
|---|---|
| विवाह संख्या | ३९ |
| सम्बन्ध विच्छेद संख्या | ११ |

**१२. सामाजिक सुरक्षा भत्ता सम्बन्धी विवरण**

| सि.नं. | विवरण | लाभग्राही संख्या | वितरित रकम रु. |
|---|---|---|---|
| १. | ज्येष्ठ नागरिक (दलित) | ६१ | |
| २. | अन्य ज्येष्ठ नागरिक | ३४३ | |
| ३. | एकल महिला (६० वर्ष मुनि) | ९९ | |
| ४. | एकल महिला (६० वर्ष माथि) | ६३ | |
| ५. | पूर्ण अपाङ्गता भएका | ६ | |
| ६. | अति अशक्त अपाङ्गता | २२ | |
| ७. | बालबालिका | ६९ | |

**१३. वडामा भएको विवाद सम्बन्धी विवरण**

| विवाद संख्या | मिलाएको विवाद संख्या | नगरपालिकामा पठाएको विवाद संख्या |
|---|---|---|
| ४ | ४ | |

**१४. बैठक सम्बन्धी विवरण**

| सि.नं. | समितिको नाम | इकाई | बैठक संख्या | बैठकको निर्णय संख्या |
|---|---|---|---|---|
| १ | वडा समितिको बैठक | संख्या | ३६ | |
| २ | वडा स्तरीय अनुगमन समितिको बैठक | संख्या | ३० | |
| ३ | अन्य समितिको बैठक | संख्या | ५ | |

**१५. वडाले गरेका उल्लेखनीय कार्य (बढिमा ५ वटा)**

- वडा भित्र आइपर्ने विभिन्न समस्याको विषयमा जनप्रतिनिधिको परामर्श अनुसार काम गरिने
- योजना छनौट देखि सामाजिक सुरक्षा भत्ता वितरणको समयमा जनप्रतिनिधिको अनिवार्य उपस्थितिबाट काम गरिएको ।
- विपद्को समयमा जनप्रतिनिधि, कर्मचारी, टोल अध्यक्ष स्वम उपस्थित भई काम गरिएको ।

**१६. वडाले अनुभूत गरेका समस्या (बढिमा ५ वटा)**

- बाटोको कारण समयमा विपद् भएको ठाउंमा पुग्न नसकिने
- विद्युत, खानेपानी, सडक, इन्टरनेटको कारण जनताको जनगुनासो सम्बोधन गर्न नसिएको

# व्यास नगरपालिका वडा नं.१३ को आ.व.२०८०।८१ को वार्षिक प्रगति प्रतिवेदन

१. परिचयः गण्डकी प्रदेश तनहुँ जिल्लाको सदरमुकाम दमौलीदेखि करिब ५ किलो मिटर पूर्व दक्षिण दिशामा रहेको व्यास नगरपालिका वडा नं.१३ को पूर्वमा वडा नं.१४, पश्चिममा सेती मादी, उत्तरमा व्यास नगरपालिका वडा नं. १ र १२ र दक्षिणमा १४ नं. चार किल्ला भित्र अवस्थित रहेको व्यास १३ विभिन्न समयका बावजुद देशको राजनैतिक तथा भौगोलिक संरचनाको परिवर्तनसँगै यस वडाको भौगोलिक सिमाना र नाउँमा पनि हेरफेर हुँदै आएको साविक केशवटार गा.वि.स. वि.सं. २०४९ सालको स्थानीय निर्वाचन पश्चात् साविक केशवटार वडा नं. ५, ६ र ७ को पोखरीभञ्ज्याङ गा.वि.स. कायम भएको र पोखरीभञ्ज्याङ गा.वि.स. मिति २०७२ सालको मन्त्रीपरिषदको निर्णय अनुसार व्यास नगरपालिका १२, १३ र १४ वडा कायम भई मिति २०७३ सालमा पुन व्यास नगरपालिका वडा नं. १३ कायम हुन आएको हो। राष्ट्रिय जनगणना २०७८ अनुसार यस वडाको महिला जनसंख्या २,१६३ र पुरुष १,८१५ गरी जम्मा ३,९७८ रहेको छ । यस वडाको पर्यटकीय र धार्मिक स्थल अन्तर्गत कालिका मन्दिर, थानीमाइ मन्दिर, सिद्दगुफा विभिन्न ऐतिहासिक स्थानहरु लगायत प्राकृतिक सौन्दर्यताले भरिपूर्ण यस वडामा विभिन्न जातजाति, भाषाधर्म, संस्कृति मान्ने व्यक्तिहरुको बसोबाससँगै विशेष गरी मगर जातीको बाहुल्यता भएको पाइन्छ । यस्ता विविध सांस्कृतिक महत्वले गर्दा यहाँको चौतर्फी विकासको लागि भरपुर सम्भावना रहेको यस व्यास १३ दमौलीदेखि सुखौरा केशवटारसम्म पक्की मोटर बाटो रहेको छ । यस वडामा सरकारी विद्यालय ५ वटा, बाल विकास २, स्वास्थ्य चौकी १, आमा समूह १५, बाल क्लब युवा क्लब जम्मा ९, सामुदायिक वन ९ र टोल विकास संस्था १९ रहेको छ । प्रत्येक आर्थिक वर्षको योजना छनौट गर्दा १९ वटै टोल विकास संस्थाबाट छनौट भई आए बमोजिम प्राथमिकताका आधारमा शिक्षा, स्वास्थ्य, खानेपानी, आयआर्जनमूलक तालिम, पर्यटन तथा क्षमता विकास जस्ता विभिन्न क्षेत्रहरुमा विनियोजन तथा बाँडफाँड भएको छ ।

२. वार्षिक आम्दानी रु.१६,६८,४७४.५६

३. दर्ता र चलानीः दर्ता संख्या २०९५ र चलानी संख्या २०६६

<u>खण्ड कः पूर्वाधार निर्माणतर्फ</u>

**४. सडक**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभान्वित संख्या |
|---|---|---|---|---|
| १. | कच्ची सडक | मिटर | **२८९० मि.** | **८५०** |
| २. | ग्राभेल सडक | मिटर | १६९० मि. | ११०० |
| ३. | पक्की सडक (कालोपत्रे\ढलान) | मिटर | ४२०० मि. | २२०० |
| ४. | सडक मर्मत | मिटर | ८५०० मि. | ३५०० |

**५. कल्भर्ट**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभान्वित संख्या |
|---|---|---|---|---|
| १. | कल्भर्ट | संख्या | १ | २८० |
| २. | मर्मत | संख्या | २ | ७५० |

**६. नाला निर्माण**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभान्वित संख्या |
|---|---|---|---|---|
| १. | पक्की नाला निर्माण | मिटर | **१८६** | **७५० जना** |

| | | | | |
|---|---|---|---|---|
| २. | कच्ची नाला निर्माण | मिटर | ८०० | ४०० जना |
| ३. | नाला मर्मत | मिटर | ४५० | ८०० जना |

**७. खानेपानी**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभान्वित संख्या |
|---|---|---|---|---|
| १. | नयाँ खानेपानी योजना | संख्या | **२** | **३५ जना** |
| २. | धारा निर्माण | संख्या | २९ | २५० जना |
| ३. | टंकी निर्माण | संख्या | ३ | ११० जना |
| ४. | पाइप खरिद | मिटर | ४२६० | २४०० जना |
| ५. | मर्मत सम्भार | संख्या | १ | १६० जना |

**८. भवन**

**क. सामुदायिक भवन तर्फ**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभान्वित संख्या |
|---|---|---|---|---|
| १. | नयाँ भवन निर्माण | संख्या | **४** | **२७५० घर धुरी** |
| २. | कोठा \ तला थप | संख्या | १ | १०० |
| ३. | मर्मत | संख्या | १ | ६५ घर धुरी |

**९. सिंचाई**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभान्वित संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | मर्मत | मिटर | २९० | ७५ जना | एच.डि.पी. पाइप |

**१०. विद्युत**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभान्वित संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | विद्युत लाइन विस्तार | मिटर | ५००० | १६५० जना | |

**११. अन्य**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभान्वित संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | मन्दिर निर्माण | संख्या | २ | ३५० जना | |

**१२. क्षमता विकास सम्बन्धी कार्यक्रम खर्च रु.हजारमा**

| सि.नं. | कार्यक्रमको नाम | इकाई | परिमाण | | खर्च |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | |
| १. | **नेतृत्व विकास सम्बन्धी तालिम** | **जना** | **३८** | | **१२०।** |
| २. | Class Room Langauge (५ विद्यालयमा ) | जना | २२ | १८ | |
| ३. | शिक्षामा प्रयोग हुने नवीनतम विधि सम्बन्धी तालिम | जना | १२ | ८ | |

**१३. कृषि तथा पशुपंक्षी विकास सम्बन्धी कार्यक्रम**

| सि.नं. | कार्यक्रमको नाम | इकाई | परिमाण | खर्च |
|---|---|---|---|---|
| १. | **७५ प्रतिशत अनुदानमा जनजागृति मा.वि.मा एभोकाडो** | वटा | **२३५** | |
| २. | ७५ प्रतिशत अनुदानमा बेनिमित्र आ.वि.मा सुन्तला | वटा | ५०० | |
| ३. | ७५ प्रतिशत अनुदानमा रिप बस्ती आमा समूहलाई सुन्तला | वटा | ५०० | |
| ४. | ७५ प्रतिशत अनुदानमा बाल कल्याण आ.वि.मा सुन्तला | वटा | ९५० | |
| ५. | ५० प्रतिशत अनुदानमा तरकारीको विउ विजन वितरण | वटा | ५० | |
| ६. | शिखर्दी आमा समूह सुन्तला | वटा | ५०० | |
| ७. | **थुनेलोमार सर्जरी** | संख्या | **७१४** | |
| ८. | औषधी विरण पशुपंक्षी संख्या | संख्या | ७५९० | |
| ९. | औषधी वितरण कृषक घरधुरी संख्या | संख्या | २५४१ | |
| १०. | बन्ध्याकरण | संख्या | २२६ | |
| ११. | कृत्रिम गर्भाधान (गाई, भैंसी र बाख्रा) | संख्या | ३२ | |
| १२. | भडारे (प्रोल्याप्स) | संख्या | ७ | |
| १३. | डिस्टोकिया | संख्या | ५ | |
| १४. | थुनेलो | संख्या | १० | |
| १५. | साल अड्कने | संख्या | ११ | |
| १६. | रेविज रोग विरुद्द | संख्या | ३४ | |
| १७. | भेटेनरी औषधी खरिद | पटक | १ | रु.१५०००० |
| १८. | अन्य उपचार | संख्या | ६५३ | |
| १९. | एसओएस मार्फत संचालन तालिममा सहजीकरण | जना | २५ | |
| २०. | गरिबसँग विश्वेश्वरबाट बंगुर पाठापाठी वितरण | संख्या | २२ | |

**१४. अन्य कार्यक्रम**

| सि.नं. | कार्यक्रमको नाम | इकाई | परिमाण | खर्च |
|---|---|---|---|---|
| १. | **फोहोरमैला सूक्ष्म वर्गीकरण सम्बन्धी ७ दिने चेतनामूलक तालिम** | **जना** | **२१०** | **५५,०००।** |
| २. | एसओएस बालग्राम नेपालको सहकार्यमा व्यास १३ र १४ का सम्पूर्ण शिक्षकहरुलाई उत्प्रेरणा कार्यक्रम | जना | ७३ | |
| ३. | व्यास १३ का जनप्रतिनिधि, शिक्षा समिति, शिक्षा सुधार समिति, विद्यालय व्यवस्थापन समिति, सम्पूर्ण शिक्षक र शिक्षक | जना | ८८ | |

| | | | | |
|---|---|---|---|---|
| | अभिभावक संघ बीच अन्तर्क्रिया कार्यक्रम | | | |
| ४. | बेलबासमा नकुहिने फोहोर संकलन डिपो | संख्या | १ | २०००००। |

## १५. व्यक्तिगत घटना दर्ता विवरण

(क) जन्म दर्ता : महिला ४४, पुरुष ५१ जम्मा ९५ जना
(ख) मृत्यु दर्ता : महिला २८, पुरुष २२ जम्मा ५० जना
(ग) विवाह दर्ता : ५९
(घ) सम्बन्ध विच्छेद : ९
(ङ) बसाई सराई : आएको दर्ता ११, आएको सदस्य संख्या ४४ र गएको दर्ता १०, गएको सदस्य संख्या ३०

### १६. सामाजिक सुरक्षा भत्ता सम्बन्धी विवरण

| सि.नं. | विवरण | लाभग्राहीको संख्या | वितरित रकम |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक दलित | **६३** | **१९,३५,८३८.००** |
| २ | अन्य जेष्ठ नागरिक | २९३ | १,३७,२०,७६८.०० |
| ३ | एकल महिला ६० वर्ष मुनी | ५० | ३१,५७,४२०.०० |
| ४ | एकल महिला ६० वर्ष माथि | | १६,८६,४४०.०० |
| ५ | पूर्ण अपाङ्गता भएका | १०१ | ३,३३,७३८.०० |
| ६ | अति अशक्त अपाङ्गता | २१ | ४,९१,५६८.०० |
| ७ | बालबालिका | ९३ | ५,८०,४७३.०० |
| | जम्मा | **६२८** | **२,१९,०६,२४५.००** |

### १७. वडामा भएको विवाद सम्बन्धी विवरण

| विवाद संख्या | मिलाएको विवाद संख्या | नगरपालिकामा पठाएको विवाद संख्या |
|---|---|---|
| १ | १ | ० |

### १८. बैठक सम्बन्धी विवरण

| सि.नं. | समितिको नाम | इकाई | बैठक संख्या | बैठकको निर्णय |
|---|---|---|---|---|
| १ | वडा समितिको **बैठक** | संख्या | ३९ | १३८ |
| २ | वडा स्तरीय अनुगमन समितिको **बैठक** | संख्या | २४ | २४ |
| ३ | अन्य समितिको **बैठक** | संख्या | १५ | १८ |

### १९. वडाले गरेका ५ उल्लेखनीय कार्य

- झाक्रीथान पर्यटकीय स्थानको पहिचान गरी मोटरमार्ग निर्माण,
- जनजागृति मा.वि, वडा कार्यालय, पोखरीभञ्ज्याङ महिला बहुउद्देश्यीय सहकारी संस्थामा खानेपानीको सहजता,
- बेलबासमा स्केटिङ पार्क निर्माण,
- जनजागृति गंगा मा.वि.को नाउँमा रहेको सार्वजनिक जग्गामा फलफुलको वृक्षारोपण,
- कृषि सहकारी गठन गरी टोल टोलबाट तरकारी संकलन गरी बिक्री वितरण केन्द्र निर्माण ।

### २०. वडाले अनुभूत गरेका समस्या

- वडा कार्यालय परिशरमा कम्पाउण्ड गर्नु पर्ने,
- सेवाग्राही भिड व्यवस्थापनमा फर्निचरको अभाव,
- शुद्द पिउने पानीको अभाव,
- नेटको, विद्युत लोड सेडिङ समस्या,
- वडा प्रशासनमा कार्यारत करार कर्मचारीलाई इन्धनको असुविधा ।

# व्यास नगरपालिका वडा नं.१४ को आ.व.२०८०।८१ को वार्षिक प्रगति प्रतिवेदन

१. **परिचयः** व्यास नगरपालिका वडा नं.१४ व्यास नगरपालिकाको दक्षिणपूर्वी भागमा अवस्थित छ । पौराणिक कालको मत्स्य गन्धाको उत्पत्ति स्थल मानिने जीवित जलचर माछाहरुको पूजा अर्चना गरिने स्थल छाव्दी वाराही र जल वाराहीको मन्दिर यसै वडामा अवस्थित छन् । त्यसैले यो वडा धार्मिक र सांस्कृतिक पर्यटनको प्रसस्तै सम्भावना बोकेको वडा पनि हो । नगरपालिकाको केन्द्रबाट ७ कि.मी. दक्षिणपूर्वी भागबाट शुरुभई यस वडाको पूर्वमा बन्दीपुर गाँउपालिकाको वडा नं.२ र ३, दक्षिणमा सेती नदी, पश्चिममा यस पालिकाको वडा नं.१३ एवं उत्तरमा यस पालिकाको वडा नं.१२ पर्दछ । यस वडाको कुल जनसंख्या ३,७७७ जना रहेको छ । जसमा महिलाहरुको संख्या १,८५३ जना र पुरुषहरुको संख्या १,९२४ जना रहेको छ । यहाँका अधिकांश बासिन्दाहरुमा मगर जातीहरुको बाहुल्यता रहेको छ । कुल घर धुरी संख्या ७०४ रहेको छ । विकासको मुलधारमा आजका दिनसम्म पनि समेटिन नसक्दा यस वडाका जनताहरुको दैनिक जीवन यापन अत्यन्त कष्टकर भएको छोटो दुरीको आवागमनमा अधिक समय खर्च हुने गरेको छ । धार्मिक, सांस्कृतिक पर्यटन, कृषि, पशुपालन, मौरी पालन, फलफूल तथा तरकारी खेतीको प्रसस्तै सम्भावना बोकेको स्थान र अधिक मेहनती जनताहरु भएको स्थानमा समेत यस व्यास १४ पर्दछ । घना जंगल, पर्यटकको मन लोभ्याउन सक्ने झरना, खानीजन्य पदार्थ उत्खनन् गर्न सकिने स्थल, सकृयरुपमा सञ्चालित घरबास अर्थात् होमस्टे कार्यक्रममा आबद्ध घरहरुले ग्रामीण जीवनस्तर उकास्न समेत महत्वपूर्ण मानिएका छन् ।

२. वडामा भएको आम्दानी रु.८,२१,७८८/५०

३. दर्ता चलानी संख्याः दर्ता १,६९९ र चलानी १,५४३

खण्ड कः पूर्वाधार निर्माणतर्फ

**४. सडक**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभान्वित संख्या |
|---|---|---|---|---|
| १. | कच्ची सडक | मिटर | ३७६४ | २५०० जना |
| २. | ग्राभेल सडक | मिटर | १०८० | ३५०० जना |
| ३. | सडक मर्मत | मिटर | ७५०३ | ३००० जना |

**५. नाला निर्माण**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभान्वित संख्या |
|---|---|---|---|---|
| १. | पक्की नाला निर्माण | मिटर | ३५० | |
| २. | कच्ची नाला निर्माण | मिटर | ३०० | |
| ३. | नाला मर्मत | मिटर | २५० | |

**६. खानेपानी**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभान्वित संख्या |
|---|---|---|---|---|
| १. | नयाँ खानेपानी योजना | संख्या | १.०० | ३५ जना |
| २. | धारा निर्माण | संख्या | ९.०० | ४५ जना |
| ३. | टंकी निर्माण | संख्या | ३.०० | १७५ जना |

| | | | | |
|---|---|---|---|---|
| ४. | पाइप खरिद | मिटर | २८७५ | ३०० जना |
| ५. | मर्मत सम्भार | संख्या | २.०० | ३३० जना |

**७. भवन (क) शिक्षा तर्फको भवन**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभान्वित संख्या |
|---|---|---|---|---|
| १. | मर्मत | वटा | १.०० | ४०० |

**ख. सामुदायिक भवन तर्फ**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभान्वित संख्या |
|---|---|---|---|---|
| १. | नयाँ भवन निर्माण | संख्या | २.०० | ७०० जना |
| २. | मर्मत | संख्या | १.०० | १७५ जना |

**ग. सरकारी /संघ संस्था भवन तर्फ**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभान्वित संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | नयाँ भवन निर्माण | संख्या | १.०० | २३१२ जना | वडा कार्यालय भवन |
| २. | मर्मत | संख्या | १.०० | अ.५००० जना | |

**८. सिंचाई**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभान्वित संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | नयाँ कुलो निर्माण | मिटर | १६ | १५० जना | पक्की कुलो |
| २. | मर्मत | मिटर | ६६ | १५५ जना | यच.डी.पि. पाईप |

**९. विद्युत**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभान्वित संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | विद्युत लाइन विस्तार | मिटर | ६००.०० | २०० जना | ए.वि.सि.केवल |

**१०. अन्य**

| सि.नं. | विवरण | इकाई | परिमाण | लाभान्वित संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | विपन्न परिवारका लागि आवास निर्माण | संख्या | ३.०० | १५ जना | |
| २. | हावाहुरी पिडितहरुलाई त्रिपाल वितरण | संख्या | ३०.०० | १५० जना | २४*१८ फिट |
| ३. | सुरक्षित आवास | संख्या | १०.०० | ५० जना | |

**११. क्षमता विकास सम्बन्धी कार्यक्रम खर्च रु.हजारमा**

| सि.नं. | कार्यक्रमको नाम | इकाई | परिमाण | | खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | | |
| १. | चप्पल निर्माण सम्बन्धी तालिम | १ | ४० जना | ०० | २१२ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | पापड निर्माण तालिम | १ | ३२ जना | | ६० | |
| ३. | च्याउ खेती सम्बन्धी तालिम | १ | १५ जना | १५ जना | | व्यवसायिक किट विकास केन्द्र बन्दीपुर |
| ४. | सिकर्मी तालिम | १ | ०० | २० जना | | सि.टि.ई.भि.टी. |

**१२. कृषि तथा पशुपंक्षी विकास सम्बन्धी कार्यक्रम**

| सि.नं. | कार्यक्रमको नाम | इकाई | परिमाण | खर्च | कैफियत |
|---|---|---|---|---|---|
| १. | कृषकहरुलाई प्रोत्साहन स्वरुप पुरस्कार वितरण | संख्या | १ | १०० | विभिन्न विधा |
| २. | फलफूलका विरुवा वितरण ५० प्रतिशत अनुदान | संख्या | १ | १०० | विभिन्न जातका फलफूलका विरुवा |
| ३. | हिउदे तथा वर्खे तरकारीका विउ विजन वितरण ५० प्रतिशत अनुदान | संख्या | १ | ५० | केशवटार कृषि सहकारी मार्फत |
| ४. | लम्पी स्कीन विरुद्ध खोप | संख्या | २५० | | |
| ५. | औषधी वितरण | संख्या | २८६१ | | पशुपंक्षी |
| ६. | बन्ध्याकरण | संख्या | २६६ | | |
| ७. | कृत्रिम गर्भाधान | संख्या | २१ | | |
| ८. | अन्य उपचार मेडिकल सर्जरी | संख्या | १११० | | |
| ९. | गोला सहितको मौरी घार वितरण | संख्या | २२ | | ५० प्रतिशत अनुदानमा |

## १३. व्यक्तिगत घटना दर्ता विवरण

(क) जन्म दर्ता : महिला ६९, पुरुष २१ जम्मा ९० जना
(ख) मृत्यु दर्ता : महिला २०, पुरुष १४ जम्मा ३४ जना
(ग) विवाह दर्ता : ४८
(घ) सम्बन्ध विच्छेद : २८
(ङ) बसाई सराई : आएको दर्ता ३ आएको सदस्य संख्या ० गएको दर्ता १० गएको सदस्य संख्या ०

**१४. सामाजिक सुरक्षा भत्ता सम्बन्धी विवरण**

| सि.नं. | विवरण | लाभग्राहीको संख्या | वितरित रकम |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक दलित | २६ जना | ८,२४,७२०। |
| २ | अन्य जेष्ठ नागरिक | ३३३ जना | १,५०,१७,४३८। |
| ३ | एकल महिला ६० वर्ष मुनी | ५८ जना | १७,५२,१५८। |
| ४ | एकल महिला ६० वर्ष माथि | ३० जना | ९,७२,४००। |
| ५ | पूर्ण अपाङ्गता भएका | १४ जना | ६,३८,४००। |
| ६ | अति अशक्त अपाङ्गता | २४ जना | ६,१२,८६४। |
| ७ | बालबालिका | २५ जना | १,२०,११२। |

**१५. वडामा भएको विवाद सम्बन्धी विवरण**

| विवाद संख्या | मिलाएको विवाद संख्या | नगरपालिकामा पठाएको विवाद संख्या |
|---|---|---|
| ५ | ४ | १ |

**१६. वैठक सम्बन्धी विवरण**

| सि.नं. | समितिको नाम | इकाई | वैठक संख्या | वैठकको निर्णय |
|---|---|---|---|---|
| १ | वडा समितिको वैठक | संख्या | ४० | ११८ |
| २ | वडा स्तरीय अनुगमन समितिको वैठक | संख्या | २० | ३७ |
| ३ | अन्य समितिको वैठक | संख्या | ४ | १३ |

**१७. वडाले गरेका ५ उल्लेखनीय कार्य**

- कृषकहरुलाई प्रोत्साहन स्वरुप पुरस्कार वितरण
- ५० प्रतिशत अनुदानमा फलफूलका विरुवा वितरण
- ५० प्रतिशत अनुदानमा हिउँदे तथा वर्षे तरकारीका विउ विजन वितरण
- लम्पी स्कीन विरुद्ध खोप
- पशु तथा पंक्षीहरुका लागि औषधी वितरण
- गोला सहितको मौरीको घार वितरण

**१८. वडाले अनुभूत गरेका समस्या**

- वडा कार्यालय पहुँच मार्ग कालोपत्रे नहुनु ।
- प्रहरी चौकी नभएकोले शान्ति सुरक्षाको पूर्ण अनुभूति नभएको ।
- केशवटारमा स्वास्थ्य चौकीको भवन नयाँ नहुँदा समस्या महशुस भएको ।

# सूचना प्रविधि शाखाको आ.व.२०८०।०८१ को वार्षिक समीक्षा प्रगति प्रतिवेदन

## १. ऐन कानुन सम्बन्धी

| सि.नं. | विवरण | नयाँ निर्माण | संशोधन | खारेज |
|---|---|---|---|---|
| १. | ऐन | ५ | ६ | ० |
| २. | नियमावली | ० | १ | ० |
| ३. | कार्यविधि | १२ | ८ | १ |
| ४. | निर्देशिका | ४ | ० | ० |
| ५. | मापदण्ड र अन्य | २ | ० | १ |
| **२०८०।०८१ को जम्मा** | | **२३** | **१५** | **२** |
| **हालसम्मको जम्मा कानुन संख्या** | | **१४३** | | |

## २. अन्य गतिविधि

- नगर सभाको निर्णय कम्प्युटकृत एवं वेवसाइटमा अपलोड
- वार्षिक योजना किताब (रातो किताब) र व्यास नगर दर्पण छपाई,
- कानुनको नियम संग्रह छपाई,
- कार्यपालिका र सभामा कानुन पेश तथा राजपत्रमा प्रकाशन,
- मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन समयमा तयार,
- लिजामा नगरपालिकाको विवरण राख्ने कार्य,
- करार कर्मचारी पदपूर्ति सम्बन्धी कार्यमा सहयोग,
- लोककल्याणकारी गतिविधि अन्तर्गत संचार माध्यमसँग सम्झौता,
- वेवसाइटमा आवश्यक अन्य विवरण अध्यावधिक,
- आवश्यकता अनुसार अन्य कार्यहरु गरिएको ।

## ३. आइ.टि.सम्बन्धी

- कार्यपालिका लगायत अन्य बैठकका बारेमा कल, एस.एम.एस., ईमेल मार्फत कार्यपालिका सदस्यहरुलाई सूचना प्रवाह,
- सोसल मिडिया, वेवसाइट, सफ्टवयर, सिस्टम व्यवस्थापन तथा सञ्चालन गर्न प्राविधिक सहयोग,
- मुख्य कार्यालय, वडा कार्यालय, विद्ययालयका कम्प्युटर स्पेसिफिकेसन तयार र विद्यालयका आइ.टि.सम्बन्धी सामग्रीको अनुगमन,
- शाखामा भएका सूचना आवश्यक पर्ने सेवाग्राही वा संस्थालाई उपलब्ध तथा कम्प्यूटराइज भएका विवरणलाई सुरक्षित,
- मुख्य कार्यालय र वडा कार्यालयमा रहेका कम्प्युटर, इन्टरनेट मर्मत तथा व्यवस्थापनमा सहयोग,
- साउण्ड सिस्टम तथा प्रोजेक्टर व्यवस्थापन,
- मुख्य कार्यालयमा इन्टरकम जडान गरिएको,
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ताका लागि सम्पूर्ण वडा कार्यालयमा वायोमेट्रिक्स डिभाइस राखिएको,
- सूचना प्रविधिसँग सम्बन्धित अन्य आवश्यक कार्यहरु गरिएको

## ४. सम्पादन गरिएका उल्लेखनीय कार्य :

- समयमा मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार
- नियम संग्रह, व्यास नगर दर्पण र रातो किताब छपाई
- कार्यालयमा इन्टरकम जडान
- वेवसाइटमा निर्णयहरु अपलोड

## ५. समस्या :

- हाल भएको जनशक्तिबाट नगरपालिकाको गतिविधि संचार माध्यमलाई उपलब्ध गराउन कठिनाई ।
- पञ्जीकरण इकाइ मात्र हेर्ने कर्मचारी नहुँदा सेवाग्राहीलाई असहज ।
- पूर्ण रुपमा शाखागत समन्वय नहुँदा कार्य प्रगतिमा कठिनाई ।

# प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखाको आ.व.२०८०।०८१ को वार्षिक समीक्षा प्रगति प्रतिवेदन

१. **कर्मचारीको उपलब्धता (क) न.पा. र वडा कार्यालय**

| पद | दरबन्दी संख्या | पदपूर्ति संख्या | | | रिक्त |
|---|---|---|---|---|---|
| | | स्थायी | करार | जम्मा | |
| **अधिकृतस्तर** | ३९ | २९ | ६ | ३५ | ४ |
| **सहायकस्तर** | ७९ | २४ | ४३ | ६५ | १४ |
| **श्रेणी विहिन** | ७८ | १९ | ५८ | ७७ | १ |
| **कूल जम्मा** | **१९६** | **७२** | **१०७** | **१७७** | **१९** |

(ख) स्वास्थ्य संस्था

| पद | दरबन्दी संख्या | पदपूर्ति संख्या | | | रिक्त |
|---|---|---|---|---|---|
| | | स्थायी | करार | जम्मा | |
| **अधिकृतस्तर** | १६ | १३ | ३ | १६ | ० |
| **सहायकस्तर** | ८१ | ३६ | २४ | ६० | २१ |
| **श्रेणी विहिन** | ३४ | २ | ३२ | ३४ | ० |
| **कूल जम्मा** | **१३१** | **५१** | **५९** | **११०** | **२१** |

(ग) **कार्यक्रमतर्फ अन्य अस्थायी दरबन्दी**

| विवरण | दरबन्दी संख्या |
|---|---|
| पन्जीकरण (रा.परिचय पत्र तथा सामाजिक सुरक्षा) | २ |
| मेड्पा कार्यक्रम | १ |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | ३ |
| सामी कार्यक्रम | ५ |
| जग्गा विकास आयोजना | १४ |
| भूमि आयोग | ५ |
| क्षयरोग कार्यक्रम | १ |
| कृषि र पशुपंक्षी कार्यक्रम | २ |
| कुल जम्मा | ३३ |

## २. कर्मचारी प्रशासन उपशाखा

- २८२ जना कर्मचारीहरुको का.स.मू. फाराम भरिएको,
- सम्पत्ति विवरण
  -जनप्रतिनिधि ७४
  -स्थायी कर्मचारी ६९
  -करार कर्मचारी (स्वास्थ्य र न.पा.) २१३
  -शिक्षक ३६९
- २८२ जना करार कर्मचारीहरुको म्याद थप गरिएको,
- ५६३ वटा भ्रमण आदेश दर्ता गरिएको,

## ३. न्यायिक समिति

- ३८ अल्या समेत १०७ वटा मुद्दा दर्ता,
- १९ वटा मुद्दा फैसला भएको,
- ४४ वटा मुद्दा मिलापत्र भएको,
- १ वटा मुद्दा अदालत पठाइएको,
- ५ वटा मुद्दा सम्पर्कमा नआएको,
- ३८ वटा मुद्दा जिम्मेवारी सरी आएको ।

## ४. जलश्रोत समिति

- ६ वटा बैठक बसेको,
- १० वटा खानेपानी मुलदर्ता,
- नयाँ मुल दर्ता ८ वटा,
- १ वटा मुलदर्ता नवीकरण,
- १ वटा उजुरी परी मुल दर्ता नभएको ।

## ५. जिन्सी व्यवस्थापन उपशाखा

- नियमित जिन्सी निरीक्षण गरिएको ।

## ६. दर्ता चलानी इकाई

- १२,७३३ वटा दर्ता गरिएको
- ४,८३३ वटा चलानी गरिएका

## ७. उपभोक्ता हित संरक्षण इकाई

- ६ वटा बजार अनुगमन समितिको बैठक बसी ६ पटक बजार अनुगमन गरिएको,
- म्याद सकिएको ३ बोरा खाद्य वस्तु नष्ट गरिएको

## ८. नगर निरीक्षण इकाई

- नियमित बजार अनुगमन गरिएको,
- विभिन्न शाखा उपशाखाबाट सम्पादन हुने काममा पूर्ण रुपमा सहयोग गरिएको ।

## ९. पञ्जीकरण इकाई

**(क) व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरण**

| विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| जन्म दर्ता | ६०४ | ५५५ | १,१५९ |
| मृत्यू दर्ता | २७९ | २६१ | ५४० |
| विवाह दर्ता | | | ६७९ |
| बसाइ सराइ दर्ता | | | ३८० |
| | | गएको सदस्य संख्या | ५८० |
| | | आएको सदस्य संख्या | ६९१ |
| सम्बन्ध विच्छेद | | | १३९ |

**(ख) सामाजिक सुरक्षा अनुदान विवरण:**

| क्र.सं. | विवरण | लाभग्राही सङ्ख्या | २०८०/०८१ मा वितरण रकम रू. |
|---|---|---|---|
| **१.** | जेष्ठ (दलित) नागरिक | ५८२ | १,७७,३२,१७५। |
| **२.** | अन्य जेष्ठ नागरिक | ४६७४ | २१,७३,११,२९७। |
| **३.** | एकल महिला (६० वर्ष मुनि) | १०१८ | ३,११,९२,००८। |
| **४.** | एकल महिला (६० वर्ष माथि) | ६३० | १,९६,००,४५५। |
| **५.** | पूर्ण अपाङ्गता भएका | १४६ | ६७,३८,४५२। |
| **६.** | अति अशक्त अपाङ्गता | २७९ | ६८,२१,८४३। |
| **७.** | लोपोन्मुख आदिवासी\जनजाति | २ | ५१,९९९। |
| **८.** | बालबालिका | ७११ | ४१,८५,२५२। |
| | जम्मा | **८०४२** | **३०,३६,३३,४८१।** |

## १०. सार्वजनिक सेवा तथा सुशासन समिति

- ७ वटा बैठक १८ वटा निर्णय ।

## ११. समस्या

- केही कर्मचारीमा दक्षताको कमीले काममा लगाउन असहज भएको,
- व्यारेकीकरण नगर्दासम्म नगर प्रहरी काममा लगाउन असहज भई कार्यान्वयन इकाईको रूपमा लैजान नसकिएको,
- १ वर्षभन्दा पछाडि संशोधन गर्न नमिल्ने प्रावधानले काम गर्न असहज भएको,
- EFT मार्फत सामाजिक सुरक्षा भत्ता पठाउँदा सामान्य विवरण नमिल्दा पनि लाभग्राहीहरुको खातामा रकम जम्मा हुन समस्या,
- मृत्यू भइसक्दा पनि वडा कार्यालयका आएर मृत्यू दर्ता नगरेकोले लगत कट्टा गर्न गाह्रो भएको,

# भवन नियमन तथा घर नक्सा पास शाखाको आ.व.२०८०।०८१ को वार्षिक समीक्षा प्रगति प्रतिवेदन

१. **पृष्ठभूमि**

गत वर्ष देशमा देखिएका सामान्यत आर्थिक तरलता, कित्ताकाट तथा खण्डीकरण नियमहरुमा परिवर्तन जस्ता कारणले नयाँ घर नक्सा पासमा संख्यात्मक रुपमा कमी आएको देखिन्छ भने घर नक्सा नामसारी र नयाँ घर नक्सा पास एक अर्काका परिपूरक जस्तो देखिएका र घर नक्सा नामसारीमा उल्लेखनीय बृद्धि भएका कारण पनि नयाँ घर नक्सा पासमा संख्यात्मक रुपमा कमी आएको देखिन्छ ।

नक्सा पासको संख्यामा केही कमी भए तापनि हामीले नक्सा पास प्रक्रियालाई प्रभावकारी र द्रुत बनाउने र भवन संहिताको शुष्म अध्ययन तथा कार्यान्वयनमा विशेष ध्यान दिएका छौं भने ।

Quick action पद्धतिमा काम कार्यवाही अगाडि बढाएको र प्रमुखज्यू, उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू तथा न्यायिक समिति समेतको सहयोगमा विवाद तथा समस्या समाधान गरेका कारण गत आर्थिक वर्षमा विवादित फाइल शुन्य प्राय छ ।

हामीले विद्युतीय नक्सा पास प्रणालीलाई अझ प्रभावकारी बनाउनुका साथै पुराना फाइलहरूलाई पनि विद्युतीय प्रणलीमा सुरक्षित रूपमा भण्डारण गर्ने महत्वपूर्ण कार्यको थालनी गत केही वर्षदेखि गर्दै आएकोमा त्यसको अझ प्रभावकारी रुपमा प्रयोग गरिरहेका छौं । हालसम्म केही वर्षका फाइलहरू सफलतापूर्वक प्रविष्ट गरिसकेका छौं, जसले सेवाग्राहीहरूलाई आवश्यक जानकारीहरू तत्काल उपलब्ध गराउन मद्दत पुर्‍याएको छ ।

यस वर्ष घर नक्सा पास सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

| क्र.स. | कार्य विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | घर नक्सा पास | २२० | |
| २. | घर सम्पन्न | ३४५ | |
| ३. | डि.पि.सी. | २९६ | |
| ४. | घर कायम | १८ | |
| ५. | नयाँ घर दर्ता | २३५ | |
| ६. | घर कायम दर्ता | १८ | |
| ७. | नक्सा नामसारी | २०३ | |
| ८. | साधारण स्वीकृति | ३ | |
| ९. | नक्सा नवीकरण | ५५ | |
| १०. | निशुल्क नक्सा | २० | |
| ११. | प्रतिलिपि | ७० | |
| १२. | कुल संकलित राजस्व रु.९२,२८,२७२.११ | | |

२. **अन्य गतिविधि**

- व्यास नगरपालिका भवन नियमन तथा घर नक्शा पास शाखाको आयोजनामा नगरपालिका क्षेत्रमा निर्माण कार्यमा संलग्न २२ जना निर्माणकर्मीहरुलाई क्षमता अभिबृद्धि तथा नयाँ निर्माणकर्मी उत्पादन गर्ने हेतुले भूइचालो प्रतिरोधी भवन निर्माण सम्बन्धी ५ दिने नि:शुल्क तालिम प्रदान गरियो ।
- ग्रामिण क्षेत्र जस्तै : वडा नं.८ मा निर्माण हुने घरहरु प्राय: नक्सा पास प्रकियामा नआउने हुँदा, ती घरहरुलाई नक्सा पास प्रक्रियामा कसरी ल्याउन सकिन्छ र त्यहाँको निर्माण गुणस्तर कस्तो छ भन्ने बिषयमा अध्ययन गर्ने तथा अध्ययन प्रतिवेदनका आधारमा आगामी आर्थिक वर्षमा ग्रामीण क्षेत्रका घरधनी तथा निर्माणकर्मीका लागि “भूकम्प प्रतिरोधी निर्माण सचेतना कार्यक्रम” ल्याउने उद्देश्यले ग्रामीण क्षेत्रमा निर्माण अनुगमन गरियो ।
- ग्रामीण क्षेत्र विशेष गरी साविकका गाउँ विकास समितिलाई २०७४ पश्चात् व्यास नगरपालिकामा गाभिएका क्षेत्रहरुमा पनि नक्सा पास तथा सुरक्षित निर्माणको महत्व उजागर होस् र विपन्न वर्गका लागि

आर्थिक टेवाका साथसाथै सुरक्षित निर्माणमा प्रोत्साहन होस् भनी सुरु गरिएको निःशुल्क नक्सा कार्यक्रमलाई निरन्तरता दिइयो ।

- मासिक हुने परामर्शदाता बैठक र पाक्षिक हुने मोवाइल क्लिनिक तथा घरधनी अभिमुखीकरण कार्यक्रमलाई निरन्तरता दिइयो ।
- व्यास नगरपालिकाको आयोजना तथा भवन नियमन तथा घर नक्शा पास शाखाको समन्वयमा २०८० माघ २ गते करिब १०० जनाको सहभागितामा भव्य रुपमा २६ औं रष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाइयो ।

## ३. विपद् व्यवस्थापन उपशाखा कार्य प्रगति

**१) जिल्ला विपद व्यवस्थापन समितिको अनुगमन पश्चात**

- पुर्ननिर्माणको लाभग्राही : ६५
- प्रवलीकरण : १८

**२) हालसम्म किस्ता रकम प्राप्त गर्ने लाभग्राही संख्या :**

- पहिलो किस्ता प्राप्त  : ४३
- प्रकि्रयामा : ६
- पहिलो र दोस्रो किस्ता प्राप्त : १७
- प्रकृयामाः ५
- पहिलो, दोस्रो र तेस्रो किस्ता प्राप्त गरी घर सम्पन्न : ११
- प्रकियामा : ५

**३) २०८०-८१ मा विपद् व्यवस्थापन सामग्री वितरण सम्बन्धी विवरण :**

- तारजाली : ६९४ थान
- हयुम पाइप : ११५ वटा
- विद्युतको पोल : ११३ वटा

४) २०८१ साल जेठ १७ गतेदेखि आएको हावाहुरीले क्षति पुगेको घरपरिवारलाई तत्काल राहत स्वरुप रु.३०,००,०००। वितरण ।

## ४. सुरक्षित नागरिक आवास अर्न्तगत :

- पहिलो किस्ता प्राप्त लाभग्राही : ११६ जना
- दोस्रो किस्ता प्राप्त लाभग्राही : ४४ जना

## ६. भूमि इकाई अर्न्तगत कार्य प्रगति

- नापी विवरण

| क्र.स | अव्यवस्थित बसोवास | भुमिहिन दलित | भुमिहिन सुकुम्बासी | अन्य (सार्वजनिक संरचना) | जम्मा संख्या |
|---|---|---|---|---|---|
| व्यास १२ | ९११ कित्ता | २३ कित्ता | ८५ कित्ता | १५ कित्ता | १०३४ कित्ता |
| व्यास १३ | ४८३ कित्ता | १२ कित्ता | २४ कित्ता | ११५ कित्ता | ६३४ कित्ता |
| व्यास १४ | २३३ कित्ता | ३ कित्ता | ६ कित्ता | २२ कित्ता | २६४ कित्ता |

## ७. आगामी वर्षका लागि लक्ष्य र उद्देश्यहरू

- यस व्यास नगरपालिकामा नक्शा पास बिना बनेको संरचनाहरुलाई नियमानुसार घर अभिलेखीकरण तथा घर कायम गर्ने ।
- यस व्यास नगरपालिकामा हालसम्म रहेको संरचनाहरुसँग सम्बन्धित मापदण्डहरुलाई पुनर्वालोकन गरी खोला नाला विपद्बाट जोखिम क्षेत्र र अन्य क्षेत्रहरुको पहिचान गरी व्यास नगरपालिका एकीकृत मापदण्ड बनाई मापदण्ड पुस्तीका छाप्ने ।
- यस व्यास नगरपालिकाको कृषि तथा गैरकृषि क्षेत्र वर्गीकरण गरिसकेको भए तापनि थप गैर कृषि क्षेत्रलाई भूमि निर्देशिका अनुसार वर्गीकरण गरी कित्ताबाट प्रकृया सहज गर्ने ।

- यस व्यास नगरपालिका भित्रको ग्रामीण वडाहरुमा काम गर्ने निर्माणकर्मीहरुलाई वडा कार्यालयहरुसँग समन्वय गरी भूकम्प प्रतिरोधात्मक संरचना सम्बन्धी तालिम सञ्चालन गर्ने ।
- यस नगरपालिकाको ग्रामीण वडाहरुमा बसोवास गर्ने विपन्न वर्गका नागरिकलाई घर निर्माण गर्नु परेमा विपन्न वडाहरुको लागि नि:शुल्क नक्सा पास कार्यक्रम अर्न्तगत यस घर नक्सा उपशाखाले निशुल्क नक्सा उपलब्ध गराई नक्सा पास कार्यमा सहजीकरण गर्दै आएकोमा उक्त कार्यलाई यस आ.व.मा पनि निरन्तरता दिने ।
- यस नगरपालिकामा भू-उपयोग योजना तथा जोखिमयुक्त जग्गा एकिन गरी जोखिम संवेदनशील भू-उपयोग योजना निर्माण गर्ने ।

## ८. समस्या र चुनौति

- शाखागत तथा कार्यालय स्तरको यस शाखासँग हुनु पर्ने समन्वयको अभाव नगरपालिका भित्रकै शहरी योजनासँग प्रत्यक्ष सरोकार रहने शाखाहरूका साथै जिल्लाका यससँग सम्बन्धित कार्यालयहरूसँग पारस्परिक समन्वय हुन नसक्दा अव्यवस्थित तथा असुरक्षित शहरीकरण चुनौतिका रूपमा अगाडि आएको छ । घर नक्सा पास शाखाले व्यक्तिका घरहरु संहिताको पूर्ण पालना गरी निर्माण गर्न ताकेता गरिरहँदा अर्कातर्फ नगरपालिका बाटै बजेट विनियोजन भई निर्माण भएका सामुदायिक भवनहरुले संहिता पालना नगर्दा सुरक्षित व्यास नगर निर्माण अझ बढी चुनौतिपूर्ण भएको छ ।
- शाखागत रुपमा पर्याप्त बजेट नहुनु, भवन नियमन तथा घर नक्सा पास शाखाले सामना गरेको अर्को चुनौतिको रुपमा परिमार्जित भवन संहिता र नियमहरूको कार्यान्वयन रहेको थियो । विभिन्न प्रशिक्षण र प्रक्रियाहरू गरी नगरपालिकाका कर्मचारी तथा सरोकारवालालाई यसबारे जानकार गराउनु पर्ने र शाखागत बजेटबाट नै विद्युतीय नक्सा पास प्रणालीको सफ्टवयर खरिदको नियमित कार्य समेत गर्नु परेकाले बजेटको अपर्याप्तता देखियो ।
- निर्माणमानै संहिताको पूर्ण कार्यान्वयन हामीले सामना गरेको अर्को चुनौति भनेको भवन संहिता र नियमहरूको पालना सुनिश्चित गर्नु थियो । नक्सा पासमा शतप्रतिशत संहिता पालना दर (compliance rate) भएपनि कार्यान्वयनमा भने प्रत्येक वर्ष बढ्दो दरमा भएपनि शतप्रतिशत पुऱ्याउन सकिएको छैन ।

# राजश्व व्यवस्थापन शाखाको आ.व.२०८०।०८१ को वार्षिक समीक्षा प्रगति प्रतिवेदन

१. **आर्थिक वर्ष २०८०/०८१ को अनमानु र यथार्थ आम्दानी**

-अनुमान रु.१९,६३,००,०००।
-यथार्थ रु.१५,५७,४३,९१८।९४
-प्रगति प्रतिशत: ७९.३४ प्रतिशत

२. **मुख्य शर्स्षकहरुको अनुमान र यथार्थ तथा प्रगति प्रतिशत**

| शिर्षक | अनुमान | यथार्थ | प्रगती प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर | १,१०,००,०००।०० | १,१४,६१,७९६।२० | १०४.२० |
| भूमिकर | ७०,००,०००।०० | ६२,९१,१८२।०० | ८९.८७ |
| घर बहाल कर | २,१०,००,०००।०० | १,२५,३३,११२।३६ | ५९.६८ |
| घर भाडा | १,७३,५०,०००।०० | १,७७,३९,६९९।७६ | १०२.२४ |
| व्यवसाय कर | १,५०,००,०००।०० | ५७,६९,०५६।८१ | ३८.४६ |
| नक्शा पास दस्तुर | १,५६,००,०००।०० | ९२,२८,२७२।११ | ५९.१५ |
| सिफारिस दस्तुर | १,५०,००,०००।०० | १,३५,१०,४३०।०० | ९०.०७ |
| सरसफाई, वातावरण | २,०६,७२,०००।०० | १,६७,२०,८४४।५७ | ८०.८८ |
| पार्किङ्ग शुल्क | १०,००,०००।०० | ५,८०,९२०।०० | ५८.०९ |
| प्राकृतिक साधन कर | ५,२८,८२,०००।०० | ५,२४,२२,९९३।२२ | ९९.१३ |

३. **वडागत आम्दानी**

| वडा नं. | आम्दानी २०७९/०८० | २०८०/८१ |
|---|---|---|
| १ | ९४,१९,८६०।६५ | १,१६,७९,८६१।९३ |
| २ | १,०४,८१,३९७।४० | १,१६,२३,८२६।५२ |
| ३ | ६९,३६,७७६।४१ | ६४,०२,१३७।६१ |
| ४ | ६९,२४,५८८।९३ | ७१,७९,७७२।४० |
| ५ | ३७,४०,१८२।०० | ३७,७९,८४०।५० |
| ६ | १७,२७,५५८।५० | १७,२२,३१८।५० |
| ७ | १५,६०,७४०।३० | १७,५६,६८६।०० |
| ८ | ८,३५,३६४।५० | ८,६९,९४९।५० |
| ९ | १४,७९,७५४।०० | १७,८९,८२६।७४ |
| १० | ७६,१३,११५।३० | ५६,४८,२६३।०० |
| ११ | ३४,६६,२८०।५० | ३४,३०,४६७।०० |
| १२ | २०,६५,२८५।०० | १५,९६,०५०।०० |
| १३ | १४,९१,२१४।१० | १६,६८,४७४।५६ |
| १४ | ८,७४,३६०।०० | ८,२१,७८८।५० |

४. **स्थानीय राजश्व परामर्श समितिको बैठक र निर्णयहरु :** राजश्व परामर्श समितिको वैठक सख्या १२ र निर्णय संख्या २४ रहेको छ, जसमा राजश्व वृद्धि तथा करको दायरा फराकिलो वनाउनका लागि विभिन्न निर्णयहरु गरिएको

## ५. चूनौतिहरु

- राजश्व व्यवस्थापन शाखामा पर्याप्त जनशक्ति नहुनु,
- आवश्यकता अनुसार तालिमको व्यवस्था नहुनु,
- राजश्व वढाउन सवैको प्राथमिकताको विषय वन्न नसक्नु,
- कर सम्वन्धी विवरणहरु अद्यावधिक गर्न नसक्नु
- नगरपालिकाले आफ्नै एप निर्माण गरी करदाता समक्ष पुर्‍याउन नसक्नु,
- सुत्र पूर्ण रुपमा लागू गर्न नसकिएको ।

## ६. आय वृद्धि गर्नका लागि सुधार गर्नु पर्ने पक्षहरु

- करका लागि चाहिने सम्पूर्ण विवरणहरु अद्यावधिक गर्ने,
- राजश्व परामर्श समितिलाई गतिशील गराउने,
- करको दायरा फराकिलो गराउने,
- करदाता शिक्षा कार्यक्रम प्रभावकारी ढङ्गबाट अगाडि बढाउने,
- मोवाइल एप तयार गरी लागू गर्ने,
- राजश्व प्रशासनलाई परियोजनागत रुपमा अगाढि बढाउने,
- सार्वजनिक निजी साझेदारी (PPP) कार्यक्रमलाई प्राथमिकता राखी अगाडि बढ्नुपर्ने,
- कर्मचारीहरुलाई आवश्यकता अनुसार तालिम उपलव्ध गराउनु पर्ने,
- आवश्यकता अनुसार जनशक्ति व्यवस्थापन गर्नु पर्ने,
- अनुगमनलाई प्रभावकारी रुपमा लागू गर्नु पर्ने,
- प्रत्येक वडाबाट कर तिर्नको लागि पत्राचार गर्ने,
- विद्युतीय माध्यमबाट कर तिर्ने प्रणालीलाई प्रभावकारी ढङ्गबाट अगाडि बढाउने ।

७. आर्थिक वर्ष २०८१/०८२ कार्यक्रम तथा कार्ययोजना

| क्र.सं. | कार्यक्रम | कहिले गर्ने | बजेट कार्यक्रम | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | मादी तथा सेती नदी IEE | असार / श्रावण | १२०००००। | राजश्व शाखा | |
| २ | छाब्दी बसपार्क, विज्ञापन कर र वातावरण शुल्क टेण्डर | श्रावण पहिलो हप्ता | ०। | राजश्व शाखा | टेण्डर भैरहेको |
| ३ | मादी तथा सेती नदी घाट टेण्डर | भाद्र महिना | ०। | राजश्व शाखा | IEE प्रतिवेदन |
| ४ | सरसफाइ शुल्कको कार्ड वितरण कार्य | भाद्र महिनाभित्र | ०। | राजश्व शाखा/ सरसफाइ | |
| ५ | राजश्व व्यवस्थापन तालिम | श्रावण पहिलो हप्ता | ७००००। | राजश्व शाखा | सम्पन्न भएको |
| ६ | घर बहाल कर विवरण पेश गर्न ३६ दिने सूचना जारी गर्ने | श्रावण / भाद्र | | कार्यपालिका/ राजश्व शाखा | |
| ७ | वडा कार्यालय अनुगमन | भाद्र-असारसम्म नियमित | ५००००। | राजश्व परामर्श समिति /राजश्व शाखा | |
| ८ | वडा कार्यालयबाट हुने सिफारिस सिस्टमबाट | भाद्र महिनाबाट | | राजश्व\सूचना प्रविधि | |
| ९ | सरसफाइ शुल्क संकलन/व्यवसाय कर घरदैलो | आश्विन महिनादेखि | ५००००। | राजश्व /सरसफाइ /प्रशासन शाखा | |
| १० | अध्ययन, अवलोकन भ्रमण राम्रो अभ्यास गरेका पालिका | २०८१ पौष महिनामा | १५००००। | राजश्व समिति पदाधिकारी/ शाखाबाट | |
| १२ | कर शिक्षा कार्यक्रम | समय मिलाइ | १०००००। | राजश्व शाखा | |

# आर्थिक प्रशासन शाखाको आ.व.२०८०।०८१ को वार्षिक समीक्षा प्रगति प्रतिवेदन

**१. आ.व.२०८०/८१ को वित्तीय अवस्था (रू. हजारमा)**

| क्र. स. | स्रोतको किसिम | आ.व.२०८०/०८१ | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | जम्मा | खर्च | प्रतिशत |
| १ | समानीकरण अनुदान | १६,७३,०७। | १,९५,५१। | ०।०० | १८,६८,५८।०० | १६,२३,६२।८२ | ८६।८९ |
| २ | सशर्त अनुदान | ६५,५३,०१।६१ | ०।०० | ०।०० | ६५,५३,०१।६१ | ६०,२२,४६।२९ | ९४।८० |
| ३ | समपूरक अनुदान | १,३५,००। | ४१,०३। | ०।०० | १,७६,०३।०० | १,७६,०३।०० | १००। |
| ४ | विशेष अनुदान | ९८,८६।८७ | ४०००। | ०।०० | १,३८,८६।८७ | १,३३,९०।८३ | ९६।८२ |
| ५ | राजश्व बाँडफाँट | | | | | | |
| क. | मूल्य अभिबृद्धि कर | ८,९६,१५।९५ | ०।०० | ०।०० | ८,९६,१५।९५ | ८,९६,१५।९५ | १००। |
| ख. | अन्त शुल्क | ४,१०,७५।७९ | ०।०० | ०।०० | ४,१०,७५।७९ | ४,१०,७५।७९ | १००। |
| ग. | रोल्टी | ३३,६१।५० | ०।०० | ०।०० | ३३,६१।५० | ३३,६१।५० | १००। |
| ६ | सवारी कर | ०।०० | २,२७,२५।३१ | ०।०० | २,२७,२५।३१ | १,७३,३६। | ७६।२८ |
| ७ | घरजग्गा रजिष्ट्रेशन शुल्क | ०।०० | ४,२५,५०।९० | ०।०० | ४,२५,५०।९० | ३,२७,१२। | ७६।८८ |
| ८ | दहत्तरबहत्तर | ०।०० | ०।०० | ३,२९,८३।७७ | ३,२९,८३।७७ | ३,२९,८३।७७ | १००। |
| ९ | आन्तरिक श्रोत | ०।०० | ०।०० | १२,२७,६०।१५ | १२,२७,६०।१५ | १२,२७,६०।१५ | १००। |
| १० | जि.स.स.मौज्दात कोष | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० | ०।०० |
| ११ | अन्य | ०।०० | ०।०० | ३,३२,४८।३३ | ३,३२,४८।३३ | १,६५,४३। | ४९।७६ |
| १२ | नगद मौज्दात | १,२३,२५। | ४४,८६। | ५,९८,५६।२५ | ७,६६,६७।२५ | ५,१८,२५। | ६७।६० |
| | **जम्मा** | **९९,२३,७३।७२** | **९,७४,१६।२१** | **२४,८८,४८।५०** | **१,३३,८६,३८।४३** | **१,२०,३८,१५।८६** | **८९।९३** |

**२. समग्र वित्तीय प्रगति अवस्था (रु. हजारमा)**

| क्र. सं. | स्रोतको किसिम | आ.व.२०८०/०८१ (रु. हजारमा): | | |
|---|---|---|---|---|
| | | आम्दानी | खर्च | प्रतिशत |
| ७. | कुल चालु | ९४,१५,१०। | ८१,६५,५९।९२ | ८६।७३ |
| ८. | कुल पूँजीगत | ७२,९६,१७। | ३८,७२,५५।८२ | ५३।०८ |
| | **जम्मा** | १,६७,११,२७ | १,२०,३८,१५।७४ | ७२।०४ |

**३. आ.व.२०८०।०८१ को आन्तरिक आयको अवस्था** (रु.हजारमा)

| क्र.स. | प्रमुख श्रोत | २०८०/८१ को यथार्थ |
|---|---|---|
| | **कर** | |
| १ | सम्पती कर | १,१४,६१।८० |
| २ | भूमिकर (मालपोत) | ६२,९१।१८ |
| ३ | व्यवसाय कर | ५७,६९।०६ |
| ४ | जडिबुटी कवाडी र जीवजन्तु कर | ० |
| ५ | घर बहाल कर | १,२५,३३।११ |
| ६ | विज्ञापन कर | ० |
| ७ | मनोरञ्जन कर | ४,०७।९५ |
| ८ | सवारी साधन कर (पालिकाले सङ्कलन गरेको मात्र) | ० |
| | **जम्मा** | **३,६४,६३।१०** |

| क्र.स. | प्रमुख श्रोत | २०८०/८१ को यथार्थ |
|---|---|---|
| | **गैर कर** | |
| १ | घरजग्गा रजिष्ट्रेशन शुल्क | ४,२५,५०।९० |
| २ | सेवा शुल्क (सबै किसिमका) | १,७३,१४।२९ |
| ३ | दस्तुर (सिफारिश प्रमाणित नक्सा पास आदि) | २,९१,१५।८२ |
| ४ | बिक्री (ढुङ्गा गिटी बालुवा तथा अन्य सम्पत्ती बिक्री) | ४,७७,६९।३० |
| ५ | सम्पत्ती भाडा | १,७७,३९।६९ |
| ६ | अन्य | ७३,४१।७१ |
| | **जम्मा** | **१६,१८,३१।७१** |
| | **कुल जम्मा** | **१९,८२,९४।८१** |

**४. आर्थिक वर्ष २०८०/०८१ मा प्रदेश र स्थानीय तह बिचको राजश्व बाँडफाँट (रु. हजारमा)**

| सवारी कर | घरजग्गा रजिष्ट्रेशन शुल्क | ढुंगा, गिटी, बालुवा बिक्री | | मनोरञ्जन कर | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| प्राप्त भएको | प्राप्त भएको | प्राप्त भएको | प्रदेशमा पठाएको | प्राप्त भएको | प्रदेशमा पठाएको | प्राप्त भएको | प्रदेशमा पठाएको |
| २,२७,२५।३१ | ४,२५,५०।९० | ४,७७,६९।३० | १,६६,५५।५१ | ४,०७।९५ | ०।० | ११,३४,५३।४६ | १,६६,५५।५१ |

**५. पेश्की बेरुजु**

**(क) पेश्की विवरण रू. हजारमा**

| विवरण | ०७९/८० सम्मको बाँकी पेश्की | २०८०/८१ को पेश्की | २०८०/८१ मा फर्छ्यौट | २०८०/८१ सम्मको पेश्की बाँकी |
|---|---|---|---|---|
| सा.सु. पेश्की | ० | ० | ० | ० |
| पदाधिकारीको नाममा रहेको पेश्की रकम | ० | ० | ० | ० |
| कर्मचारीको नाममा रहेको पेश्की रकम | १६,४३।७८ | ३,००।०० | ११,०३।७८ | ८,४०।०० |
| मोविलाइजेसन पेश्की | ६,४२,७१। | २,८१,०३।०० | २,०७,०५।५० | ७,१६,६८।५० |
| अन्य ..... | ४,४६,४०।०२ | १,०६,६०।०० | २,८१,१३।४२ | २,७१,८६।६० |
| जम्मा | ११,०५,५४।८० | ३,९०,६३।०० | ४,९९,२२।७० | ९,९६,९५।१० |

**(ख) बेरुजु विवरण (आ.व.२०८०/८१ सम्मको) रू. हजारमा**

| विवरण | आ.व.२०७९।०८० सम्मको बेरुजु रकम | | | | आ.व.२०८०।०८१ मा बेरुजु फर्छ्यौट | | | | | फर्छ्यौट हुन बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नियमित गर्ने | पेश्की बेरूजु | असुल उपर गर्नुपर्नु | जम्मा | नियमित गर्ने | पेश्की बेरूजु | असुल उपर गर्नुपर्नु | जम्मा | फर्छ्यौट प्रतिशत | |
| संघीय सरकार | १२१३३।२० | ५४२००।०० | ०।०० | ६६३३३।२० | ०।०० | १,००,००।० | ०।०० | १,००,००।०० | १५।०८ | ५,६३,३३।२० |
| प्रदेश सरकार | ४३००।०० | ०।०० | ०।०० | ४३००।०० | ०।०० | ०।० | ०।०० | ०।०० | ०।०० | ४३,००।०० |
| आन्तरिक स्रोत | १६७९४३।३४ | ५६३५४।८० | ८५२२१।०६ | ३०९५१९।२० | ०।०० | ८,५९।७० | ०।०० | ८,५९।७० | ०।२८ | ३०,८६,५९।५० |
| जम्मा | १८४३७६।५४ | ११०५५४।८० | ८५२२१।०६ | ३८०१५२।४० | ०।०० | १,०८,५९।७० | ०।०० | १,०८,५९।७० | १५।३५ | ३६,९२,९२।७० |

६. उल्लेख्य कार्यहरु

- EFT मार्फत भुक्तानी गर्दा सेवा ग्राहिलाई सहजता,

७. समस्याहरू

- बजेट कटौती हुदा भुक्तानीमा कठिनाई
- आन्तरिक आय अनुमानको तुलानामा न्युन आय हुनु
- घाटा बजेट निर्माण हुनु
- सुत्र प्रणालीमा मलेनिकाबाट सपोर्ट नहुदा भुक्तानीमा समस्या

***

# आन्तरिक लेखा परीक्षण शाखाको आ.व.२०८०।०८१ को वार्षिक समीक्षा प्रगति प्रतिवेदन

**१. आन्तरिक लेखा परीक्षण शाखाको संक्षिप्त परिचय**

- शाखामा कार्यरत जनशक्ति : २ जना
- अधिकृतस्तर आठौ : १ जना
- अधिकृतस्तर छैठौ : १ जना
- नयाँ भवनमा कार्यालय रहेको : कोठा संख्या १
- स्थानीय सरकार सञ्चालन ऐन को दफा २२ बमोजिम लेखा समिति गठन भएको छ ।
- लेखा समितिको संयोजक वडा नं.२ का अध्यक्ष र वडा नं.७ का अध्यक्ष सदस्य रहेको र सदस्य सचिव आ.ले.प. शाखा प्रमुख रहेकोमा आ.व. २०८१/०८२ का लागि वडा नं.५ वडा अध्यक्ष लगायत ४ जना सदस्य र सदस्य सचिव समेत ५ जनाको समिति रहेको छ ।
- समितिको बैठक ५ पटक बसेको छ ।

**२. आ.व.२०८०/०८१ , २०८० श्रावणदेखि असार २०८१ सम्म शाखाबाट सम्पाद भएका कार्यहरुको विवरण :**

- आ.व.२०८०/०८१ को तेस्रो चौमासिकसम्मको लेखापरीक्षण सम्पादन
- भौचर संख्या चालु तर्फ : २२७४
- भौचर संख्या पूजिगत तर्फ : १९२९
- भौचर विपद् कोष तर्फ : ११२
- अन्य भौचर संख्या : ७८
- भौचर संचित कोष तर्फ : १०४

  **जम्मा भौचर संख्या :४४९७ सम्पन्न**
- शाखागत रुपमा देखिएका कैफियतहरुलाई शाखा प्रमुख र लेखा शाखासँग सोधपुछ एवं कैफियत सुधार गर्ने कार्य गरिएको ।
- लेखा समितिको बैठक ४ पटक बसी लेखा परीक्षण उपर छलफल गरिएको ।
- विगत वर्ष पेश्की तथा वेरुजुबारे लेखा समितिमा छलफल भई फछ्यौंटको प्रकृया ल्याइएको छ ।
- म.ले.प.को अन्तिम प्रतिवेदनले औल्याएका केही बेरुजु उपर सभामा फछ्यौंटका लागि पेश गरिएको ।
- आ.व.०७९।०८० को म.ले.प.बाट देखिएका कैफियतहरुलाई शाखागत रुपमा पेश भएका प्रमाण तथा विवरणका आधारमा आगामी म.ले.प. डोरका समयमा पेश गर्न विवरणलाई लेखा समितिद्वारा आवश्यक निर्णय भएको छ ।
- असुल उपर गर्ने केही बेरुजु मध्ये बैंक भौचरका आधारमा असुल गरिएको र पत्रचार गर्न सहजीकरण गरिएको छ ।

**३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम आ.व. २०८०।०८१ को आ.ले.प. गर्दा देखिएका कैफियत एवं सुधार गर्नु पर्ने पक्षहरु:**

- सेवा खरिद गर्दा रु.५ लाखसम्म सूचीकृत संस्थाहरु मध्येबाट आर्थिक तथा प्राविधिक प्रताव माग गरी सबै भन्दा कम दरको संस्थाबाट सेवा खरिद गर्नु पर्नेमा खरिद प्रकिया बमोजिम खरिद कार्य गरेको देखिंदैन ।
- कतिपय सीप विकास तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा आर्थिक प्रस्ताव अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई सञ्चालन गर्नु पर्नेमा आर्थिक प्रस्ताव तयार तथा स्वीकृत नगरि एकैचोटी कार्यक्रम समाप्त भएपछि मात्र रकम माग गर्ने गरेको देखिन्छ ।
- सामुदायिक विद्यालयहरुमा बजेट सिधै खाता निकासा उपलब्ध गरिएको र सो निकासा वापत गर्नु पर्ने कार्य भए नभएको अनुगमन र प्रगति प्रतिवेदन बिना नै पुन: अर्को निकासा दिएको हुँदा विद्यालयमा गएको निकासा रकमको शीर्षकगत खर्च प्रगति विवरण पेश हुनु पर्ने देखिन्छ (खाजा, स्टेशनरी, तालिम) ।

## ४. लेखा समिति तथा आ.ले.प. शाखाको सुझावहरु

- कुनैपनि योजना तथा कार्यक्रम सञ्चालन गर्दा अनिवार्य आर्थिक प्रस्ताव स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।
- रु.१ लाखभन्दा माथि रु.५ लाखसम्मको रकमको सेवा तथा सामान खरिद गर्दा कार्यालयमा सूचीकृत फर्महरु मध्ये कम्तिमा ३ वटा सप्लार्यसलाई पत्रचार गरी आर्थिक प्रस्ताव छुट्टा छुट्टै माग गरी तुलानात्मक तालिका बमोजिम स्वीकृत गर्नु पर्ने ।
- कोटेशन मार्फत खरिद गर्दा एउटै फर्मबाट एक पटकभन्दा बढी खरिद गर्न नपाइने कानुनी व्यवस्था हुँदा हुँदै पटक पटक खरिद गर्न नहुन ।
- उपभोक्त समितिका अध्यक्षको एकल सम्झौता गरी विभिन्न कन्स्ट्रक्सनहरुबाट काम गरिएकोले निर्णय गरी गर्नु पर्ने ।
- उपभोक्ता समितिले रु.१ लाख भन्दा बढीको सेवा र सामग्री एउटै बिलमा खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको पालन गर्नु पर्ने ।
- प्रभावकारी र अर्थपूर्ण अनुगमन सञ्चालन गर्नु पर्ने देखिन्छ, न कि पुरा गर्न होइन ।

## ५. चालु अ.व.सम्मको पेश्की बेरुजुको अवस्था

| विवरण | पेश्की बेरुजु रकम | ०८०।८१ मा फछ्र्यौट | कुल बाँकी |
|---|---|---|---|
| असुल उपर गर्नुपर्ने | ८,५२,२१,०००।०६ | ०।० | ८,५२,२१,०००।०६ |
| नियमित गर्नु पर्ने | १८,४३,७६,३२५।५४ | ०।० | १८,४३,७६,३२५।५४ |
| पेश्की बेरुजु | ११,०५,५४,७२५।०६ | १,०८,५९,७००। | ९,९६,९५,०२५।०६ |
| जम्मा | **३८,०१,५२,०५०।६६** | **१,०८,५९,७००।** | **३६,९२,९२,३५०।६६** |

-नियमित गर्नु पर्ने बेरुजु मध्ये नगर सभामा पेश भएको रकम रु.४,५२,९१,०३९।०

## ६. सूचना तथा गुनासो व्यवस्थापन सम्बन्धमा

- विभिन्न पत्रकारहरुबाट विभिन्न मितिमा माग भएको ७ वटा सूचनाहरु सूचना आयोग र अख्तियारको कार्यालय समेतलाई बोर्धाथ दिई पठाइएको छ ।
- विभिन्न व्यक्तिहरुले लिखित, मौखिक र गोप्य सहितको १५ वटा गुनासाहरु पर्न आएका र सबैलाई ससमयमानै फर्छ्यौट गरिएको छ ।
- सबैको रेकर्ड गुनासो रजिष्टरमा राखिएको छ ।

## ७. नगरपालिकाका मुख्य समस्या

- नगरपालिकाद्वारा स्वीकृत ऐन, नियमावली, कार्यविधि तथा मापदण्डहरुको सबैले गहिरो अध्ययन नगर्नु वा अध्ययन भए तापनि कार्यान्वयन नहुनु, नगर्नु ।
- केही शाखा तथा उपशाखाबाट सम्पादन हुने योजना तथा कार्यक्रमहरुको प्रक्रियाहरु नमिल्नु ।
- नगरपालिका मातहतका संघ संस्थाहरुको (विद्यालय, सहकारी) आर्थिक गतिविधिहरु कम्जोर रहेको तथा न.पा.द्वारा अर्थपूर्ण र प्रभावकारी अनुगमन गर्न नसकिएको ।
- आयको सम्भाव्यताहरु नखोजिएको साथै लेखापरीक्षण प्रतिवेदनहरु उपर गहिरो समीक्षा नभएको ।

***

# शिक्षा तथा सामाजिक विकास शाखाको आ.व.२०८०।०८१ को वार्षिक समीक्षा प्रगति प्रतिवेदन

१. शिक्षा तथा सामाजिक विकास शाखा जनशक्ति विवरण

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| १. | उपसचिव (शिक्षा) अधिकृतस्तर दशौं | १ |
| २. | शिक्षा अधिकृत अधिकृतस्तर सातौं | १ |
| ३. | अधिकृत छैटौ | १ |
| ४. | प्राविधिक सहायक सहायकस्तर पाचौं | १ |
| ५. | महिला विकास निरीक्षक सहायकस्तर पाचौं | २ |
| ६. | कार्यालय सहायक | १ |

२. शिक्षण सस्था विवरण

| क्र.सं. | तह | सामुदायिक | संस्थागत |
|---|---|---|---|
| १. | आधारभूत तह १-३ | १४ | ६ |
| २. | आधारभूत तह १-५ | १७ | ५ |
| ३. | आधारभूत तह १-८ | १६ | १२ |
| ४. | माध्यमिक तह १-१० | १२ | १८ |
| ५. | माध्यमिक तह १-१२ | १४ | ३ |
| ६. | माध्यमिक तह ९-१२ | ० | १ |
| ७. | क्याम्पस | १ | ३ |
| | जम्मा | ७४ | ४८ |

३. शिक्षण सस्था बालविकास कक्षा विवरण

| क्र.सं. | तह | सामुदायिक | | संस्थागत |
|---|---|---|---|---|
| १. | बालविकास | संघीय | न.पा .अनुदान | ७ |
| | | ७७ | ८ | |
| २. | समुदायमा आधारित | ६ | | ० |
| ३. | विद्यालय भित्र सञ्चालित | ७९ | | ३७ |
| सामुदायिक सिकाइ केन्द्र : ८ वटा | | | | |

४. विद्यार्थी संख्या विवरण

| क्र.सं. | तह | शैक्षिक सत्र २०८० | | शैक्षिक सत्र २०८१ | |
|---|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत |
| १. | बालविकास | 1196 | 2298 | 1125 | 1720 |
| २. | आधारभूत तह (१-३) | 1896 | 2946 | 1650 | 3015 |
| ३. | आधारभूत तह (४-५) | 1478 | 1884 | 1285 | 1877 |
| ४. | आधारभूत तह (६-८) | 3156 | 2228 | 2745 | 2353 |
| ५. | माध्यमिक तह (९-१०) | 2166 | 854 | 1981 | 993 |
| ६. | माध्यमिक तह (११-१२) | 1992 | 702 | 1123 | 454 |
| | जम्मा | 11882 | 10912 | 9909 | 10412 |

५. विद्यालयहरुमा जम्मा दरबन्दी विवरण

| क्र. सं. | तह | स्थायी | राहत | करार | अनुदान | एक बर्षे शिक्षण सहयोग अनुदान | स्वयं सेवक शिक्षक | विद्यालय सहायक लेखापाल | बाल विकास | विद्यालय सहयोगी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | प्राथमिक | ३४३ | १८ | ४ | ० | ० | ३१ | ० | ८५ | ७३ |
| २. | निम्न माध्यमिक | ९० | २२ | ४ | ० | ५ | ० | ० | | |
| ३. | माध्यमिक | ६९ | १९ | १ | ० | ९ | ४ | २५ | | |
| ४. | सा.उ.मा.वि | ० | ० | ० | ३६ | ० | ० | ० | | |
| | जम्मा | ५०२ | ५९ | ९ | २८ | १४ | ३५ | २५ | ८५ | ७३ |
| | कुल जम्मा : ८२८ | | | | | | | | | |

- व्यास नगर समता विद्यालय शिक्षक/कर्मचारी आन्तरिक स्रोत तर्फ : ७
- विशेष स्रोतकक्षा सञ्चालित विद्यालयहरुमा आया (केयर टेकर) : ९
- सामुदायिक सिकाइ केन्द्र परिचालिका : ८

*माथि उल्लेखित ८५२ जना जनशक्तिहरुलाई मासिक रुपमा तलवभत्ता यस शाखा मार्फत निकासा विवरण तयारी गरी निकासा गरिदै आएको

६. सम्पादित प्रमुख कार्यहरु

- अभिभावक विहिन तथा सडक बालबालिकाहरुको अभिभावकत्व ग्रहण गर्दै व्यास नगरपालिका वडा नं.७ मा वि.सं. २०७८ देखि व्यास नगर समता विद्यालय सञ्चालन गरी आवासीय रुपमा निःशुल्क शिक्षालाई निरन्तरता दिई कक्षा ७ सम्मको पठन पाठनको व्यवस्था गरिएको,
- सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीहरुलाई मासिक रुपमा तलव भत्ता निकासाको थालनी,
- स्वयंसेवक शिक्षक परिचालन,
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरी प्रतिभावान खेलाडी उत्पादनमा सहयोग पुगेको तथा जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा व्यास नगरपालिका प्रथम स्थान हाँसिल गर्न सफल भएको,
- बाल विकास विहिन प्राथमिक तहका विद्यालयहरुमा आन्तरिक दायित्व ग्रहण गरी प्रारम्भिक बाल विकासको दरबन्दी नभएका ८ वटा विद्यालयहरुलाई नगरपालिकाको स्रोतबाट ८ दरबन्दी सृजना गरिएको,
- संघीय सरकारको वार्षिक नीति अनुरुप सिर्जना भएको थप दायित्व पूरा गर्नका लागि नीतिगत र बजेटको व्यवस्था गरी विद्यालय सहायक (लेखापाल), बाल विकास सहयोगी कार्यकर्ता र विद्यालय सहयोगी कर्मचारीको पारिश्रमिक थप गरिएको र प्र.अ.हरुलाई थप प्र.अ. भत्ताको व्यवस्था गरिएको,
- स्थानीय स्तरमा स्थानीय सहभागिता बढाउन कक्षा १-८ को स्थानीय पाठ्यक्रम हाम्रो व्यास नगर तयार गरी लागू गरिएकोले स्थानीय पाठ्यक्रमले विद्यार्थीलाई आफ्नो स्थानीय तहका विविध पक्षमा जानकारी प्राप्त गर्न सहज भएको,
- शैक्षिक कार्ययोजना तथा कार्यक्रमहरु समावेश गरी शैक्षिक क्यालेन्डरको छपाइ गरी सबै विद्यालयहरुलाई वितरण गरी सोही अनुरुप विद्यालयमा शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिएको,
- गरिब तथा जेहन्दार तथा दलित विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृतिको व्यवस्था गरिएको,
- शिक्षक सेवा आयोगबाट स्थायी नियुक्तिका लागि सिफारिस भई आएका माध्यमिक तहको २ जना, निम्न माध्यमिक तहको २ जना र प्राथमिक तहको २६ जना शिक्षकहरुलाई पदस्थापन गरिएको,
- नयाँ स्थायी नियुक्ति लिइ सेवा प्रवेश गरेका स्थायी शिक्षकहरुलाई पेशागत वृत्ति विकासका लागि शिक्षक मेन्टरिङ कार्यविधि २०८० अनुसार ५ जना विषयगत मेन्टर शिक्षकहरुद्वारा नियमित कक्षा अवलोकन तथा सुपरिवेक्षण गरी मेन्टरिङ कार्यक्रम सञ्चालन गरिएको,
- स्रोतकक्षा सञ्चालित विद्यालयहरुको लागि लेखाजोखा संयोजकको व्यवस्थापन,
- नगर स्तरीय कक्षा ५ र कक्षा ८ को वार्षिक परीक्षा सञ्चालन गरी परीक्षामा एकरुपता आइ शैक्षिक गुणस्तर मापन गरिएको,
- व्यास नगरपालिकामा स्थायी ठेगाना भई उच्च शिक्षा अध्ययनका क्रममा रहेका स्नातक/स्नाकोत्तर तहका १९ जनालाई प्रति विद्यार्थी १२ हजारका दरले र कक्षा ९-१२ का ३० जना दलित विद्यार्थीहरुलाई प्रति विद्यार्थी १० हजारका दरले र अन्य र

कक्षा ९-१२ का १०२ जना विद्यार्थीहरुलाई प्रतिविद्यार्थी १० हजारका दरले जम्मा रु.१२,४८,०००। छात्रवृत्ति रकम वितरण गरिएको । उक्त रकमबाट जेहेन्दार तथा विपन्न विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनमा सहयोग पुगेको,

- पुरस्कार र दण्डलाई आत्मसाथ गर्न उत्कृष्ट प्र.अ.,शिक्षक, बालविकास सहजकर्ता र विद्यार्थीहरुलाई पुरस्कृत गरिएको जसबाट शिक्षकहरुलाई कार्यसम्पादनमा हौसला बढेको र विद्यार्थीहरुलाई सिकाइ उपलब्धि वृद्धि गर्न उत्प्रेरणा वृद्धि भएको,
- धार्मिक प्रकृतिका विद्यालयहरु ६ वटा मदर्सा र १ वटा वेदविद्याश्रम गुरुकुललाई अनुदान रकम उपलब्ध गराई परम्परागत शिक्षा लाई प्रोत्साहन गरिएको,
- १ वटा बाहेक सवै सामुदायिक विद्यालयहरुमा नयाँ विद्यालय व्यवस्थापन समिति गठन प्रक्रिया पुरा भएको,
- नगरपालिका स्तरीय शैक्षिक कार्यपात्रो निर्माण तथा कार्यान्वयनले सबै विद्यालयमा समान रूपमा शैक्षिक गतिविधि सञ्चालन गर्न सहज भएको,
- बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रमका लागी व्यास नगरपालिका अन्तर्गतका सबै वडाहरुमा बालबालिकाहरुको तथ्याङ्क संकलन गर्न आवश्यक सहजीकरणका लागि सबै सिकाइ केन्द्रका परिचालिकाहरुलाई घर-घर तथा समुदायमा खटाइएको,
- सामुदायिक विद्यालयका शिक्षकहरुलाई पाठ्यक्रम प्रवोधिकरण कार्यक्रम सञ्चालन गरी सम्पन्न गरिएको,
- २० वटा सामुदायिक माध्यमिक विद्यालयहरुलाई विद्युतीय सेनिटरी प्याड डिस्पोजल मेसिन वितरण गरिएकोले प्रयोगमा आएका सेनिटरी प्याड व्यवस्थापन गर्न सहज भएको,
- विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि लगायत विविध पक्षमा छलफल गर्न सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको,
- सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (**Recovery and Accelerated Learning Real Plan**) अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी निदानात्मक परीक्षा सम्पन्न गरिएको
- बालबालिकाहरुको अपाङ्गता प्रारम्भिक पहिचान (**disability screening**) गर्ने विषयमा दुई दिवसीय क्षमता विकास तालिम सम्पन्न गरिएको ।
- **IEMIS** सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको ।
- नगर शिक्षा समिति तथा सामाजिक विकास समितिको आवश्यकता अनुसार बैठक बसी विभिन्न शिक्षा सम्बन्धी निर्णय गरिएको ।

| क्र.सं. | कार्यक्रम | दिन | शिक्षक संख्या |
|---|---|---|---|
| १. | सूचना तथा सञ्चार प्रविधि (ICT) सम्बन्धी क्षमता विकास तालिम | ५ दिन / ३ समूहमा | ६८ जना |
| २. | एकीकृत पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रम सम्बन्धी क्षमता विकास तालिम | ५ दिन / ३ समूहमा | ७९ जना |
| ३. | कक्षा ८ को परीक्षा सम्बन्धी सम्पूर्ण विवरण online IEMIS प्रणालीमा अध्यावधिक गर्ने सम्बन्धी क्षमता विकास तालिम | १ दिन | ६० जना |
| ३. | विद्यालयको सम्पूर्ण तथ्याङ्क online IEMIS मा अध्यावधिक गर्ने सम्बन्धी क्षमता विकास तालिम | ३ दिन | १०७ जना |
| ४. | प्रश्नपत्र निर्माण कार्यशाला | १ दिन | ८० जना |
| ५. | कक्षा ५ ,८ र १० को पाठ्यक्रम प्रवोधीकरण कार्यक्रम | २ दिन | ७२ जना |
| ६. | बालबालिकाहरुको प्रारम्भिक अपाङ्गता पहिचान सम्बन्धी तालिम | २ दिन | ७० जना |
| ७. | विपदको समयमा सिकाइ आपुरण द्रुत सिकाइ योजना (REAL Plan) सम्बन्धी अभिमुखीकरण कार्यक्रम | २ दिन | १२४ जना |
| ८. | विषयगत शिक्षकहरुद्वारा शिक्षण सिकाइमा भएका समस्याहरु तथा योजनाका विषयमा अन्तरक्रिया | १ दिन | ११० जना |
| ९. | विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरुलाई क्षमता विकास कार्यक्रम | २ दिन | ९३ जना |
| १०. | अन्य विविध तालिमहरुमा सहभागी हुन शिक्षा तालिम केन्द्रमा माग भई आए अनुसारका शिक्षकहरुलाई सिफारिस गरी पठाइएको | | ५२ जना |

तीन वटा विद्यालयहरुमा विज्ञान प्रयोगशाला स्थापना

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | अनुदान रकम रु. | स्रोत |
|---|---|---|---|
| १. | श्री माहेन्द्री मा.वि. व्यास-९ | ६,५०,०००। | सशर्त |

| | | | |
|---|---|---|---|
| २. | श्री बाराही मा.वि. व्यास-११ | ६,५०,०००। | सशर्त |
| ३. | श्री जनजागृति गंगा मा.वि. व्यास-१३ | ६,५०,०००। | सशर्त |

५ वटा विद्यालयहरुमा इ-पुस्तकालय (लाईब्रेरी) स्थापना

| क्र.सं | विद्यालयको नाम र ठेगाना | अनुदान रकम रु. | स्रोत |
|---|---|---|---|
| १. | श्री चण्डिदेवी राष्ट्रिय मा.वि. व्यास-१० | ६,५०,०००।- | सशर्त |
| २. | श्री शिव मा.वि. व्यास-१० | ६,५०,०००।- | सशर्त |
| ३. | श्री सर्वज्योति मा.वि. व्यास-१० | ६,५०,०००।- | सशर्त |
| ४. | श्री चण्डिका आ.वि. व्यास-११ | ३,२५,०००।- | सशर्त |
| ५. | श्री छाब्दी बाराही आ.वि. व्यास-१२ | ३,२५,०००।- | सशर्त |

नयाँ कक्षा थप अनुमति

| क्र.सं | विद्यालयको नाम र ठेगाना | अनुमति. |
|---|---|---|
| १. | श्री शान्तिदान मन्टेश्वरी व्यास-१ | प्रारम्भिक बालविकास |
| २. | श्री मायाँ युनिभर्स व्यास-१३ | कक्षा-३ |
| ३. | श्री सिद्दबेनी मा.वि. व्यास-१३ | कक्षा ९ |
| ४. | श्री आदिकवि भानुभक्त मा.वि. व्यास-१ | कक्षा १० |

**नमूना विद्यालयको अवस्था :** यस नगरपालिका अन्तर्गत श्री निर्मल माध्यमिक विद्यालय र सत्यवती माध्यमिक विद्यालय नेपाल सरकारबाट छनौट भई नमूना विद्यालयका रुपमा विकास गर्ने गरी आ.व.०७४/७५ देखि सुरु भएको । यस आ.व. ८०/८१ मा नमूना विद्यालयको शैक्षिक व्यवस्थापन सुधारका लागि विनियोजित अनुदान रकम १ करोड ५ लाख रुपैया मध्ये विद्यार्थी संख्याको आधार र कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार सत्यवती माध्यमिक विद्यालयलाई ६० लाख रुपैयाँ र निर्मल माध्यमिक विद्यालयलाई ४५ लाख रुपैयाँ अनुदान दिइएको, जसबाट विद्यालयले बालमैत्री कक्षा, विद्यालयको सिकाइ वातावरण सुधार, शिक्षकको पेशागत विकास लगायतका शैक्षिक कार्यक्रमहरु गर्न प्रस्तावना पेश गरेको ।

## ७. अनुभूतिहरू

- ❖ विद्यालय अनुगमनका लागि शिक्षा तथा सामाजिक विकास शाखालाई सवारी साधन उपलब्ध नहुन नसक्नुले विद्यालय अनुगमन तथा सुपरिवेक्षण चाहेजति हुन सकेको छैन,
- ❖ शिक्षा तथा सामाजिक विकास शाखामा उपलब्ध जनशक्ति अनुसार नियमित कार्य सम्पादनका लागि कार्यालय समयका अतिरिक्त विहान, बेलुका, सार्वजनिक दिन समेत कार्य गर्नु पर्ने हुँदा कर्मचारीलाई कार्यालयको काम प्रति थप समर्पित, जागरुक, उत्साहित र जिम्मेवार बनाई प्रोत्साहितका लागि कार्यालयबाट कुनै सेवा/सुविधा उपलब्ध हुन सकेको छैन,
- ❖ नगर कार्यपालिकाका केही निर्णयहरु प्रचलित ऐन, नियमावली तथा कानुनसँग बाझिनु,
- ❖ स्वयसेवक शिक्षक, बालविकास सहजकर्ता, विद्यालय सहयोगी र लेखापालको आन्तरिक स्रोत तर्फको नियमित तलवभत्ता बापतको रकम भुक्तानीका लागि कुनै पनि महिनामा बजेट पर्याप्त नहुनुले सशर्त रुपमा आएको अनुदान मात्र मासिक रुपमा निकासा गर्नु पर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएकोले न्यून तलवभत्ता भएका उल्लेखित शिक्षक कर्मचारीहरुले समयमा तलव नपाउनु समस्याको विषय रहेको छ,
- ❖ आन्तरिक स्रोत तर्फका कार्यक्रम कार्यान्वयन गरी भुक्तानीका लागि पेश भएका फाइलहरु बजेट पर्याप्त नभएका कारण आर्थिक वर्ष समाप्त हुँदासम्म पनि भुक्तानी नहुनुले कार्यक्रम कार्यान्वयन गर्न असहज भएको,
- ❖ यस शाखामार्फत विद्यालयहरुमा विविध निकासाहरु र शिक्षक तथा कर्मचारीहरुको मासिक तलवभत्ता निकासा गर्नु पर्ने हुँदा हालसम्म कुनै सफ्टवयर नहुँदा समस्या भएको र कम्प्युटर समेत पुरानो भएकोले समस्या आइरहने हुँदा शाखालाई आवश्यक सफ्टवयर सहित प्रविधिमैत्री बनाउनुपर्ने देखिन्छ,
- ❖ कर्मचारीहरुका लागि पुनर्ताजगी तथा क्षमता विकास तालिम सञ्चालन गर्नु पर्ने,
- ❖ अधिकांश विद्यालयहरुमा एउटै तहमा एउटै विषयको दरबन्दी दोहोरिएको र कुनै विषयको दरबन्दी नभएकोले विद्यालयहरुमा तहगत र विषयगत दरबन्दी मिलान गरी विद्यालयगत दरबन्दी अभिलेखीकरण गर्नु पर्ने देखिन्छ,
- ❖ विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि क्यारियर काउन्सिलिङ नहुँदा कक्षा ८, १० र १२ मा पढ्ने बालबालिकाहरुले भविष्यमा मैले पढ्ने विषय कुन हो ? मैले उक्त विषय पढेर के गर्ने ? यसका लागि सम्पर्क कहाँ गर्ने ? यसले मेरो जीवनमा

के कुरामा सहयोग गर्छ आदि जस्ता कुराको बारेमा बालबालिकाहरुलाई जानकारी दिन जरुरी छ । यस्ता खालका कुराहरु विद्यालय तहको पाठ्यक्रममा समावेश नभए पनि यो मानव जीवनको एक महत्वपूर्ण पाठ हो । हरेक वर्ष माथि उल्लेखित कक्षाका बालबालिकाहरुलाई क्यारियर काउन्सिलिङ गर्न जरुरी देखिन्छ,

- ❖ माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुमा माध्यमिक तह कै स्थायी शिक्षकलाई प्रधानाध्यापकमा नियुक्ति गर्नु पर्ने देखिन्छ,
- ❖ विद्यालयका प्रधानाध्यापकहरुलाई प्रशासनिक तथा नेतृत्व सम्बन्धी क्षमता विकास तालिम, लेखापालहरुलाई लेखा व्यवस्थापन सम्बन्धी तालिम र बाल विकास सहजकर्ताहरुलाई मन्टेश्वरी सम्बन्धी तालिम सञ्चालन नभएकोले आगामी दिनमा सञ्चालन गर्न अत्यन्तै आवश्यक देखिएको छ ।

## ८. भावी कार्यदिशा

- ❖ अनिवार्य तथा नि:शुल्क शिक्षालाई जोड दिई क्रमश: कार्यान्वयन गर्दै जाने,
- ❖ नगर शिक्षा नीति तथा योजनाको निर्माण र कार्यान्वयन,
- ❖ नतिजामा आधारित उत्कृष्ट विद्यालयहरुलाई प्रोत्साहन कार्यक्रम,
- ❖ शैक्षिक गुणस्तर अभिवृद्धि : विद्यार्थी केन्द्रित सुधार,
- ❖ शिक्षण सिकाईमा डिजिटल प्रविधिमा जोड,
- ❖ प्र.अ. तथा शिक्षकको क्षमता अभिवृद्धि,
- ❖ विषयगत र तहगत दरवन्दी मिलान,
- ❖ विद्यालय समायोजन,
- ❖ नगर शिक्षा योजना निर्माण,
- ❖ स्थानीय पाठ्यक्रम कार्यान्वयनमा सहजीकरणका लागि शिक्षक निर्देशिका निर्माण,
- ❖ शैक्षिक सुधारका लागि समुदायहरुमा अभिभावक शिक्षा तथा शैक्षिक अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन,

## ९. मूख्य समस्या तथा समाधानका उपायहरु

- नगरपालिकाले दरबन्दी कम भएका विद्यालयहरुमा स्वयंसेवक शिक्षकको व्यवस्थापन गरेकोले केही वडाहरुमा वडाको विकास निर्माणको बजेटबाट समेत शिक्षक व्यवस्थापन गरिएकोले लेखापरीक्षण प्रक्रियामा समस्या भएको हुँदा एउटै प्रकृतिको स्वयंसेवक शिक्षक मात्र कायम राख्नु पर्ने,
- विद्यालयहरुलाई विद्यार्थी संख्या तथा भौगोलिक दुरी र आवश्यकताका आधारमा दरबन्दी कायम गरी दरबन्दी मिलान तथा विद्यालय समायोजन एवं मर्ज गर्नु पर्ने,
- तहगत शिक्षक दरबन्दीको परिपूर्ति गर्नु,
- तहगत तथा विषयगत शिक्षक उपलब्ध गराउनु,
- शिक्षक तथा कर्मचारीहरुलाई आफ्नो पेशाप्रति लगनशील प्रतिबद्ध बनाउनु,
- शिक्षकहरुलाई समयानुकूल सूचना सञ्चार प्रविधिको सक्षमता विकास गर्नु,
- अभिभावकहरुको सामुदायिक विद्यालय प्रतिको धारणामा सकारात्मक परिवर्तन ल्याउनु,
- विद्यार्थीहरुलाई सिकाइप्रति अभिप्ररित गर्नु,
- अभिभावकको अङ्ग्रेजी शिक्षाप्रतिको मोहलाई सम्बोधन गर्नु,
- नगरपालिकाभित्रका सामुदायिक विद्यालयको समग्र शैक्षिक उपलब्धि वृद्धि गर्नु,
- जनप्रतिनिधि तथा शिक्षक, कर्मचारीहरुका छोराछोरी सामुदायिक विद्यालयमै अध्ययन गराउने निर्णय कार्यान्वयन गर्ने,
- संविधान र अनिवार्य तथा नि: शुल्क शिक्षा सम्बन्धी ऐनले गरेको व्यवस्था अनुसार नि:शुल्क र अनिवार्य शिक्षाको प्रत्याभूति गराउनु,
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु,
- कक्षागत र विषयगत रुपमा दरबन्दी मिलान गर्नु,
- विद्यालय समायोजन गर्नु,
- शिक्षण सिकाई तथा विद्यालय व्यवस्थापनमा नवीन प्रविधिको प्रयोग गर्नु,
- विद्यालयको भौतिक पुर्वाधार सवल बनाउनु,
- शिक्षकको क्षमता अभिवृद्धि गर्नु,
- प्रधानाध्यापक र वि.व्य.स. को नेतृत्व तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्नु,
- शिक्षा ऐन तथा सो अनुसार नियमावली, निर्देशिका तथा कार्यविधिको निर्माण गर्नु,

- विद्यालयको लेखा व्यवस्थापनलाई प्रभावकारी बनाउनु,
- नियमित शैक्षिक सुपरिवेक्षण तथा सहायता संयन्त्रलाई प्रभावकारी बनाउनु,
- शैक्षिक क्षेत्रमा सुधारका लागि वडा शिक्षा समितिको क्षमता विकास र परिचालन गर्नु,
- सामुदायिक तथा संस्थागत विद्यालयहरुको प्रभावकारी अनुगमन तथा नियमन गर्नु ।

१०. वित्तीय प्रगति प्रतिवेदन

| सि.नं. | बजेट उपशीर्षकको नाम (संघीय सरकार कार्यक्रम) | वार्षिक बजेट | वार्षिक खर्च रकम | वितिय प्रगति प्रतिशत | कै. |
|---|---|---|---|---|---|
| १. | विद्यालय शिक्षा क्षेत्र योजना | ९,७९,३२,०००। | ८,७५,००,१७६।७० | ८९.३४ | सशर्त |
| २. | सबैका लागि शिक्षा आधारभूत शिक्षा (आधारभूत शिक्षक तलब भत्ता) | ३०,३२,००,०००। | २८,२८,४४,२२९।४० | ९३.२८ | सशर्त |
| ३. | माध्यमिक शिक्षक तलव भत्ता | ९,१४,००,०००। | ८,६२,७२,३०९।६० | ९४.३८ | सशर्त |
| ४. | पालिका तर्फका कार्यक्रम | ३,५७,५०,०००। | २,८८,८१,७०८। | ८०.७८ | आन्तरिक |
| | **जम्मा** | ५२,८२,८२,०००। | ४८,५४,९८,४२३.७ | ९१.९० | |

| सि.नं. | कार्यक्रमको नाम | इकाई | भौतिक | | | वित्तीय प्रगति | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | प्रगति | प्रगति % | जम्मा बजेट | खर्च रकम | प्रगति % |
| | शिक्षक तलवभत्ता | | | | | | | |
| १. | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद् अन्तर्गतका शिक्षक/कर्मचारीहरू समेत) | शिक्षक | ४८० | ४८० | १०० | ३०३,२००,०००। | २८,२८,४४,२२९। | ९३.२९ |
| २. | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद् अन्तर्गतका शिक्षक / कर्मचारी, प्राविधिक धारका प्रशिक्षक समेत) | शिक्षक | ११९ | ११९ | १०० | ९१,४००,००० | ८,६२,७२,३१०। | ९४.३९ |
| ३. | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | जना | 151 | 151 | 100 | २३,९९२,००० | २३,५८१,२३१ | 98.29 |
| ४. | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | विद्यार्थी | 11700 | 9734 | 83.2 | ७,६८४,००० | ६,४५१,६३२ | 83.96 |
| ५. | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | विद्यार्थी | 4281 | 4281 | 10. | १३,३१९,००० | १०,९८०,२५० | 82.44 |
| ६. | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | विद्यालय | 74 | 74 | 100 | ६,०७८,००० | ६,०७८,००० | 100.00 |
| ७. | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | सामुदायिक सिकाइ केन्द्र | 8 | 8 | 100 | ३६५२००० | 2,796,750 | 76.58 |
| ८. | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | विद्यालय | 11 | 11 | 100 | १६६१६००० | 16257862 | 97.84 |
| ९. | सामुदायिक विद्यालयका छात्राहरुलाई | छात्रा | 4250 | 4250 | 100 | ३७९७००० | 2007280 | 52.86 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | विद्यार्थी | | | | | | |
| १०. | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शीक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण | मेन्टर | 26 | 26 | 100 | २२९०००० | 2053152 | 89.66 |
| ११. | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शिक्षक | 9 | 9 | 100 | ५११२००० | 5111613 | 99.99 |
| १२. | आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शिक्षक | 5 | 5 | 100 | २२५७००० | 2257000 | 100.00 |
| १३. | कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपद्को समयमा सिकाई निरन्तरताका लागि कार्यक्रम | पटक | 1 | 1 | 100 | ५००००० | 499933 | 99.99 |
| १४. | प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सिकाई सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान | विद्यार्थी | 9850 | 9850 | 100 | ४६४७००० | 4039674 | 86.93 |
| १५. | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | विद्यार्थी | 4000 | 3868 | 96.70 | ५६५६००० | 5153800 | 91.12 |
| १६. | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता (स्थानीय तह स्तरीय ) | पटक | १ | १ | 100 | १००००० | 100000 | 100.00 |
| १७. | CTEVT को मापदण्ड बमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान | विद्यालय | ३ | 0 | 0.00 | २१००००० | 0 | 0.00 |
| १८. | विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थी लागि छवत्रवृत्ति | विद्यार्थी | 6 | 6 | 100 | 132000 | 132000 | 100.00 |
| | जम्मा | | | | 93.99 | 492532000 | 456616715.70 | 92.71 |

| क्र.स | क्रियाकलापको नाम | अनुमान | खर्च | वित्तीय प्रगति |
|---|---|---|---|---|
| १. | व्यास नगर समता आवासीय विद्यालय सचालन | 45,00,000। | 17,22,122। | 38.27 |
| २. | व्यास नगर समता आवासीय विद्यालय सचालन | 35,00,000। | 33,99,580। | 97.13 |
| ३. | बाल विकास शिक्षक तलब व्यवस्थापन | 80,00,000। | 73,89,990। | 92.37 |
| ४. | लेखापाल थप तलब व्यवस्थापन | 12,50,000। | 10,70,399। | 85.63 |
| ५. | विद्यालय सहयोगी थप तलब व्यवस्थापन | 60,80,000। | 51,90,031। | 85.36 |
| ६. | स्वयंसेवक शिक्षक व्यवस्थापन (९ महिना) | 49,70,000। | 49,16,400। | 98.92 |
| ७. | सामुदायिक विद्यालय प्रधानाध्यापक थप भत्ता सुविधा | 4,00,000। | 2,75,100। | 68.78 |
| ८. | नगरस्तरीय कक्षा ५ र ८ परीक्षा सञ्चालन कार्यक्रम | 8,00,000। | 7,87,511। | 98.44 |
| ९. | बालमैत्री न.पा व्यवस्थापना (अभिभावक अभिमुखीकरण समेत) | 15,00,000। | 7,50,000। | 50.00 |
| १०. | मदर्शा शिक्षा व्यवस्थापना अनुदान | 7,00,000। | 7,00,000। | 100.00 |
| ११. | पराशर आश्रम गुरुकुल शिक्षा व्यवस्थापना | 5,00,000। | 5,00,000। | 100.00 |
| १२. | उच्च शिक्षा अध्ययन/अनुसन्धान / छात्रबृत्ति सहयोग | 15,00,000। | 12,13,000। | 80.87 |
| १३. | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापना | 6,00,000। | 6,00,000। | 100.00 |

| | | | | |
|---|---|---|---|---|
| १४. | मेयर, उपमेयर कप अन्तर मा.वि. छात्रछात्रा खेलकुद प्रतियोगिता | 5,00,000। | 0। | 0.00 |
| १५. | वैकल्पिक शिक्षाका लागि Room to Read कार्यक्रम अन्तर्गत सहयोग | 5,00,000। | 0। | 0.00 |
| १६. | गोष्ठी, सम्मान, शिक्षक अनुभव आदान प्रदान बैठक समेत | 3,00,000। | 2,77,575। | 92.53 |
| १७. | मा.वि. स्तरीय विद्यार्थी उत्कृष्ट प्रतिभा पुरस्कार | 5,00,000। | 3,00,000। | 60.00 |
| | जम्मा | **3,57,50,000।** | **2,88,81,708।** | **80.79** |

**११. महिला बालबालिका अपांगता तथा ज्येष्ठ नागरिक उपशाखा तर्फ**

- गर्भवती महिला पोषण सहयोग कार्यक्रम (महिलासँग उपमेयर) सहभागिता -२०८०
- यस आ.व.०८०/०८१ को २०८१ असार २३ गतेसम्म २३० जना गर्भवती महिलाहरुलाई रु.५०००।- का दरले ११,५०,००० रकम प्रोत्साहन रकम वितरण गरिएको,
- असार २३ पछि ११ वटा निवेदन संकलन गरी राखिएको,
- **व्यास नगरपालिका स्तरीय अपांगता समन्वय समिति ।**

  **दिवसीय कार्यक्रम**
- राष्ट्रिय तथा अन्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस यस नगरपालिका अन्तर्गत सूचीकृत भएका ६ वटा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र र वृद्धाश्रमहरुमा नगरपालिकाको आर्थिक सहयोगमा विविध कार्यक्रम गरी मनाइएको,
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मिति २०८०/८/९ गते देखि २०८०/९/२४ सम्म विविध कार्यक्रम गरी मनाइएको,
- अन्तराष्ट्रिय अपांगता दिवसका दिन व्यास नगरपालिका भित्र श्रोत कक्षा सञ्चालन भएका विद्यालयका विद्यार्थीहरु, विभिन्न संघ संस्थाहरुको सहभागितामा प्रभातफेरी सहित अन्तक्रिया गरी कार्यक्रम मनाइएको थियो,
- यस आ.व. ०८०/०८१ को श्रावण देखि हालसम्म पुरुष ७१ र महिला ७१ गरी जम्मा १४२ जनालाई ज्येष्ठ नागरिक परिचय पत्र वितरण गरिएको छ,
- यस आ.व.०८०/०८१ मा हालसम्म क वर्गमा ११ जना, ख वर्गमा २७ जना, ग वर्गमा २३ जना र घ वर्गमा ८ जना गरी जम्मा ६९ जनालाई अपांगता परिचयपत्र वितरण गरिएको ।
- १०+२ तह उत्तीर्ण वेरोजगार महिला उद्यमशीलता सहयोग कार्यक्रम अन्तर्गत सबै प्रकृया पुरा गरी १४ जना मध्ये १३ जनालाई ५०,०००।- र १ जनालाई ४०,०००।- का दरले ६,९०,०००।- अनुदान रकम वितरण गरिएको ।
- यस आ.व ०८०/०८१ को श्रावण देखि हालसम्म ९ वटा संस्था दर्ता भएका छन् र २४ वटा संस्थाहरु नवीकरण गरिएको छ ।
- लैङगिक हिंसा निवारण कोष स्थापना गरी हिंसामा परेका महिलाहरुलाई कोषबाट आर्थिक सहयोग गरिएको । यस आ.व मा १ जना हिंसामा परेको महिलालाई रु.१०,०००।- यस कोषबाट आर्थिक सहयोग गरिएको ।
- मिति २०८०/१२/७ गते गोकेणेश्वर नगरपालिका काठमाडौ देखि गण्डकी प्रदेश पोखरासम्मको तेश्रो साहसिक ह्ववीलचियर यात्रा गर्नुभएका ह्ववीलचियर यात्रीहरुलाई स्वागत गरी प्रति व्यक्ति रु.३,०००।- का दरले २ जनालाई ६,०००।- आर्थिक सहयोग गरिएको ।
- मिति २०८०/१२/२६ गते व्यास नगरपालिकाका सम्पूर्ण कार्यपालिकाका सदस्यहरु, समन्वय समितिका पदाधिकारीहरु, शाखा प्रमुखहरु र सम्पूर्ण वडाका वडा सचिवहरुलाई अपांगता भएका व्यक्तिहरुको हक अधिकार ,कानुनी प्रकृया र अपांगता परिचय पत्र वितरण कार्यविधि सम्बन्धमा १ दिने अभिमुखिकरण कार्यक्रम गरिएको ।
- मिति २०८१/१/२४ देखि २६ गतेसम्म महिला जनप्रतिनिधिहरुलाई नेतृत्व तथा क्षमता विकास तालिम सञ्चालन गरिएको ।
- मिति २०८२/१/२७ र २८ गतेसम्म १४ वटा वडामा स्थायी बसोबास गर्ने ४२ जना लक्षित समुहका महिलाहरुलाई नेतृत्व तथा उदघोषण तालिम सञ्चालन गरिएको ।
- मिति २०८१/२/१२ गते व्यास नगरपालिकाका सम्पूर्ण कार्यपालिका सदस्यहरु गैरदलित वडा सदस्यहरु दलित समुदायको अगुवाहरुलाई दलितमैत्री दलित सशक्तिकरण सम्बन्धी १ दिने अभिमुखिकरण कार्यक्रम गरिएको ।
- मिति २०८१/२/१६ गते छैटौ राष्ट्रिय महिला अधिकार दिवसका अवसरमा महिला सशक्तिकरण तथा कानुनी सचेतना सम्बन्धी प्रशिक्षण कार्यक्रम गरी मनाइएको ।
- राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत २५ जना लक्षित समुहका महिलाहरुलाई ५ दिने वाख्रापालन सम्बन्धी तालिम सम्पन्न गरि तालिम प्राप्त महिलाहरुका लागि आयमूलक व्यवसाय सञ्चालन गर्नका लागि अनुदान उपलब्ध गराउनका लागि अनुगमन भई सम्झौता गरी प्रत्येकलाई रु.२,६००० दरले ६,५०,०००।- अनुदान रकम बैक मार्फत उपलब्ध गराइएको ।
- राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रममा छनौट भएका २५ जना लक्षित समूहका महिलाहरुलाई दिईने अनुदान परिचालन सम्बन्धमा अभिमुखिकरण कार्यक्रम गरिएको ।

- व्यास नगरपालिका भित्र व्यवसाय गरेका महिला उद्यमीहरुको तथ्याङ संकलन गरी अध्यावधिक गरी राखिएको साथै १ देखि १४ नं वडासम्म बसोबास गर्ने २८ उद्यमी महिलाहरुलाई ३ दिने उद्यमशीलता विकास सम्बन्धी तालिम दिइएको ।
- ग वर्गका पहेलो कार्ड प्राप्त अपांगता भएका १८८ जना व्यक्तिहरुलाई रु.४०००। का दरले ७,५२,०००। रकम वितरण गरिएको ।
- मिति २०८१/३/१६ गते दलित तथा गैर दलित बिच जातिय विभेद एवं छुवाछुत अन्त्यका लागि १ दिने अन्तरघुलन कार्यक्रम सम्पन्न गरिएको ।

**१२. सम्पादित उल्लेखनीय काम**

- व्यास नगरपालिका भित्र स्थायी बसोबास गर्ने गर्भवती महिलाहरुलाई पोषण प्रोत्साहन रकम रु. ५००० का दरले वितरण कार्यक्रम,
- ग वर्गका अपांगता भएका व्यक्तिहरुलाई प्रोत्साहन रकम रु ४,०००। का दरले वितरण कार्यक्रम,
- सम्पूर्ण वडाका लक्षित समुहका ४२ जना महिलाहरुलाई २ दिने नेतृत्व तथा उद्घघोषण तालिम सञ्चालन ।

**१३. असल अभ्यासहरु**

- आर्थिक रुपमा विपन्न गर्भवती महिलाहरुलाई पोषणयुक्त खानेकुरा खान टेवा पुगेको,
- संघीय सरकारको नियममा ग वर्गका अपांगता भएका व्यक्तिहरुलाई सम्बोन्धन नगरेतापनि न.पा. ले सम्बन्धित व्यक्तिहरुलाई वडामा नै गई प्रोत्साहन रकम वितरण गर्दा राहत महशुस गरेका,
- महिलाहरुको सचेतनामा वृद्धि भएको ।

**१४. समस्याहरु**

- आर्थिक रुपमा विपन्न गर्भवती महिला भने तापनि जुनसुकै वर्गका गर्भवती महिलाहरुलाई वडाले सिफारिस गर्ने गरेको,
- संघीय सरकारले उपलब्ध गराएको अपांगता भत्ताभन्दा पालिकाले उपलब्ध गराएको प्रोत्साहन रकम धैरै कम भएको गुनासो गरेका,
- महिलाहरुको नेतृत्व तथा क्षमता विकास कार्यक्रम गर्नका लागि पालिकाले छुट्याएको बजेट कम भएको ।

# योजना तथा शहरी पूर्वाधार विकास शाखाको आ.व.२०८०।०८१ को वार्षिक समीक्षा प्रगति प्रतिवेदन

**१. बजेट स्थिति** (रु.हजारमा)

| सि.नं. | विषय | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
|---|---|---|---|---|---|
| १ | सभाबाट स्वीकृत बजेट रकम | १,५९,०४,५२।०० | १,६२,१७,५२।०० | १,७८,३५,५४।०० | १,६७,११,२७।०० |
| २ | यथार्थ खर्च रकम | १,३७,३५,६२।०० | १,१५,८७,०६।०० | १,२१,४५,१४।७३ | १,२०,३८,१५।७४ |
| ३ | यथार्थ खर्चको प्रतिशत | ८६।३६ | ७१।४५ | ६८।०९ | ७२।०४ |

**२. क्षेत्रगत विनियोजित बजेट** (रू. हजरमा)

| सि.नं. | विषयगत समिति | विनियोजित बजेट | खर्च भएको रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार विकास | ५७,७७,९३।३४ | ३१,९०,२८।०७ | ५५।२१ |
| २ | सामाजिक विकास | ६४,७७,५७।६६ | ५४,०४,२०।६० | ८३।४३ |
| ३ | आर्थिक विकास | ७,६४,००।०० | ४,४५,७४।९१ | ५८।३४ |
| ४ | वन वातावरण तथा विपद् व्यवस्थापन | १,९९,५०।०० | १,७३,६३।३४ | ८७।०३ |
| ५ | सुशासन तथा संस्थागत विकास | ३४,९२,२६।०० | २८,२४,२८।८३ | ८०।८७ |
| | जम्मा | १,६७,११,२७।०० | १,२०,३८,१५।७५ | ७२।०४ |

**३. योजना लगतको अवस्था**

| सि.नं. | विवरण | संख्या | प्रतिशत | योजनाका किसिम |
|---|---|---|---|---|
| १. | रु.५० लाखभन्दा बढी लागत भएका योजना संख्या | १६ | १.५९% | विविध |
| २. | रु.२० लाखभन्दा बढी ५० लाखभन्दा कम लागत भएका योजना संख्या | १५ | १.४९% | ,, |
| ३. | रु.५ लाखभन्दा बढी २० लाखभन्दा कम लागत भएका योजना संख्या | ११९ | ११.८३% | ,, |
| ४. | रु.१ लाखभन्दा बढी ५ लाखभन्दा कम लागत भएका योजना संख्या | ३६८ | ३६.५८% | ,, |
| ५. | रु.१ लाखसम्म लागत भएका योजना संख्या | ४८८ | ४८.५१% | ,, |
| | **जम्मा** | **१००६** | **१००%** | |

**४. उपभोक्ता मार्फत भएका योजनाहरुको प्रगति**

| वडा नं. | कुल योजना संख्या | सम्झौता प्रगति प्रतिशत | सम्पन्न प्रगति प्रतिशत |
|---|---|---|---|
| १ | ६६ | १००।०० | १००।०० |
| २ | ४२ | १००।०० | ९७।६२ |
| ३ | ५८ | १००।०० | ९३।१० |
| ४ | ३२ | ९०।६३ | ९०।६३ |
| ५ | ७० | १००।०० | ९२।८६ |
| ६ | ७० | १००।०० | ९८।५७ |
| ७ | ६० | १००।०० | ९८।३३ |
| ८ | ४८ | १००।०० | ९५।८३ |
| ९ | ६७ | १००।०० | ९८।५१ |
| १० | ११६ | १००।०० | १००।०० |
| ११ | ११५ | ९९।१३ | ९५।६५ |
| १२ | ८९ | १००।०० | ९२।१३ |
| १३ | ७२ | १००।०० | ९७।२२ |

| वडा नं. | कुल योजना संख्या | सम्झौता प्रगति प्रतिशत | सम्पन्न प्रगति प्रतिशत |
|---|---|---|---|
| १४ | ६० | १००।०० | ९८।३३ |
| **कुल** | **९६५** | **९९।५९** | **९६।५८** |

**५. ठेक्का मार्फत भएका योजनाहरुको प्रगति**

| वर्ष | सम्पन्न | सम्झौता | नभएका | सूचना | जम्मा |
|---|---|---|---|---|---|
| आ.व. **२०८०÷०८१** | २२ | १९ | ० | ० | ४१ |
| **जम्मा** | २२ | **१९** | **०** | **०** | **४१** |

**६. समग्र योजनाहरुको प्रगति**

| **कार्यक्रमको अवस्था** | **योजनाको संख्या** |
|---|---|
| **सम्पन्न भएका** | **९५४** |
| **सम्झौता भएका** | **४८** |
| **सम्झौता नभएका** | **४** |
| **सूचना प्रकाशनमा** | **०** |
| **जम्मा** | **१००६** |

**७. क्षेत्रगत भौतिक प्रगतिको अवस्था (आ.व.२०८०/०८१)**

| सि. नं. | विवरण | इकाई | भौतिक प्रगति | |
|---|---|---|---|---|
| | | | **०८०।८१ मा थप** | **०८०।८१ सम्मको जम्मा** |
| **१.** | सडक कालोपत्रे । ढलान | कि.मी. | ३.१९ | १०१.८८ |
| | ग्राभेल | कि.मी. | ९.८६ | १८४.०३ |
| | नयाँ टयाक खोल्ने | कि.मी. | १२.८४ | ५११.३१ |
| **२.** | मोटरेवल पुल निर्माण | वटा | ० | २१ |
| | झोलुङे पुल निर्माण | वटा | ० | १५ |
| **३.** | पार्क निर्माण | संख्या | १ | ११ |
| **४.** | खानेपानी उपलब्ध गराएको परिवार | संख्या | १२९ | १९३२६ |
| | नाली निर्माण | कि.मी. | ९।९३ | ९६.४७ |
| **५.** | वृक्षारोपण | संख्या | ७५ | ६३९६ |
| **६.** | नदी नियन्त्रण | कि.मी. | ०।५५ | ३.८४ |
| **७.** | सिंचाई | हेक्टर | १४ | १४९२ |
| **८.** | पोखरी ताल तलैया | संख्या | १ | ६ |
| **९.** | फोहोर मैला व्यवस्थापन (डम्पिङ साइट) | संख्या | २ | २ |
| **१०.** | नयाँ विद्यालय भवन निर्माण सम्पन्न | संख्या | ६ कोठा | ७८ |
| **११.** | स्वास्थ्य चौकी निर्माण | संख्या | १ | ३१ |
| **१२.** | जग्गा संरक्षण (आफ्नै स्वामित्व) | रोपनी | ० | ५३।६९ |
| **१३.** | यात्रु प्रतिक्षालय | संख्या | ० | ७ |
| **१४.** | सामुदायिक भवन निर्माण | संख्या | ८ | १२७ |

**८. योजना तथा पूर्वाधार विकास शाखाको महत्वपूर्ण कार्यहरु**

- **विश्व बैंकको आर्थिक सहयोगमा नेपाल शहरी तथा शासकीय पूर्वाधार आयोजना अन्तर्गत यस नगरपालिकाको वडा नं. ७, ९, १० र ११ मा पर्ने पराशर मार्ग (बुल्दी खोला, बेल्टारी, फराकचौर, अंधेरीभञ्ज्याङ, पोख्रेलफाँट,**

कूमलगाउँ कलेस्ती शेषमटार) मार्ग कालोपत्रे योजना (१०.६ किलोमिटर) कालोपत्रे योजनाको विकेएचटिडिएल एसिपिएल जे.भि. काठमाण्डौसँग रु.४०,८३,३५,९२१।३३ को ठेक्का सम्झौता भई कार्य अगाडि बढेको छ ।

- बुल्दी खोला मोटरेवल (करंकाठ बसपार्क) पुल निर्माणको लागि झण्डै ६ करोड ११ लाखको ठेक्का सम्झौता भई पहिलो चरणको काममा जग र स्टेम (पिल्लर) को काम सम्पन्न भएको छ ।
- कालिका मार्ग, केशवटार मार्ग तथा आन्तररिक शहरी सडक/मार्गहरुको कालोपत्रे स्तरोनन्ति लागि ठेक्का सम्झौता भई निर्माण कार्य सम्पन्न भएको छ भने शहरी कालोपत्रे सडक मर्मतको लागि समेत रु.१ करोड ३० लाखको ठेक्का सम्झौता भै करिब आधा खण्डको काम सम्पन्न भएको ।
- मानहुँकोट, पुलिमराङ, गलेखाम, लगायतका क्षेत्रको विकासको लागि बजेट विनियोजन/कार्य सम्पन्न भएको छ ।
- गत आ.व.मा व्यास ६, व्यास १३ र व्यास १४ को वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न गरी सोही भवनबाट सेवा प्रवाह भैरहेको छ भने व्यास ८ को वडा कार्यालय भवन निर्माणको लागि ठेक्का सम्झौता भएको छ ।
- नयाँवस्ती खानेपानी योजना ६० लाखको ठेक्का सम्झौता भै निर्माण कार्य सम्पन्न भएको छ साथै मानहुँकोट खानेपानी योजना व्यास ५, केशवटार गजौंडी मूल खानेपानी योजनाको लागि २\२ करोड, चिसापानी खानेपानी योजना व्यास १०, झण्डै २ करोड २० लाख र कमेरेपानी साँधखोला खानेपानी योजना व्यास १३ झण्डै १ करोड ६० लाख ठेक्का सम्झौता भै कार्य अगाडि बढेको छ |
- १०८ फिट अग्लो व्यास ऋषिको मूर्ति निर्माण अन्तर्गत पहिलो चरणमा पेडेस्टल निर्माणको लागि झण्डै (भ्याट र कन्टिजेन्सी समेत) ६ करोडको निर्माण कार्य सम्पन्न भएको छ ।
- नगरपालिकाको समग्र सडकको सञ्जालको अध्ययनको लागि नगर यातायात गुरुयोजना निर्माणको कार्य सम्पन्न भएको छ ।
- व्यास ११ तल्लो पोल्याङमा शितभण्डार निर्माणको कार्य सम्पन्न भएको छ, चालु आर्थिक वर्षबाट संचालनमा ल्याउने गरी प्रकृया अगाडि बढाइएको छ ।
- नमूना विद्यालयको भौतिक पूर्वाधारको लागि सत्यवती मा.वि. र निर्मल मा.वि.को भवन निर्माणको लागि बोलपत्र आब्हान गरी निर्माण कार्य अगाडि बढाइएको छ, भने अन्य विद्यालयको ४ कोठे भवन, २ कोठे भवन, विज्ञान प्रयोगशाला कम्प्यूटर ल्याव, लाइब्रेरी निर्माण लगायतका विभिन्न शैक्षिक विकास तथा भौतिक पूर्वाधार निर्माणका कार्यहरु सम्पन्न भएका छन् ।
- खेलकुद क्षेत्रको विकासको लागि वि.पि. वनबाटिका खेल मैदान, व्याड्मिन्टन कोर्ट निर्माण, पाटन खेलकुद मैदान निर्माण लगायतका खेलकुद मैदानको निर्माणको लागि योजना सम्झौता भै कार्य सम्पन्न भएको छ ।
- व्यास १२ स्थित स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण कार्य सम्पन्न गरिएको छ भने व्यास नगर कोभिड अस्पताल व्यास १० को निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।
- व्यास नगरपालिकाको सरसफाई व्यवस्थापनको लागि व्याक-हो खरिदको कार्य सम्पन्न गरिएको छ ।

<u>पराशर मार्ग (बुल्दी खोला-बेल्टारी-फराकचौर-पोख्रेलफाँट- कुमालगाउँ –समता स्कुल- कलेस्ती सडक, १०.५५ कि.मी.)</u>

हालसम्मको प्रगति

- भौतिक प्रगति: १.०६%
- आर्थिक प्रगति: ०.००%
- कार्यहरु:
    - साइट क्लिअरेन्स: २ कि.मि. सकिएको
    - माटो काट्ने काम: १.५ कि. मि. भित्तापट्टि काट्ने काम सकिएको
    - प्लम वाल: २६० घ.मि. सकिएको; ३२ मि. थप जगको काम हुँदै
    - ग्याबिन वाल: १६० घ.मि. सकिएको (चेनेज १+९०० र ८+४६०); ३२ मि. थप जगको काम हुँदै;
    - नालीको काम: चेनेज ४+२००मा नालीको जगको काम सुरु भएको
    - मानवश्रोत: ६३ जना कामदार विभिन्न ४ साइटमा काम गरिरहेको
    - उपकरण: एक्सकाभेटर, २ जेसिबी, रोलर, पानी ट्यांकर साइटमा उपलब्ध

- ESMP
  - C-ESMP को ठेकेदारको तर्फबाट संशोधन हुँदै
  - आयोजना सम्बन्धी गुनासो सुन्ने समितिको गठन
  - २१ जना साइटमा काम गर्ने व्यक्तिद्वारा आचार संहितामा सही भएको
  - साइटमा सुरक्षा चिन्ह भएका साइनबोर्ड र सुरक्षा सामग्री (बुट, क्याप, हेल्मेट. पन्जा आदि) प्रयोग भएको
  - नेपाल विद्युत प्राधिकरण, दमौली, शाखाका प्राविधिकहरुले विद्युत पोल सार्ने सम्बन्धी निरीक्षण गरेको
- प्रयोगशाला स्थापना
  - प्रयोगशालाको स्थापना हुँदै गरेको (ठेकेदारले प्रयोगशालामा चाहिने सामग्री खरिद गरि स्टोरमा राखेको)
  - सिमेन्ट, बालुवा, गिट्टी, दानेदार सब-बेसको ल्याव परीक्षण भै स्पेसिफिकेशन अनुसार भएको पाइएको
  - १८ सेटभन्दा बढी M15 कंक्रिटको क्युबटेस्ट सकिएको
  - Quality Assurance Plan (QAP)को DSC बाट अध्ययन हुँदै

९. विद्युत तथा मेकनिकल इकाई अन्तर्गतका कामहरुको हाल सम्मको प्रगति

- विभिन्न वार्ड कार्यालयमा विद्युत तथा नियमित जेनेरेटर मर्मत/ सर्भिसिंग गरेको |
- वार्डमा रहेका स्वाथ्य सेवा केन्द्रहरुमा विद्युत जडान एबं मर्मत गरेको|
- व्यास-११ मा रहेको शीतभण्डारमा समय समयमा गई जेनेटर चेकजाँच तथा सर्भिसिंग गरेको|
- जडान भएका सडक बत्तीहरुमा टोलबाट निवेदन भए पश्चात मर्मत तथा विस्तार गरेको |
- व्यास-८ को नयाँ भवनको निर्माण कार्य शुरु भएकाले सामुदायिक भवनमा विद्युत संचालन गरी वडा कार्यालय सारी कार्यालय संचालनमा सहजीकरण गरेको |
- मुख्य कार्यालयको विद्युत सुचारु गर्न विद्युत एवं ठूलो जेनेटरको नियमित मर्मत, लिफ्टको संचालनमा विद्युत आपूर्ति नियमित गराएको |
- शहरी पूर्वाधार विकास उप-शाखा अन्तर्गतका विभिन्न विद्युत सम्बन्धी योजना / आयोजनाको सर्वेक्षण, ल.ई. तयार तथा मूल्यांकनमा सहयोग गरेको |
- व्यास-१० दुम्सी स्थित PCR Lab मा पानी तान्ने मोटर जलेकाले सोको ल.ई. एवं जडान गर्ने तयारी गरेको साथै ६३ KVA जेनेटर मर्मत तथा सर्भिसिंग गरेको एवं PCR Lab मा आवस्यक पर्दा समय समयमा विद्युत लाइन मर्मत गरेको !

१०. योजना तथा पूर्वाधार विकास शाखा अन्तर्गतका मुख्य समस्या र सुझावहरु

- योजना संख्या धैरै हुनु, ठोस काम देखिने ठूला योजनाहरु बनाउनु पर्ने |नगर सभामा आएका योजना कार्यान्वयन तर्फभन्दा बोर्ड बैठक मार्फत आउने योजनाको चाप बढी भएको|
- स-साना योजनाहरु पनि सम्झौता गर्ने तर काम सुरु नगर्ने प्रबृत्ति बढी भएको|
- उपोभोक्ता समिति मार्फत हुने योजनामा समितिले नगद/लागत सहभागिता वा श्रम सहभागिता गरेर योजना व्यवस्थापन गर्नु पर्नेमा अधिकांसमा समितिले नै योजना ठेक्का सरह जिम्मा लगाउने प्रबिति भएको |
- खरिद कानुनको जटिल प्रक्रियाका कारण कतिपय कामहरु प्रक्रियागत रुपमा सुचारु गर्न कठिन भएको |
- संघ/ प्रदेशबाट आउने योजना अनि बजेट ढिला गरी प्राप्त हुने गरेको !
- संघ प्रदेशबाट २ लाख, ५ लाखका साना प्रकृतिका योजना पर्नु/ विनियोजन हुनु र सोको जानकारी पनि समयमा नआउनु ! कम्तिमा ३० लाखभन्दा माथिका योजनाहरु मात्र संघ प्रदेशबाट न.पा.मा बिनियोजन हुनुपर्ने !
- जिल्ला स्थित संघीय र प्रादेशिक कार्यालयबाट न.पा. भित्रका योजनामा काम गर्दा न.पा. सहकार्य नगर्दा दोहोरोपनको समस्या हुने गरेको! तसर्थ उक्त कार्यालय मार्फत हुने योजनाहरु २ करोड माथिको मात्र राखी सोभन्दा साना योजना न.पा.को वार्षिक कार्यक्रममा सुरुमा समावेश गर्ने व्यवस्था मिलाउनु पर्ने !
- खेलकुद, सामाजिक विकास मन्त्रालय; जिल्ला अस्पताल, घरेलु कार्यालय, बन कार्यलाय आदि मन्त्रालय / कार्यलयले भौतिक तर्फका योजना ओगट्ने अनि आर्थिक वर्षको तेस्रो चौमासिक तिर आफूखुसी पत्र काटेर आफ्ना

कार्यालयमा प्राविधिक नभएकोले न.पा.को दायित्व नरहने काममा अनावस्यक चाप बढाउने काम भएको ! बजेट नै सम्बन्धित मन्त्रालयका प्राविधिक कार्यालय मार्फत गर्ने गराउने व्यवस्था हुनु पर्ने !

- पूर्वाधार /सडक/ सिंचाई/खानेपानी कार्यालयहरुले आफु मातहतका सडक/संरचनाहरुको काम समयमा नै Response नगर्दा स्थानीय निकायमा चाप परेको (छाब्दी पुल, पृथ्वी राजमार्ग) !
- शहरी पूर्वाधार तथा प्राविधिक शाखामा कामको प्रकृति र चाप अनुसार र बिगतको जिल्ला प्राविधिक कार्यालयको बराबर जस्तै काम गर्नुपर्ने भएकोले छुट्टै गाडीको व्यवस्था गरिनुपर्ने |
- पराशर मार्ग (बुल्दी खोला-बेल्टारी-फराकचौर-पोख्रेलफाँट-कुमालगाउँ–समता स्कुल- कलेस्ती सडक, १०.७५ कि.मी.) -NUGIP को काममा समस्या र चुनौतीहरु र समाधान

    -समस्या र चुनौतीहरु:

        -विद्युत पोल सार्ने कार्यको लागि विद्युत प्राधिकरणका कर्मचारीहरु १ पटक ल.इ.का लागि साइटमा पुगेको,

        -कामदार र उपकरणको कमीले कामले गति लिन नसकेको; ठेकेदारलाई यथासक्य छिट्टो सो चिजको प्रबन्ध मिलाई कामको गति बढाउन खबर/पत्राचार गरेको,

        -वर्षाको कारणले काममा बाधा परेको, मनसुनको असरले भौतिक प्रगतिको गतिमा ढिलाई भएको

    -समाधान

        -कामको गति बधाई भौतिक प्रगति बढाउन ठेकेदारले कामदार तथा उपकरणको संख्यामा वृद्धि गर्नु पर्ने; सोको लागि ठेकेदार पक्षलाई खबर/पत्राचार भएको,

        -ठेकेदारलाई परिमाण खपत योजना सहितको कार्यसूची पुनः पेश गर्न आदेश दिइएको ।

# स्वास्थ्य तथा जनसंख्या शाखाको आ.व.२०८०।०८१ को वार्षिक समीक्षा प्रगति प्रतिवेदन

## १. Service Sites of Municipality

| S.N. | Details | Number |
|---|---|---|
| 1 | Hospital | 2 |
| 2 | PHCC | 0 |
| 3 | HP | 10 |
| 4 | BHSC | 6 |
| 5 | District ayurved center | 1 |
| 6 | Ayurved Ausadhalaya | 3 |
| 7 | UHC | 8 |
| 8 | CHU | 2 |
| 9 | PHC-ORC | 27 |
| 10 | EPI Clinic | 51 |
| 11 | FCHV | 105 |
| 12 | Birthing Center | 5 |
| 13 | BEONC | 5 |
| 14 | CEONC | 1 |
| 15 | DR Center | 0 |
| 16 | DR Sub Center | 0 |
| 17 | DR Home | 0 |
| 18 | Gene-xport Center | 1 |
| 19 | CD4 center | 0 |
| 20 | ART Center | 1 |
| 21 | PMTCT CENTER | 27 |
| 22 | Private Hospital | 5 |

## २. Program Achievement

**Immunization Achievement %**



**Safe Motherhood program**




**Contraceptive prevalence rate**




**Tuberculosis program**




**Top ten Health Problems**

| Rank | Top 10 health problem | Number |
|---|---|---|
| 1 | Gastritis (APD) | 5180 |
| 2 | Hypertension | 4752 |
| 3 | Conjunctivitis Cases | 4630 |
| 4 | Fever | 4374 |
| 5 | Headache | 3541 |
| 6 | Cough | 2743 |
| 7 | Cut injuries | 2587 |
| 8 | Dengue Fever Cases | 2552 |

| | | |
|---|---|---|
| 9 | Upper Respiratory Tract Infection (URTI) Cases | 2430 |
| 10 | Refractive Error Cases | 2360 |
| **Total OPD Visit** | | **144884** |

**विपन्न नागरिकको लागी सेवा लिएका (नसर्ने रोग) (कुल १२६)**




**औषधी उपचार खर्च लिएका दिर्घरोगीहरु (वितरण रकम ६९,१०,०००।)**




**३. शाखाबाट भएका अन्य कार्यहरु**

- डेंगी नियन्त्रणका लागी "खोज र नष्ट गर" अभियान र स्वास्थ्य शिक्षा कार्यक्रम,
- स्वास्थ्य कार्यक्रमहरुको आ.व.२०७९।०८० को वार्षिक समीक्षा तथा आ.व.२०८०।०८१ को कार्ययोजना तर्जुमा,
- आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागी औषधी खरिद तथा नियमित रुपमा वितरण,
- ९ महिनादेखि ५ वर्षसम्मका बालबालिकाहरुको दादुरा-रुबेला रोग विरुद्धको खोप अभियान सञ्चालन गरि ४,९३४ जना बालबालिकाहरुलाई खोप प्रदान,
- स्याम्घा स्वास्थ्य चौकी, व्यास ६ र घाँसीकुवा स्वास्थ्य चौकी, व्यास १२ बाट निशुल्क सुरक्षित गर्भपतन सेवा सुचारु,
- व्यास नगर अस्पतालमा आधारभूत प्रयोगशाला स्थापना,
- स्वास्थ्य चौकीहरुको न्यूनतम सेवा मापदण्ड मूल्यांकन कार्यक्रम १० वटा स्वास्थ्य संस्थाहरुमा सम्पन्न ।
- पूर्ण खोप पालिका घोषणाका लागी ५ वर्षसम्मका बालबालिकाको घरधुरी सर्वेक्षण गरी पूर्ण खोप पाएका बालबालिकाको घरमा स्टिकर टाँस गरिएको,

- ज्येष्ठ नागरिक १९ जना, सुत्केरी २२ जना, वेवारिसे ११ जना, मानसिक रोगी १ जना, शव २ वटा र विपन्न नागरिक १५ जना गरी कुल ७० जनालाई निशुल्क एम्बुलेन्स सेवा प्रदान,
- स्वास्थ्य प्रोफाइल प्रकाशन
- क्षयरोगमुक्त अभियान कार्यक्रम सञ्चालन ।

४. समस्या तथा चुनौती

- अपर्याप्त मानव संसाधन ९स्वास्थ्य संस्थाहरुमा रिक्त दरबन्दि०
- भौगोलिक रुपमा स्वास्थ्य संस्थाहरु र जनसंख्याहरुको अनुपात अनुकुल नहुनु,
- सरुवा रोग सँगै नसर्ने रोगहरु र मानसिक स्वास्थ्य समस्याहरुको क्ष्लअष्मभलअभ बढ्दै गएको तर नसर्ने रोगहरुको औषधीको पर्याप्त उपलब्धता नभएको ।
- सबै स्वास्थ्यकर्मीहरुलाई गउमबतभम तालिमहरु प्रदान गर्न नसकिएको ।
- स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरुलाई उत्प्रेरणा दिने खालको कार्यक्रमहरु नहुनु
- धेरै स्वास्थ्यकर्मीहरु करार सेवामा भएको कारण फेरबदल भइराख्ने भएकाले सेवा प्रवाहमा कठिनाइ ।

५. समाधानका उपायहरू

- स्वास्थ्य संस्थाहरुमा दरबन्दि अनुसारका कर्मचारीहरु उपलब्ध गरिनुपर्ने,
- जनसंख्या र रोगको दगचमभल को आधारमा औषधी खरिदका लागी पर्याप्त रकम विनियोजन गर्नुपर्ने,
- नसर्ने रोग र मानसिक स्वास्थ्य समस्या समाधानका लागी स्वास्थ्य प्रबर्द्धनात्मक कार्यक्रमहरु ९जीवनशैली परिवर्तन, ध्यान, योग, विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम ०सञ्चालन गर्ने,
- स्वास्थ्यकर्मीहरुलाई तह अनुसारको नेपाल सरकारले तोकिए बमोजिम तलब उपलब्ध गराउने र कार्य सम्पादनका आधारमा स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहित गर्ने ।
- स्वास्थ्य सेवालाई थप सुदृढ बनाउन अनलाइन रेकर्डिङ्ग सिस्टम लागु गर्ने ।

# कृषि, पशु तथा सहकारी विकास शाखाको आ.व.२०८०।०८१ को वार्षिक समीक्षा प्रगति प्रतिवेदन

१. **जनशक्ति विवरण**

**शाखा प्रमुखः १**

- ❖ **कृषि विकास उपशाखा**
- **कृषि अधिकृत -१**
- **ना.प्रा.स -६**
- ❖ **पशु विकास उपशाखा**
- **पशु चिकित्सक - १**
- **प.से.प्रा -१**
- **ना.प्रा.स -६**
- ❖ **सहकारी तथा साझेदारी विकास उपशाखा**
- **अधिकृतः१**

**जम्माः १७ जना**

२. **परिचय**

-न.पा.को जम्मा क्षेत्रफल : २४८ वर्ग कि.मी.

-खेती योग्य जमिन : ४४९२.३ हे.

-सिंचित क्षेत्रफलः १६७१.१ हे.

-कृषक परिवार संख्याः ११९३९

| **प्रमुख उत्पादन** | |
|---|---|
| **कृषि** | **पशुपन्छी** |
| खाद्यान्न बाली (धान, मकै) | दुध (गाई/भैंसी) |
| आलु | मासु (खसी/बोका / राँगो, बङ्गुर, सुङ्गुर, कुखुरा) |
| तरकारी | अण्डा (कुखुरा) |
| सुन्तला, कागती, केरा | |

३. व्यास न.पा.मा रहेका कृषक समूह र कृषि फर्महरूको विवरण

जम्मा कृषक समूह ६८२ (आ.व.२०८०।०८१ मा दर्ता ४३)

४. कृषि विकास उपशाखा तर्फः

**सशर्त अनुदानमा सञ्चालित कार्यक्रमहरूको विवरण (रू. हजारमा)**

| क्र.स | कार्यक्रम | विनियोजित बजेट | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | तरकारी खेती प्रवर्द्धन | १००० | ७३८.१ | ७३.८१ |
| २ | खाद्यान्न बालीको उन्नत विउ उपयोगमा अनुदान | ११७५ | ११५७.३ | ९८.४९ |
| ३ | उन्नत विउ वितरकलाई प्रोत्साहन अनुदान | १५० | ० | ० |
| ४ | सूचना प्रकाशन तथा उन्नत विउ उपयोग अनुगमन निरीक्षण | १५० | ११४.३ | ७६.२ |
| ५ | धानबाली प्रवर्द्धन कार्यक्रम | १००० | ९८४.३ | ९८.४४ |
| ६ | आ.व 2079/080 मा स्थापना भएको तरकारी पकेट निरन्तरता | ५०० | ० | ० |
| ७ | कृषि पशुपंक्षी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम | १०० | ९६.६ | ९६.६३ |
| ८ | किसान सूचिकरण कार्यक्रम | २०० | १८९.८ | ९४.९३ |
| | **जम्मा** | **४२७५** | **३२८०.५** | **७६.७४** |

**आन्तरिक अनुदानमा सञ्चालित कार्यक्रमहरूको विवरण (रू. हजारमा)**

| क्र.स. | कार्यक्रम | विनियोजित बजेट | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | **मौरीपालन लगायत उद्यमशिलता कार्यक्रम** | **५००** | **४१४.९** | **८२.९९** |
| २ | **आलु लगायत तरकारी पकेट क्षेत्र बिउ 50 प्रतिशत अनुदान कार्यक्रम** | **१०००** | **७८६.८** | **७८.६८** |
| ३ | **कृषि व्यवसाय मल, बिउ, विषादी प्रयोग अभिमुखीकरण कार्यक्रम** | **२००** | **०** | **०** |
| ४ | **कृषि पशु र वडा प्राविधिक बैठक तथा कार्यक्रम** | **१००** | **४८** | **४८** |
| ५ | **कृषि, पशु प्रवर्द्धन सम्बन्धी विविध कार्यक्रम (बिमा समेत)** | **१५००** | **१२८५.६** | **८५.७१** |
| ६ | **चिस्यान केन्द्र व्यवस्थापन** | **३५००** | **२४७०.५८** | **७०.५९** |
| | **जम्मा** | **६६००** | **५००५.९** | **७५.८५** |

**<u>तरकारी बाली प्रवर्द्धन कार्यक्रम</u>**

- ❖ क्षेत्रफलको आधारमा प्रोत्साहान अनुदान कार्यक्रम (प्रति रोपनी रू.३,०००। का दरले)
  कुल रोपनीः १७०.५ रोपनी

कृषकः ६ कृषि फर्मः १९ कृषक समूहः२

- ❖ कार्यक्रममा छनौट भएका कृषि फर्महरूलाई आवश्यकता अनुसार सिचाई कार्यक्रम सञ्चालन (पाइप तथा ड्रम, ५०% अनुदान)
  कृषि फर्मः ४
- ❖ लाभान्वित घरधुरीः ४५

उपलब्धि

- ❖ सिचाईको अभावबाट जमिन बाझो रहने समस्या न्यूनीकरण ।
- ❖ बेमौसमी तरकारी उत्पादन गर्न सक्षम भई थप आर्थिक लाभ लिन सफल ।
- ❖ उत्पादन लागत कम भई कृषकहरुको आम्दानीमा वृद्धी ।
- ❖ तरकारी खेतिको क्षेत्रफल विस्तार (करिब २० रोपनी) ।

**<u>खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान</u>**

- ❖ ५०% अनुदानमा उन्नत बीउ धान बितरण (करिब ४१ टन)
- ❖ वितरण प्रक्रियाः कृषक समूह, कृषि सहकारी तथा कृषक
  - ❑ राम धान - १७९२६ के.जी.
  - ❑ सावित्री - १३६६७ के.जी.
  - ❑ सुख्खा धान ३ - ६६७ के.जी.

उपलब्धि

- ❑ १४ वटै वडाका कृषकहरू लाभान्वित ।
- ❑ २१४५ हे. क्षेत्रफलमा उन्नत धान खेती भई उत्पादकत्व ३.६ मे.ट. / हे रहेको ।

**<u>धानबाली प्रवर्द्धन कार्यक्रम</u>**

| क्र.सं | कृषक समूह/सहकारी संस्था | ठेगाना |
|---|---|---|
| १. | भतेरीखेत कृषक समूह | व्यास-५ |
| २. | अन्नपूर्ण कृषि सहकारी संस्था लि. | व्यास-६ |
| ३. | कुसुमे उद्यमशिल कृषि समूह कृषक समूह | व्यास-९ |
| ४. | केशवटार कृषि सहकारी संस्था लि. | व्यास-१४ |

**क्रियाकलाप**

**५०% अनुदानमा**

- ❖ उन्नत धानको बिउ वितरण
- ❖ कम्बाईन मिल वितरणः २ थान
- ❖ हाते ट्याक्टर वितरणः ५ थान

**८५% अनुदानमा**

- ❖ साना सांचाई कुलो निर्माण तथा मर्मत सहयोगः

**<u>माटो परीक्षण शिविर</u>**

**वडा नं १, ५, ६, ७, ९ र ११ बाट ३९० माटो नमूना संकलन गरी माटो तथा मल परीक्षण प्रयोगशाला, पोखरासँगको प्राविधिक समन्वयमा माटो परीक्षण शिविर soil kit box मार्फत संचालन भएको ।**

**उपलब्धिहरू**

- **करीब १२४ घर परिवार उक्त सिंचाई सुविधा बाट लाभान्वित।**
- **कृषि कार्यमा यान्त्रिकरणको प्रयोगले उत्पादन लागत घटी कृषकहरुलाई प्रत्यक्ष फाईदा पुगेको ।**
- **कृषकहरूलाई अन्न बालीहरुको कुटानी पिसानीको लागी सुविधा भएको**
- **माटोमा रहेका खाद्य तत्वहरु** ९ल्एरप्०**, अम्लिय तथा क्षरियपना आदिको अवस्था पहिचान भएको**

**समस्याः**

- **अनुदान प्रतिशत कम भएको गुनासो,**
- **अधिकांश कृषकहरू सामूहिक रुपमा काम गर्न ईच्छुक नदेखिएको**
- **अधिकाशं माटोको नमुनामा अम्लियपना देखिएकोले माटो व्यवस्थापन गर्नुपर्ने**

**<u>किसान सूचीकरण कार्यक्रम</u>**

**क्रियाकलाप**

- **वडा नं ९ र १३ मा ४ जना सहजकर्ता(गणक) मार्फत १७९० घरधुरीको कृषक तथ्याङ्क प्रविष्ट गर्ने काम सम्पन्न**
- **केन्द्रीय प्रणालीसंग जोडिने**
- **कृषक परिचय पत्र वितरण गरिने**
- **परचिय पत्रको आधारमा कृषि सम्बन्धी सेवा उपलब्ध हुने**

**हालसम्मको उपलब्धि**

- **५९६३ घरधुरीको विवरण प्रविष्ट भएको,**
- **क्रमश सबै वडामा कार्यक्रम सञ्चालन गरिने छ ।**

**<u>उन्नत आलुको बिउ वितरण</u>**

**क्रियाकलाप**

- ५०% अनुदानमा उन्नत (पाँचौ पुस्ता) बीउ आलु वितरण
  - ❑ जनकदेव - १९८०० के.जी
  - ❑ एम.एस. ४२.३ - १९५०५ के.जी.
- लाभग्राहीः कृषक समूह, फर्म/सहकारी, टोल विकास संस्था मार्फत वितरण

**हालसम्मको उपलब्धि**

- करिब २२० हे. क्षेत्रफलमा आलु खेती भएको
- २६४० मे.ट. आलु उत्पादन (बाली कटानी मार्फत)

**<u>मौरी लगायत उद्यमशीलता कार्यक्रम, व्यास-६, साँजा</u>**

❑ **मौरीपालन सम्बन्धी ५ दिने आधारभूत तालिम सञ्चालन**

❑ **७५% अनुदानमा वितरण**

❖ गोला सहितको मौरी घारः २५

❖ खाली मौरी घारः २५

❖ अन्य सामग्रीः २५ सेट (रानी ढोका, धुवादानी, घुम्टो, पन्जा, मौरी छोप्ने झोला)
लाभान्वितः २५ घरधुरी

**उपलब्धि**

❖ कृषकहरु मौरी पालन व्यबसायमा आकर्षित भएका।

❖ व्यवसायिक मौरी पालन गर्न आधारभूत तालिम, सिप प्रदान।

**<u>विविध</u>**

❖ व्यास न.पा.स्थित २१ वटा अनुदानको मल विक्रेता कृषि सहकारी संस्था / फर्महरु मार्फत कृषकहरुलाई रासायनिक मल प्राप्तको सहजीकरण गर्न कृषि सामग्री कम्पनी लिमिटेड दमौली तनहुँ र साल्ट ट्रेडिङ्ग कोरपोरेसनलाई सिफारिस प्रदान ।

❖ कृषि ज्ञान केन्द्र, दमौली, तनहुँको वार्षिक स्वीकृत कार्यक्रममा सहभागीको लागी १३ वटा व्यावसायिक कृषक, कृषि फर्म, कृषक समूह र कृषि सहकारी संस्थाहरुले सिफारिस प्रदान ।

- ७ वटा कृषि फर्म, कृषक समूहलाई कृषि कार्यमा प्रयोग हुने सहुलियत दरको विद्युत मिटर उपलब्ध गर्न नेपाल विधुत प्राधिकरण, चापाघाट, तनहुँलाई सिफारिस प्रदान ।
- अन्य सिफारिसः ४ वटा (१ बिमा कम्पनी तथा ३ डिभिजन वन कार्यालय, तनहुँ ।

## ५. पशुपन्छी विकास उपशाखातर्फ

**सञ्चालित कार्यक्रमहरूको विवरण (रु. हजारमा)**

| क्र.सं. | कार्यक्रमको विवरण | स्वीकृत बजेट | खर्च | वित्तिय प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | गाई, भैंसी, बाख्रा, वङ्गुर प्रवर्द्धनमा ६० प्रतिशत अनुदान (गोठ सुधार) | २००० | १४७०.३ | ७३.५२ |
| २. | पशुजन्य विभिन्न रोग नियन्त्रण, औषधी खरिद | १००० | ७५१.९ | ७५.१९ |
| ३. | सहकारी मार्फत बिक्री हुने दुधमा किसानलाई उपकरण आदि अनुदान | ५०० | ४४५.९ | ८९.१८ |
| ३. | सहकारी मार्फत बिक्री हुने खसी/बोकाको मासुमा किसानलाई उपकरण आदि अनुदान | ३०० | ० | ० |
| | **जम्मा** | **३८००** | **२६६८.१** | **७०.२१** |

संघीय सशर्तका कार्यक्रमहरू

| क्र.सं. | कार्यक्रमको विवरण | स्वीकृत बजेट | खर्च | वित्तिय प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | **इपिडेमियोलोजिकल रिपोर्टिङ्ग** | **१२** | **१२** | **१००** |
| २. | **कृत्रिम गर्भाधान मिसन कार्यक्रम** | **१५०** | **१२७.६५** | **८५.११** |
| ३. | **छाडा चौपाया सामुदायिक व्यवस्थापन कार्यक्रम** | **१५१२** | **१३२४** | **८७.५७** |
| ४. | **महामारी/आकास्मिक रोग नियन्त्रण कार्यक्रम** | **१००** | **९९** | **९९** |
| ५. | **दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम** | **१०००** | **९९८.६** | **९९.८६** |
| ६. | **मासु प्रवर्द्धन कार्यक्रम** | **१०००** | **६८०.३** | **६८.०४** |
| ७. | **आधारभूत प्रयोगशाला कार्यक्रम** | **६००** | **५८५.२** | **८७.५५** |
| ८. | **हरियो घाँस विस्तार कार्यक्रम** | **८०१** | **४८९.३** | **६१.०९** |
| | **जम्मा रू** | **५१७५** | **४३१६.३८** | **७७.८२** |

**पशुपन्छी तथ्याङ्क (व्यास न.पा)**

| आ.व. | गाई | भैंसी | बाख्रा | सुगुंर बंगुर |
|---|---|---|---|---|
| २०७७।०७८ | **४२४०** | **९०६४** | **५९९३९** | **९२७३** |
| २०८०।०८१ | **५५१०** | **८०३३** | **५५७०९** | **४२२७** |

**<u>सहकारी मार्फत बिक्री हुने दुधमा अनुदान (प्रति लिटर रु.१ को दरले)</u>**

| क्र.सं | दुग्ध उत्पादक सहकारी संस्था | ठेगाना | अनुदान रकम रु. |
|---|---|---|---|
| १. | दुम्सी दुग्ध उत्पादक सहकारी संस्था लि. | व्यास १०, दुम्सी | ६,७९,८६८.५० |

| क्र.सं | दुग्ध उत्पादक सहकारी संस्था | ठेगाना | अनुदान रकम रु. |
|---|---|---|---|
| २. | बेलबास दुग्ध उत्पादक सहकारी संस्था लि. | व्यास १३, बेलबास | ४,२०,१२६.७० |
| ३. | सेवर दुग्ध उत्पादक सहकारी संस्था लि. | व्यास १०, सेवर | १,३७,७३१.८० |
| ४. | चिन्तुटार दुग्ध उत्पादक सहकारी संस्था लि. | व्यास ५, चिन्तुटार | २,०३,८८६.३० |
| ५. | चारकुने दुग्ध उत्पादक सहकारी संस्था लि. | व्यास १, चारकुने | १,०४,२८५.१० |
| | **जम्मा** | | **१५,४५,८९८.००** |




**मूख्य उपलब्धीहरू**

- ५०० जनाभन्दा बढी कृषकहरू प्रत्यक्ष रुपमा लाभान्वित,
- सहकारी मार्फत दुध बिक्री गर्ने कृषकहरूलाई प्रोत्साहन भएको ।

**मासु प्रवर्द्धन कार्यक्रम (सहकारी मार्फत बिक्रीको आधारमा) (प्रति के.जी रु.२० को दरले)**

| क्र.सं. | सहकारी संस्था | कारोबार परिमाण (के.जी.) | अनुदान रकम रु. |
|---|---|---|---|
| १. | सुभदिप सामाजिक उद्यमी महिला सहकारी संस्था , व्यास ८ | १९,६९२.६ | ३,९३,८५१.२ |
| २. | आधारसिला सामाजिक उद्यमी महिला सहकारी संस्था, व्यास १२ | ८,९८९ | १,७९,७८० |
| | **जम्मा** | **२८,६८१.६** | **५७३६३१** |




**मूख्य उपलब्धीहरू**

-२७८ जनाभन्दा बढी कृषकहरू प्रत्यक्ष रुपमा लाभान्वित,

-औपचारिक वितरण च्यानलको स्थापना भई बजारीकरणमा सहज भएको ।

**गाई, भैंसी, बाख्रा, वङ्गुर प्रवर्द्धनमा ६० प्रतिशत अनुदान (गोठ सुधार)**

- छनौट पशु फार्म संख्या: १९ ओटा
- १४ ओटा फार्महरूलाई रु.७५,०००। को दरले अनुदान
- ५ ओटा फार्महरूलाई रु.६०,०००। को दरले अनुदान

**पशुहरूमा पूर्ण खोप कार्यक्रम**

- व्यास न.पा. भित्रका पशुहरूलाई विभिन्न महामारीजन्य रोगहरूबाट जोगाउनको लागि खोप लगाउने कार्य भे.अ.त.प.से. विज्ञ केन्द्र, तनहुँको समन्वयमा गरिएको।
- १३ जना खोपकर्ता नियुक्ती गरी खोप कार्य सञ्चालन ।

| विवरण | **गाई** | **भैंसी** | **वङ्गुर** | **भेडा बाख्रा** | **कुकुर** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| FMD | ४६७० | ६५३४ | ३५६६ | ० | ० | १४७७० |
| LSD | २८३३ | १०९७ | ० | ० | ० | ३९३० |
| HS+BQ | ३७३० | ६११५ | ० | ० | ० | ९८४५ |
| PPR | ० | ० | ० | ४२७९३ | ० | ४२७९३ |
| Swine Fever | ० | ० | ३९०४ | ० | ० | ३९०४ |
| Rabies | ० | ० | ० | ० | ५१८९ | ५१८९ |
| Total Dose | ० | ० | ० | ० | ० | ८०४३१ |

**हरियो घाँस विस्तार कार्यक्रम**

- हरियो घाँस खेती गरिएको क्षेत्रफलको आधारमा प्रति रोपनी रु.३००० को दरले अनुदान ।
- १२ वटा पशु फर्महरू छनौट भई १३६ रोपनीमा एक वर्षे, बहुवर्षे भुई घाँस र डाले घाँस खेती भई अनुदान प्रदान गरिएको ।

छाडा चौपाया सामुदायिक व्यवस्थापन कार्यक्रम

- व्यास १०, शिशुवा भतेरी स्थित गौं संरक्षण केन्द्रमा आवश्यक भौतिक पूर्वाधार विस्तार र अन्य व्यवस्थापन गरिएकोः
  - ट्रष्ट निर्माण,
  - मेगाफेरी जालीले कम्पाउडिङ्ग
  - डुँड निर्माण
  - पानीको ड्रम खरिद आदि ।

  उपलब्धि
  - गौं संरक्षण केन्द्र थप व्यवस्थित भएको,
  - केन्द्रको छाडा पशु राखिने क्षमतामा वृद्धि भएको,
  - ब्लक ब्लकमा पशुलाई छुट्टाएर राख्न मिल्ने,
  - पशु कल्याणको केही आयामहरू सम्बोधन भएको ।

**रेविज रोग विरूद्धको खोप एवं बन्ध्याकरण कार्यक्रम**

**संयुक्त राष्ट्र सङ्घको खाद्य तथा कृषि सङ्गठनको (FAO) आर्थिक सहयोग र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, तनहुँको प्राविधिक सहयोगमा रेविज रोग नियन्त्रणका लागि २ पटक शिविर सञ्चालन गरी जम्मा ३५२ वटा कुकुरहरूमा बन्ध्याकरण एवं रेविज रोग विरुद्धको खोप लगाईएको छ ।**

**कृत्रिम गर्भाधान सेवा विवरण**

| **विवरण** | पशु विवरण | | | **जम्मा** |
|---|---|---|---|---|
| | **गाई** | **भैंसी** | **बाख्रा** | |
| कृ.ग. संख्या | १४११ | ६३६ | १९ | २०६६ |

**पशुपन्छी औषधी उपचार सेवा विवरण**

| Disease | No of animals Treated | | |
|---|---|---|---|
| | Vyas Mun. | Ward | Total |
| Medical Treatment | 15593 | 44716 | 61684 |
| Minor Surgical | - | 2351 | 2351 |
| Gynecological | - | 367 | 367 |
| Major Surgical | - | - | - |
| **Total** | **15593** | **47434** | **63027** |

**समस्या तथा सुझावहरू**

| प्रकार | समस्याहरू | समाधानका उपायहरु/सुझावहरू |
|---|---|---|
| नीतिगत | कृषि एवं पशुपालन क्षेत्रको सम्पूर्ण आयामहरूलाई समेट्ने गरि बार्षिक कार्यक्रम स्विकृत नभएको जस्तै मत्स्य क्षेत्र, कृषि प्रसार आदि | कृषि एवं पशुपालनको सबै क्षेत्र समेटिने बार्षिक कार्यक्रम स्विकृत हुनुपर्ने। |
| नीतिगत | सम्पूर्ण नीतिहरूलाई कार्यन्वयनमा लाउने किसिमका वार्षिक कार्यक्रमहरू नरहेको | नीति अनुसारको कार्यक्रम तर्जुमा गरिनु पर्ने |
| अन्य समस्याहरु | आ.वि समितिबाट प्रस्ताव गरे अनुसारको बार्षिक कार्यक्रम स्विकृत नहुने तथा उपशाखागत वजेट कम रहेको | लक्ष्य तथा वजेट विस्तार गर्नु पर्ने। |
| | सशर्त अनुदान तर्फको कार्यक्रमको कार्यविधि ढिलो प्राप्त हुने र मापदण्ड धैरै हुने हुँदा कार्यक्रम सञ्चालन गर्न कठिनाई | |
| | | वितरणमूखी कार्यक्रमहरूलाई भन्दा उत्पादनमा आधारित प्रविधि प्रसार, ज्ञान वृद्धी सम्बन्धी कार्यक्रमहरूलाई प्राथमिकता दिनुपर्ने। |

## ६. सहकारी तथा साझेदारी विकास उपशाखा

सहकारी संस्थाहरूको संख्यात्मक विवरण

| क्र.स. | सहकारीको प्रकृति | गत आ.ब. को संख्या | २०८०।081 मा दर्ता संख्या | जम्मा सहकारी संस्था |
|---|---|---|---|---|
| १. | दुग्ध उत्पादक स.स.लि. | ८ | ० | ८ |
| २. | कृषि सहकारी संस्था | २९ | १ | ३० |
| ३. | बचत तथा ऋण सहकारी संस्था | ३७ | ० | ३७ |
| ४. | उपभोक्ता सहकारी संस्था | ४ | ० | ४ |
| ५. | बहुउदेश्यीय सहकारी संस्था | ५ | ० | ५ |
| | **जम्मा** | **८४** | **१** | **८५** |

**महिलाहरूले संचालन गरेका सहकारी संस्थाहरू जम्मा ४ वटा**

संस्थाहरूमा आवद्ध सदस्य र कर्मचारी संख्या

| प्रकृति | शे.स.महिला | शे.स.पुरुष | शे.स. जम्मा | कार्यरत कर्मचारी |
|---|---|---|---|---|
| बचत तथा ऋण | १३,६०० | १३,४९४ | २७,१५० | १९४ |
| बहुउदेश्यीय | ३,७२९ | १२० | ३,७६१ | १८ |

| प्रकृति | शे.स.महिला | शे.स.पुरुष | शे.स. जम्मा | कार्यरत कर्मचारी |
|---|---|---|---|---|
| कृषि | २,४९० | २,१४९ | ४,६८१ | १११ |
| दुग्ध उत्पादक | ३२९ | ३४७ | ६६६ | १९ |
| उपभोक्ता | १२० | २५४ | ३७४ | ९ |
| जम्मा | २०,२६८ | १६,३६४ | ३६,६३२ | ३५१ |

- ब्यास नगरपालिकाको कुल जनसंख्या ७८,९३८ मध्ये ३६,६३२ जना कुनै न कुनै सहकारीको सदस्य रहेको ।
- आवद्दता जनसंख्या प्रतिशत ४६.४० प्रतिशत

<u>सम्पादन गरिएका कार्यहरु</u>

- सहकारी संस्थाहरूको वार्षिक लेखा परीक्षण कार्य समयमा सम्पन्न गर्न समय समयमा जानकारी गराइएको ।
- सहकारी संस्थाहरूलाई वार्षिक साधारण सभा पौष मसान्तभित्र सम्पन्न गरी कार्यालयमा प्रतिवेदन पेश गर्न र साधारण सभामा पेश हुनुपर्ने एजेण्डाहरूको बारेमा जानकारी गराइएको ।
- सहकारी संस्थाहरूमा सूचना अधिकारी राख्ने सम्बन्धमा पहल गरिएको र हालसम्म ४५ वटा सहकारी संस्थाहरूले सूचना अधिकारी तोकेको ।
- गाँउ विकास कृषि सहकारी संस्था, व्यास १३ लाई सहकारी ऐन, २०७४ बमोजिम दर्ता गरिएको ।
- व्यास न.पा वडा नं.२ मा सञ्चालित दुई ओटा बचत तथा ऋण सहकारी संस्थाहरुलाई एकीकरणका लागि पूर्व स्वीकृत प्रदान गरिएको ।
- ६२ वटा सहकारी संस्थाहरूले वार्षिक रुपमा प्रतिवेदन पेश गरेका र सो प्रतिवेदन अध्ययन गरी आवश्यक सहकारी संस्थाहरूलाई सुझाव प्रदान ।
- सहकारी संस्थाका लेखा सुपरिवेक्षण समितिका सदस्य, लेखापाल र व्यवस्थापकहरूका लागि ३ दिने लेखा व्यवस्थापन तालिम सञ्चालन भई ३८ ओटा सहकारी संस्थाहरूको सहभागीतामा सम्पन्न गरिएको ।

<u>अनुगमन निरीक्षण गरिएका सहकारीको संख्यात्मक विवरण</u>

- नियमित अनुगमन गरिएका संस्था संख्या जम्माः २२ वटा
    - दुग्ध उत्पादक सहकारी संस्थाः ५
    - वचत तथा ऋण सहकारी संस्थाः १४
    - कृषि सहकारी संस्थाः २
    - वहुउदेश्यीय सहकारी संस्थाः १
- प्रतिवेदनका आधारमा सुझाव प्रदान गरिएका संख्या जम्माः २२
- स्पष्टिकरण सोधिएका सहकारी संस्था जम्माः २

<u>सहकारीको विनियम संशोधन र पुनर्लेखन गरिएका संख्यात्मक विवरण</u>

११ वटा विनियम संसोधन जम्मा ६ वटा पुनर्लेखन गरिएको संख्या जम्मा ५ वटा

<u>वस्तुगत सहयोग गरिएका टोल विकास संस्थाहरूको संख्यात्मक विवरणः</u>

३७ वटा मासिक बचत खाता, ऋण खाता, लेटरप्याड र पासबुक

-आ.व.२०८०।८।१ सम्ममा सहकारी तथा गरिबी सम्बन्धी ब्यवस्थापन सूचना प्रणाली (COPOMIS) सम्बन्धी तालिम प्रदान पश्चात USER ID र PASSWORD प्रदान गरिएका सहकारी संस्थाहरू ६८ वटा

<u>साझेदारी तर्फः</u>

क. जम्मा टोल विकास संस्थाः २५०

ख. कुल ऋण लगानीः- रु.१,०७,००,०००।

ग. ऋण साँवा असुली: रु.७४,१५,७३४।

घ. ब्याज आम्दानीः रु.८,९८,१५८।

ङ. विविध आम्दानी:- रु.१,३०,१६७।

च. उद्‌धमी संख्याः १०७ जना

**<u>केही सुझावहरु</u>**

- सहकारीमा दोहोरो सदस्यताको अन्त्य गर्नु पर्ने ।
- सहकारी कानुन अनुसार संस्था संचालनका लागि सहकारी संचालकलाई आवश्यकता अनुसारका तालिम प्रदान गर्नु पर्ने ।
- संस्थापक शेयर सदस्य र कारोबारी शेयर सदस्य भनी गरिएको विभेदलाई अन्त्य गरिनु पर्ने ।
- अनुगमन नियमन कार्यलाई नियमित संचालन गर्नु पर्ने ।
- सहकारी संस्थाहरुले आन्तरिक नियमन प्रणालीलाई मजवुद मनाउनु पर्ने ।
- लेखा तथा सुपरीवेक्षण समितिको भूमिका बढाउनु पर्ने ।

# उद्योग, पर्यटन, श्रम तथा रोजगार प्रवर्द्धन शाखाको आ.व.२०८०।०८१ को वार्षिक समीक्षा प्रगति प्रतिवेदन

**होमस्टेतर्फ**

- हालसम्म जारी होमस्टे इजजात पत्र : ११
- यस आ.व.मा नयाँ दर्ता भएको संख्या : १
- यस आ.व.मा नवीकरण भएको संख्या : ६
- मानहुँ सौराह सामुदायिक होमस्टेका ३० जना सहभागीहरुको लागि ६ दिने अतिथि सत्कार तथा होमस्टे व्यवस्थापन तालिम प्रदान ।

**घ वर्ग निर्माण व्यवसायी**

- हालसम्म दर्ता भएका घ वर्ग निर्माण व्यवसायी इजजात पत्र : ७०
- यस आ.व.मा दर्ता भएका घ वर्ग निर्माण व्यवसायी इजजात पत्र संख्या : ४
- यस आ.व. मा घ वर्ग निर्माण व्यवसायी इजजात पत्र नवीकरण संख्या : ५४

**उद्योग तर्फ**

- यस आ.व.मा दर्ता भएका स्लेट ढुङ्गा कटिङ्ग उद्योहरुको संख्या : ७
- व्यास नगरपालिका स्थित संचालनमा रहेका उद्योगहरु बाराही क्वारिज व्यास १०, पशुपति क्वारिज व्यास ११, ए.जी. लाइम स्टोन व्यास ११, स्लेट ढुङ्गा उत्खनन् उद्योग व्यास १० र ११, स्लेट ढुङ्गा कटिङ्ग उद्योग व्यास १, ४, १०, ११ र १२, यसै गरी प्लाई तथा काष्ठ उद्योग व्यास ११, औषधी उद्योग व्यास १० लगायत उद्योगहरुको नियमित अनुगमन तथा निरीक्षण गरी तोकिएका मापदण्डहरुको पालना गराई करको दायरामा ल्याउन आवश्यक पहल गरिएको ।

**पर्यटन तर्फ**

- २७ सेप्टेम्वर सन् २०२३ मा सरोकारवालाहरुको उपस्थितिमा विश्व पर्यटन दिवस भव्य रुपमा मनाउने कार्यक्रम सम्पन्न गरिएको ।
- विश्व सम्पदा दिवस एवं चैते दशै मेला व्यास ११ तनहुँसुरमा महामहिम राष्ट्रपतिज्यूको उपस्थितमा सप्ताहव्यापी रुपमा आयोजना गरी सम्पन्न गरियो ।
- ग्रामिण पर्यटन विकाससँग सम्बन्धित विभिन्न होमस्टेहरुको संचालन अवस्था बारे स्थलगत अनुगमन तथा निरीक्षण गरिएको ।

**गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) तर्फ**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत यस आर्थिक वर्षमा वडा नं.४ र वडा नं.५ लाई छनौट गरी कुल ५२ जना नयाँ उद्यमीहरु सृजना गरी प्राविधिक सिप विकास तालिम प्रदान गरियो ।

**नयाँ उद्यमी सिर्जना तर्फ प्राविधिक सिप विकास तालिमको विवरण**

- २ महिने व्युटीपार्लर तालिम सहभागी संख्या : ९ जना
- २ महिने सिलाई बुनाई तालिम सहभागी संख्या : १४ जना

- २ महिने बुटिक सम्बन्धी तालिम सहभागी संख्या : १० जना
- ६ दिने कृषि तथा पशु पालन सम्बन्धी तालिम सहभागी संख्या : १९ जना

**उद्यमीहरुलाई प्रविधि हस्तान्तरण तर्फ**

- पुराना उद्यमीहरुका ४ समूहलाई माग अनुसार विभिन्न प्रकारका प्रविधिहरु हस्तान्तरण गरिएको ।
- १० जना उद्यमीहरुलाई २ महिने बुटिक सम्बन्धी एड्भान्स सीप विकास तालिम संचालन गरिएको ।

**मुख्यमन्त्री नवप्रवर्तनीय साझेदारी कार्यक्रम अन्तर्गत**

- मुख्यमन्त्री नवप्रवर्तनीय साझेदारी कार्यक्रम, कृषि तथा पर्यटन प्रवर्द्धन परियोजना अन्तर्गत व्यास १४ रुम्सी नमूना वस्तीका ७६ जना सहभागीहरुलाई पर्यटन प्रवर्द्धन, सरसफाई तथा मौलिक कला संस्कृति सम्बन्धी १० दिने क्षमता विकास तालिम प्रदान गरियो ।
- सोही कार्यक्रम अन्तर्गत ६० लिटर क्षमताको ३० थान डस्विन, ५०० लिटर क्षमताको ४५ थान पोलिथिन टंकी, २० मिटर लम्बाईको २५४ रोल नरम पाइप, २८ किसिमका विभिन्न मगर मौलिक भेषभूषाहरु र २७ प्रकारका मगर मौलिक साँस्कृतिक वाद्यय बादन तथा संग्राहलय सामग्रीहरु प्रदान गरियो ।
- मुख्यमन्त्री नवप्रवर्तनीय साझेदारी कार्यक्रम, कृषि तथा पर्यटन प्रवर्द्धन परियोजना अन्तर्गत रुम्सी नमूना वस्तीका ६६ जना सहभागीहरुका लागि १० दिने मौरी पालन सम्बन्धी तालिम प्रदान गरी १३२ घार सेरेना जातका गोला मौरी सहितको घार र सोको लागी आवश्यक सामग्रीहरु सामेत वितरण गरियो ।
- मुख्यमन्त्री नवप्रवर्तनीय साझेदारी कार्यक्रम, कृषि तथा पर्यटन प्रवर्द्धन परियोजना अन्तर्गत कृषि प्रवर्द्धनका लागि स्थानीय रैथाने वाली संरक्षण, सुन्तला तथा कागती र कुरिलो खेती सम्बन्धी कुल ७८ जना सहभागीहरुको लागि ९ दिने क्षमता विकास तालिम प्रदान गरी जम्मा २,५०० थान सुन्तला बिरुवा, जम्मा १,५०० थान कागती बिरुवा र जम्मा ४०० ग्राम कुरिलोको बिउ वितरण गरियो ।
- मुख्यमन्त्री नवप्रवर्तनीय साझेदारी कार्यक्रम, कृषि तथा पर्यटन प्रवर्द्धन परियोजना अन्तर्गत रुम्सी नमूना गाउँ पर्यटन प्रवर्द्धन सम्बन्धी ब्रान्डिङ्ग, प्याकेजिङ्ग, रेडियो जिङ्गल, डकुमेन्ट्री, होडिङ्ग वोर्ड, ब्रोसर, बुकलेट, पम्पप्लेट लगायतका प्रचार प्रसार सामग्रीहरु निर्माण गरी हस्तान्तरण गरियो ।
- मुख्यमन्त्री नवप्रवर्तनीय साझेदारी कार्यक्रम, कृषि तथा पर्यटन प्रवर्द्धन परियोजना अन्तर्गत नमूना गाउँ रुम्सीका भित्री गल्लीहरुमा स्टोन ट्रेल निर्माण कार्य सम्पन्न गरियो ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस आर्थिक वर्षमा वडा नं.५ का ८ जना, वडा नं.११ का १५ जनालाई, वडा नं.१३ का १६ जना र वडा नं.१४ का १३ जनालाई गरी जम्मा ५२ जनालाई स्वरोजगार प्रदान गरियो ।
- श्रम स्वीकृति अन्तर्गत जम्मा १६१ जनालाई वैदेशिक श्रम स्वीकृति प्रदान गरियो ।

**सुरक्षित आप्रवासन(सामी) तर्फ**

१. स्थानीय सरकारका पहलहरु :

-मनोसामाजिक तथा मानसिक स्वास्थ्य नीति २०८० निर्माण ।

-वित्तीय साक्षरता रणनीति २०८१ निर्माण ।

२. सूचना तथा परामर्श सेवा प्रदान :

-जिल्लाको आप्रवासी श्रोत केन्द्रबाट सुचना प्रदान : ९,०७९ पुरुष र ४,५३० महिला गरी जम्मा १३,६०९ जना ।

-व्यास नगरपालिकाको आप्रवासी श्रोत केन्द्रबाट सूचना प्रदान : १,८०१ पुरुष र १,०२९ महिला गरी जम्मा २८३० जना ।

-रिट्रनी स्वयंसेवक मार्फत सूचना प्रदान : २,०२० पुरुष र १,५५१ महिला गरी जम्मा ३,५७१ जना ।

-४ वटा सामुदायिक अभिमुखीकरण मार्फत सूचना प्रदानः १५३ पुरुष र ७९ महिला गरी जम्मा २३२ जना ।

-२ वटा गहन अभिमुखीकरण मार्फत सूचना प्रदान : २३ पुरुष र १२ महिला गरी जम्मा ३५ जना ।

३. सीप तालिममा सिफारिस तथा सहभागी : खानाबास सहित १ महिनाको निशुल्क सीप तालिममा सिफारिस गरेको संख्या : १६ महिला, पुरुष २६ जना जम्मा ४२ जना ।

४. निशुल्क कानुनी सहायताको लागि सहजीकरण :

-वैदेशिक रोजगारी सम्बन्धी प्राप्त जम्मा ९५ वटा मध्ये सहजीकरण भई ७९ केशहरु समाधान भएको र बाँकी १६ वटा केशहरु प्रक्रियामा रहेका छन् ।

-प्राप्त केशहरुको सहजीकरणबाट जम्मा रु.१ करोड २१ लाख ३६ हजार रकम आर्थिक सहायता प्राप्त गरेको ।

| केशका प्रकृति | प्राप्त केश संख्या | समाधान भएका केश संख्या | आर्थिक सहायता रू. | कैफियत |
|---|---|---|---|---|
| मृत्यु | ३ | ३ | ४५११०००। | |
| ठगी | ३९ | ३३ | ५०७००००। | |
| उद्दार | ९ | ७ | ० | |
| स्वास्थ्य समस्या र घाइते | २१ | १७ | २२९००००। | |
| वैदेशिक रोजगार विभाग ठगीका केश | ३ | १ | २५००००। | |
| अन्य | २० | १८ | १५००० | |
| जम्मा | ९५ | ७९ | १२१३६०००। | १६ केश प्रकृयामा रहेको |

५. वित्तीय साक्षरता कक्षा सञ्चालन : व्यास ३, ४ र ६ वडाहरु

समूह संख्या : ४ सहभागी संख्या : १०६ महिला

५.१ कक्षा सञ्चालन पश्चात् भएका मुख्य उपलब्धिहरु :

-२० जनाले वित्तीय योजना बनाएको, ८५ जनाले आम्दानी खर्च लिखित रुपमा राख्ने गरेको, ७३ जनाले नियमित बचतमा बृद्धि गर्ने गरेका छन् ।

-२६ जनाले आयआर्जन शुरुवात गरेका, १५ जनाले व्यवसाय वृद्धि गरेका, ७ जनाले वित्तीय संस्थाबाट व्यवसाय गर्न ऋण लिएका छन् ।

-९० जनाले कागजात मगाएका छन् ।

-८४ जनाले फजुल खर्च घटाएका ।

६. मनोसामाजिक परामर्श सेवा प्रदान :

-व्यक्तिगत रुपमा सेवा प्रदान गरिएका जम्मा सेवाग्राही संख्या : २३ महिला र २ पुरुष गरी जम्मा २५ जना,

-सफल भएका केश संख्या : २५ जना,

-समूह मनोपरामर्श अन्तर्गत १०६ जनालाई वित्तीय साक्षरता कक्षामा सेवा प्रदान गरिएको ।

७. अन्य

- आप्रवासी स्रोत केन्द्र र जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि, स्थानीय तहको प्रतिनिधि र कार्यक्रम कर्मचारीसँगको समन्वय बैठक,
- सामी कार्यक्रमको कार्यान्वयनको लागि स्थानीय सरकारको पदाधिकारीसँग समन्वय बैठक,
- स्थानीय सरकार कार्यक्रम व्यवस्थापन समितिको बैठक,
- रोजगार सेवा केन्द्रसँगको सहकार्य,
- स्थानीय आप्रावसी कामदारहरुको संजाल सदस्यहरूको बैठक पैरवी तथा क्षमता अभिवृद्धि कार्यक्रम,
- अन्तराष्ट्रिय आप्रवासन दिवस कार्यक्रम,
- सुरक्षित वैदेशिक रोजगारका विभिन्न सवालहरुमा रेडियो जिगंल प्रशारण,
- वैदेशिक रोजगारीमा जान चाहने सम्भावित कामदारहरुलाई गहन अभिमुखीकरण कार्यक्रम,
- समुदाय अभिमुखीकरण कार्यक्रम,
- सरोकारवालाहरुसँगको अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम (प्रहरी/पत्रकार/स्थानीय जनप्रतिनिधि/स्थानीय तहको विषयगत शाखा जस्तै स्वास्थ्य शाखाका सदस्यहरु/स्थानीय तहमा मनोसामाजिक विषयको दिगोपन/समुदायका अगुवाहरुलाई आप्रावसनको असर तथा प्रभाव, कामदारलाई सामाजिक बहिस्करण र प्रभाव न्यूनीकरण),
- जिल्ला भित्र सामी कार्यक्रमको अर्धवार्षिक तथा वार्षिक समीक्षा गोष्ठी,
- वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षाका सहभागीहरुको सरोकारवालासँग समन्वय,
- वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षाका परिवारका सदस्यहरुलाई अभिमुखीकरण,
- सरोकारवाला निकायहरुसँग निरन्तर सम्पर्क र समन्वय गरिएको,
- जिल्ला बाहिरका विभिन्न केसहरु समेत सहजीकरण गरिएको ।

# वन वातावरण तथा सरसफाई शाखाको आ.व.२०८०।०८१ को वार्षिक समीक्षा प्रगति प्रतिवेदन

**(क) सरसफाई सम्बन्धी क्रियाकलापहरु :**

| सि.नं. | कार्यक्रम | संख्या | जना | कैफियत |
|---|---|---|---|---|
| १ | शुरुआती कार्यशाला (start-up Workshop) | १ | ४० | कार्ययोजना (५ महिनाको अवधिमा गरिने क्रियाकलापहरु) प्रस्तुतीकरण |
| २ | वडास्तरीय अभिमुखीकरण कार्यक्रम | ८ | ४०६ | वडा नं.१, २, ३, ४, ५ र १० |
| ३ | सरसफाई केन्द्र स्थापनाको लागि स्थानीय सरोकारवालाहरुसँग छलफल | ७ | २५८ | वडा नं.१३ |
| ४ | वडा नं.१, २, ३, ४, ५ का टोल विकास संस्थाका पदाधिकारीहरु र सबै स्थानीयहरुसँग श्रोतमा फोहोर वर्गीकरण सम्बन्धी छलफल | ६४ | २८६७ | श्रोतमा फोहोर वर्गीकरण गर्ने, सङ्कलन गर्ने र साधनमा दिने तरीका |
| ५ | सरसफाई कर्मचारीहरुलाई तालिम | | २७ | फोहोर लिने तरीका, साधनमा राख्ने (संकलन) तरीका, ढुवानी गर्ने तरीका |
| ६ | नगर प्रहरीहरुलाई सरसफाई (अनुगमन) सम्बन्धी तालिम | १ | २० | समुदायको अवस्था अनुगमन र सरसफाईका साधनको आउने-जाने समयको रेकर्ड राख्ने |
| ७ | सामुदायिक विद्यालयका प्र.अ.हरुसँग विद्यालय र समुदायमा सरसफाई व्यवस्थापन सम्बन्धी छलफल | १ | ४४ | श्रोतमा फोहोर वर्गीकरण, सङ्कलन र साधनमा दिने तरिका |
| ८ | संस्थागत विद्यालयका प्र.अ. तथा राजनैतिक दलका प्रतिनिधिहरुसँग विद्यालय र समुदायमा सरसफाई व्यवस्थापन सम्बन्धी छलफल | १ | २२ | श्रोतमा फोहोर वर्गीकरण गर्ने, सङ्कलन गर्ने र साधनमा दिने तरिका विद्यालयमा सरसफाई व्यवस्थापन गर्ने तरिका |
| ९ | लिफलेट छपाई, वितरण र माइकिङ्ग | | | श्रोतमा फोहोर वर्गीकरण गर्ने, सङ्कलन गर्ने र साधनमा दिने तरिका सम्बन्धी |
| १० | लुना जि.पि.एस. जडान गरी साधनहरुको प्रत्यक्ष अनुगमन | | | साधनहरुको सञ्चालन अवस्था अनुगमन |
| ११ | वर्गीकृत फोहोर सङ्कलन र रुट निर्धारण सम्बन्धी छलफल वडास्तरीय (१, २, ३, ४, ५) | ५ | १४६ | वर्गीकृत रुपमा फोहोर सङ्कलन गर्ने योजना कार्यान्वयनका लागि |
| १२ | रुट निर्धारण र फोहोर सङ्कलनका लागि साधन परिचालन | | | रुट प्लान यसै साथ संलग्न छ |
| १३ | वर्गीकृत रुपमा कुहिने नकहिने फोहोर अलग अलग सङ्कलन र सहजीकरण | | | घर घरमै पुगेर फोहोर वर्गीकरणको अवस्था अवलोकन, कमी कमजोरी सुधार्ने तरीका सिकाउने |
| १४ | यातायात व्यवसायीहरुसँग छलफल | १ | १५ | यातायातका साधनहरुमा डस्टबिन राख्ने र जथाभावी फोहोर नफाल्ने वातावरण बनाउन आवश्यक कार्य गर्ने । |
| १५ | सामुदायिक र संस्थागत विद्यालयहरुमा शिक्षक शिक्षिकाहरुसँग सरसफाई व्यवस्थापन सम्बन्धी छलफल | १० | ३०१ | विद्यालय र समुदायमा सरसफाई व्यवस्थापन गर्ने तरिका सम्बन्धी छलफल |
| १६ | सामुदायिक विद्यालयहरुका शिक्षक अभिभावक संघका अध्यक्ष तथा वि.व्या.स. अध्यक्षहरुसँग सरसफाई व्यवस्थापन सम्बन्धी छलफल | १ | ९९ | विद्यालय र समुदायमा सरसफाई व्यवस्थापन गर्ने तरीका सम्बन्धी छलफल |

| सि.नं. | कार्यक्रम | संख्या | जना | कैफियत |
|---|---|---|---|---|
| १७ | आवधिक/वार्षिक प्रगति प्रतिवेदन प्रस्तुतीकरण | २ | | कार्यपालिका सदस्य तथा शाखा प्रमुखहरुसँग सरसफाई व्यवस्थापन कार्यक्रमको प्रगतिको वारेमा जानकारी तथा छलफल |

**(ख) वन सम्बन्धी क्रियाकलापहरु :**

१. यस व्यास नगरपालिका वन वातावरण समितिबाट वडा स्थरीय वन सम्बन्धी कार्यक्रम व्यास १ देखि व्यास १४ वडासम्म सामुदायिक वन समिति वडा जनप्रर्तिनिधिमूलक वडा सतरीय कार्यक्रम सम्पन्न ।

२. वडा स्थरीय वन समूह सूचीकृत/अभिलेखीकरण कार्यक्रम सञ्चालन ।

**(ग) वातावरण सम्बन्धी क्रियाकलापहरु (नगर स्तरीय प्लाष्टिक झोला निषेध) :**

१. यस नगरपालिका भित्र रहेका प्लाष्टिक व्यापारी, नगर प्रमुख, कार्यसमिति, उद्योग वाणिज्य संघका अध्यक्ष दमौली बजार इकाई सभापति लगायतका व्यक्तिको मिति २०८०/११/२४ गते बसेको संयक्त बैठकबाट मिति २०८१/०२/०१ गतेबाट "प्लाष्टिक झोला निषेध व्यास नगर अभियान" कार्यक्रम सफल पार्नको लागी सहयोग गर्ने निर्णय गरियो ।

२. सोही अभियान सफल पार्नका लागी यस नगरपालिकाको वडा नं.१ देखि वडा नं.१४ सम्मका टोल विकास संस्थाका अध्यक्ष, वडा स्तरीय राजनैतिक दल, वडा जनप्रतिनिधि, विद्ययालयका प्र.अ., आमा समूहका अध्यक्ष, क्लबका अध्यक्ष, समाजसेवी, बुद्धिजिवी लगायतका व्यक्तिहरुसँग जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम गरी सम्पूर्ण वडामा प्लाष्टिक झोला निषेध अभियान सफल पार्नका लागी अनुरोधमूलक कार्यक्रम सम्पन्न गरियो ।

३. पटक पटक कार्यसमिति तथा सरोकारवालाहरुसँग संयुक्त बैठक सम्पन्न गरियो ।

४. मिति २०८१/०१/३० गते पत्रकार सम्मेलन गरी प्लाष्टिक झोला निषेध अभियानको जानकारी एवं सो कार्यक्रम सफल पार्नको लागी आ-आफ्नो स्थानबाट सहयोग गर्ने निर्णय गरियो ।

५. सोही कार्यक्रमको बारेमा मिति २०८१/०२/०१ गते व्यास नगरपालिका कार्यालयबाट व्यानर सहित मौन जुलुस बजार परिकमा गरियो ।

६. वडा कार्यालयमा जनचेतनामूलक व्यानर राखियो ।

७. गाडीमा जिङ्गल बजाएर नगर भित्र जनचेतनामूलक संदेश दिइयो ।

८. सो सम्पूर्ण कार्यकमभा सहभागीहरुलाई नमूना झोला वितरण गरियो ।

९. निषेधित प्लाष्टिक झोलाको प्रयोग भए नभएको बारेमा पटक पटक अनुगमन गरियो । निषेधित नीतिको पालाना नगर्ने व्यापारीहरुको प्लाष्टिक झोला जफत गरियो ।

१०. सोही निषेधित झोला पुनः प्रयोगमा गरे नगरेको अनुगमन उपप्रमुख, सम्बन्धित समिति, नगर प्रहरी शाखाका कर्मचारी, कार्यपालिकाका सदस्यज्यूहरुबाट पटक पटक अनुगमन गरियो ।

११. बजारको फुटपाथ व्यवस्थापनका लागी निस्चित ठाउँको व्यवस्था गरियो ।

१२. व्यापारीहरुले पेटी च्यापी सामान राख्ने गरेकोमा रेखा लगाई नियन्त्रण गरियो ।

१३. सोही अभियानलाई पुनर्ताजगी बनाउनको लागी शहरी वडाहरुको टोल टोलमा पुनः कार्यक्रम लिएर जाने पहल गरिएको छ ।

# बैरेनी जग्गा एकीकरण आयोजनाको आ.व.२०८०।०८१ को वार्षिक समीक्षा प्रगति प्रतिवेदन

**आयोजनाको भौतिक प्रगति :**

१. आयोजनाको प्रारम्भिक चरणमा जग्गा सम्याउने तथा रिटेनिङ्गवाल निर्माण कार्य सम्पन्न गरियो ।

२. आयोजना क्षेत्रको विद्युत प्रसारण लाइन तथा पोल हटाउने र नयाँ पोल निर्माण कार्य विद्युत प्राधिकरण र नगरपालिकाको लागत सझेदारीमा सम्पन्न गर्ने गरी उक्त कार्यको लागत अनुमान सहित प्रस्तावना तयार गरी विद्युत प्राधिकरण, तनहुँसँग आवश्यक समन्वयका लागि अनुरोध गर्दै पत्रचार गरिएको । विद्युत प्राधिकरण तनहुँ वितरण केन्द्रका प्रमुख तथा इन्जिनियरसँग आयोजनाको साइट अवलोकन गरियो ।

३. जग्गाधनीहरुले गर्नु पर्ने योगदानका लागि विस्तृत योगदान तालिका (Long Sheet) तथा रि-प्लटिङ नक्सा तयार गर्ने कार्य पटक पटक रुजु गर्ने, पुनः सच्याउने, विभिन्न विकल्पहरू तयार गर्ने, योगदान नीति तथा प्रतिशत सोही अनुरुप अध्यावधिक गर्ने कार्य गरियो ।

४. २०८०/०४/२६ र ३१ गतेको उपभोक्ता समितिको बैठकमा आयोजनाको जग्गा योगदान तथा फिर्ता दिने नीति, जग्गा योगदान तालिका तथा चक्लाबन्दी नक्शाको मस्यौदा पेश गरी उपभोक्ता समिति तथा जग्गाधनीको प्रतिक्रिया, राय, सल्लाह, सुझाव बमोजिम पारित गरियो र मिति २०८०/०४/३२ गतेको आयोजना व्यवस्थापन उप-समितिको बैठकमा पेश गरी स्वीकृत गराइयो ।

५. मिति २०८०/०५/१३ गते Long Sheet तथा Replotting नक्शा सार्वजनिक गरी सम्बन्धित जग्गाधनी तथा मोहीहरुको राय, प्रतिक्रिया, सल्लाह सुझाव सङ्कलनका लागि राष्ट्रिय पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरियो ।

६. आयोजनको आगामी दिनका सम्पूर्ण निर्माण सम्बन्धी खरिद प्रक्रियाका लागि PPMO (सार्वजनिक खरिद अनुगमन कार्यालय) सँग समन्वय गरी आयोजनाको आफ्नै e–Bidding Portal दर्ता प्रक्रिया सम्पन्न भएको ।

७. आयोजनाको सडक संजालको ले-आउट गरी किल्ला निर्माण गर्ने कार्य सम्पन्न भएको ।

८. दोस्रो चरणको निर्माण कार्य (सडक, ढल तथा अन्य संरचना निर्माण, ठेक्का नं.VYASMUN/BLLP/NCB/W/०१/०८०।८१) को टेन्डर प्रक्रिया पुरा भई श्री HRB–Shivadev JV, Dhulikhel-०४, Kavre ले कबोल गरेको मु.अ.कर समेत रु.८,६४,७९,२३७९२ मा मिति २०८०/१२/२५ गते नगरपालिका तथा उक्त फर्म बीच निर्माण कार्य सम्पन्न गर्नका लागि सम्झौता भई कार्यादेश प्रदान गरियो ।

९. निर्माण कार्य संचालन गर्नका लागि आवश्यक अस्थायी संरचनाको निर्माण कार्य सम्पन्न भएको तथा निर्माण सामग्रीहरूहरुको व्यवस्थापन भैरहेको ।

१०. Pre–cast Item (Kerb stone, cover slab) निर्माणका लागि आवश्वयक संरचनाहरु निर्माण तथा तयारी गर्ने कार्य जारी रहेको ।

**आयोजनाको आर्थिक प्रगति :**

| आ.व. | विववरण | निर्माण व्यवसायी | खुद प्रगति (भुक्तानी भएको) (रु.) | नगर विकास कोषद्वारा प्रवाह ऋण (रु.) (७०%) | न.पा.को दायित्व (रु.) (३०%) |
|---|---|---|---|---|---|
| ०७९।८० | पहिलो चरणको निर्माण कार्य | श्री Bipu and Bishwash Construction, Jorpati Kathmandu | ७२३८८५६.६७ | ५०६७१९९.६६ | २१७१६५७.०१ |
| ०८०।८१ | अन्तिम चरणको निर्माण कार्य | श्री HRB-Shivadev JV, Dhulikhel-04, Kavre. | १५०४९४३४.०० | १०५३४६०३.८० | ४५१४८३०.२० |
| | | **जम्मा आर्थिक प्रगति** | **२२२८८२९०.६७** | **१५६०१८०३.४७** | **६६८६४८७.२०** |
| | | **कुल आयोजना लागत** | **१३००७००००.००** | **३०३२९९५४.००** | **१२९९८५५१.७२** |
| | | **बाँकी लागत** | **१०७७८१७०९.३३** | **१४७२८१५०.५४** | **६३१२०६४.५२** |

***